# अध्याय - एक

## १.शोधपत्रको परिचय

### १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **नेपाली सहायक क्रिया** रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

यस शोधपत्रको प्रयोजन मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षको दशौंपत्रको आवश्यकता पूरा गर्नु रहेको छ ।

### १.३ समस्याकथन

नेपालमा धेरै किसिमका भाषाहरू बोलिन्छन् । यसमध्ये नेपाली भाषा पनि एक हो र यसलाई सरकारी कामकाजको लागि पनि प्रयोग गरिन्छ । नेपालमा नेपाली भाषालाई ४६.६% (राष्ट्रिय जनगणना : २०५८) वक्ताले मातृभाषाको रूपमा बोल्दछन् । आफनो सहज सरलताले गर्दा यो भाषा सबै किसिमका नेपालीका लागि माध्यमभाषा बन्दै राष्ट्रभाषाको रूपमा प्रतिष्ठित हुनआएको छ । यो भाषा नेपालभित्र मात्र नभई भारतका विभिन्न प्रान्त (दार्जिलिङ्ग सिक्किम, आसाम देहरादुन उत्तरप्रदेश आदि) मा र वर्मा सिङ्गापुर, भुटान, श्रीलङ्का, वंगलादेश आदि राष्ट्रहरूमा पनि बोलिन्छ । कुनै पनि भाषाको अध्ययन गर्न त्यसका विविध पक्षको अध्ययन गरिनुपर्छ । यसमा व्याकरण, कोश, इतिहास आदि पर्दछन् । नेपाली भाषाको अध्ययनमा जे.ए. एटनदेखि हालसम्म व्याकरण, कोश इतिहास आदि पक्षको अध्ययन हुँदै आएको छ । व्याकरणले भाषालाई एउटा नियमभित्र राखेको हुन्छ । यसैको आधारमा भाषा सिक्ने, सिकाउने काम गरिन्छ । भाषाको व्याकरणमा पनि विभिन्न पक्षहरू रहेका हुन्छन । तिनीहरूको व्याकरणमा आ-आफ्नो भूमिका रहेको हुन्छ । व्याकरणमा वर्ण, पद, पदावली, उपवाक्य, वाक्यको अध्ययन गरिन्छ । यसमा क्रियापदावलीअन्तर्गत क्रिया आउाने गर्दछ । यी क्रियाहरू विभिन्न आधारमा वर्गीकृत हुन्छन । संरचनाको आधारमा क्रियाहरू अनेक प्रकारका हुन्छन् । मिलित र संयुक्त क्रिया संरचनाका आधारमा विभाजित क्रिया हुन् । यी क्रियाहरू मुख्य क्रिया र सहायक क्रियाको मेलबाट बन्दछन् । यिनै क्रियाहरूको संरचक सहायक क्रियाको

अध्ययन गर्नु यस शोधपत्रको मूल समस्या रहेको छ । शोधकार्यलाई अगाडि बढाउन मूल समस्यासँग सम्बन्धित समस्याहरू यसप्रकार रहेका छन् :-

१. नेपाली सहायक क्रियाका सम्बन्धमा हालसम्म के -कस्ता अध्ययन भएका छन् ?

२. मुख्य क्रियाको अर्थ विशिष्ट पार्ने क्रियार्थद्योतक स.क्रि. हरू कुन-कुन हुन् ?

३. क्रियार्थद्योतकका कार्य र प्रकार के-के हुन् ?

४.व्याकरणिक कोटिसँग सम्बन्धित कोटिसहायक क्रियाहरू कुन-कुन हुन् ?

५.कोटिसहायक क्रियाका कार्य र प्रकार के के हुन् ?

## १.४ शोधकार्यका उद्देश्यहरू

यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. नेपाली सहायक क्रियाका सम्बन्धमा हालसम्म भएका अध्ययनको खोजी गर्ने ।

२. नेपाली क्रियार्थद्योतकहरू निर्धारण गर्ने ।

३. क्रियार्थद्योतकका कार्य र प्रकारको अध्ययन गर्ने ।

४. कोटिसहायक क्रियाहरू निर्धारण गर्ने ।

५. कोटिसहायक क्रियाका कार्य र प्रकारको अध्ययन गर्ने ।

## १.५ पूर्वकार्यको स्थिति

नेपाली व्याकरण लेखन परम्परामा प्रारम्भिक कालदेखि नै स. क्रि. को चर्चा गरिएको पाइन्छ । प्रारम्भिक व्याकरण लेखनको समयमा कालसङ्केतकलाई मात्र स. क्रि. का रूपमा हेरिएको देखिन्छ भने कालान्तरमा संयुक्त र मिलित क्रियाको संरचकको रूपमा अध्ययन गरिएको पाइन्छ । रूपान्तरणमा व्याकरण अनुसार भएको अध्ययनमा भने स.क्रि.क्रियापदको रचनामा अनिवार्य अङ्गको रूपमा लिइएको पाइन्छ । यस खालको अध्ययनमा रूपायक कोटिलाई स.क्रि. भनिएको कारणले त्यसो गरिएको हो ।

नेपाली स.क्रि.लाई सर्वप्रथम अनुसन्धानात्मक ढंगबाट अध्ययन गर्ने काम डा. तारानाथ शर्मा (सन् १९८०) को **दि एकज्युलरी इन नेपाली** शीर्षकको विद्यावारिधी उपाधि प्राप्तार्थ प्रस्तुत गरिएको शोधपत्रमा भएको छ ।

नेपाली भाषाको सबैभन्दा पहिलो व्याकरण जे.ए. एटनको **अ ग्रामर अफ द नेप्लिज ल्याङ्ग्वेज** (सन् १८२०) हो । यसप्रकारले विदेशी विद्वानका कलमबाट शुरु भएको नेपाली व्याकरण लेखन परम्परामा दोस्रो व्याकरण पनि विदेशी व्याकरणकार टर्नबुलको **नेपाली ग्रामर एण्ड इंगलिस नेपाली, नेपाली इङ्गलिस भोकाबुलरी** (सन् १८८७) हो । यी व्याकरणहरूमा नेपाली स.क्रि.लाई कालसङ्केतकका रूपमा हेरिएको छ। पण्डित हेमराज शर्माको **चन्द्रिका गोरखाभाषा व्याकरण** (वि.सं.१९६९) मा पहिलो पटक स.क्रि. लाई संयुक्त क्रियाको अङ्गको रूपमा अध्ययन गरिएको पाइन्छ । उनले नेपाली स.क्रि. को स्थान, बनोट, कार्य र प्रकारका वारेमा अध्ययन गरेका छन् । स. क्रि.को सम्बन्धमा अध्ययन भएका अन्य उल्लेखनीय व्याकरणिक कृतिहरूमा सोमनाथ सिग्द्यालको **मध्यचन्द्रिका** (वि.सं.१९७५), चुडामणी बन्धुको **नेपाली भाषाको उत्पत्ति** (२०२५), रोहिणीप्रसाद भट्टराइको **बृहद नेपाली व्याकरण** (२०३३) मोहनराज शर्माको **शब्दरचना र वर्णविन्यास** (२०३६), डा. हेमाङ्गराज अधिकारीको **समसामयिक नेपाली व्याकरण** (२०४९), महादेव अवस्थी र ऋषिराम शर्माको **नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति** (२०५३) डा. माधवप्रसाद पोखरेलको **नेपाली वाक्य व्याकरण** (२०५४), डा. बलराम अर्यालको **रूप व्याकरण** (२०६३), पर्दछन् भने शोधग्रन्थहरूमा डा. तारानाथ शर्माको **दि एकज्युलरी इन नेपाली** (सन् १९८०), डा. देवीप्रसाद गौतमको **नेपालीमा पदावली व्यवस्था** (वि.सं.२०५३) र उपेन्द्र सुवेदीको **नेपाली प्रेरणार्थक क्रियाको अध्ययन** (२०६३) तथा लेखरचनाहरूमा डा. देवीप्रसाद गौतमको **नेपाली क्रियासहायकको अर्न्तव्यवस्था** र **नेपाली मिलित क्रिया** रहेका छन् । उल्लिखित व्याकरण, शोधग्रन्थ र लेखहरूको चर्चा अध्ययनपरम्पराअन्तर्गत दोस्रो परिच्छेदमा गरिएको छ ।

नेपाली स. क्रि. को उपरोक्त अध्ययनका अतिरिक्त प्राय: हरेक व्याकरणहरूमा सामान्य अध्ययन भएको पाइन्छ । त्यस्ता व्याकरणका स. क्रि.को अध्ययनमा माथि चर्चा गरिएका व्याकरणिक कृति, शोधग्रन्थ र लेखहरू स्रोतका रूपमा रहेका छन् । ती व्याकरणिक ग्रन्थहरूले पनि स.क्रि.को धारणालाई प्रचार गर्न सहयोग गरेको कुरालाई भने बिर्सन सकिदैंन । त्यसैले यहाँ त्यस्ता व्याकरणिक कृतिहरूलाई कालक्रमिक रूपमा उल्लेख गरिएको छ ।

त्यस्ता केही व्याकरणहरूमा पारसमणि प्रधान र टीकाराम प्रधानको **प्रवेशिका नेपाली व्याकरण र रचना** (सन् १९६२), पारसमणि  प्रधान र नगेन्द्र प्रधानको **नेपाली व्याकरण**

**भारती** (सन् १९६३), पारसमणि प्रधानको **नेपाली व्याकरण** (सन् १९७०), गोपालनिधि तिवारीको **नेपाली भाषाको बनोट** (वि. सं.२०३०), शिक्षापदाधिकारीहरूको **माध्यमिक नेपाली व्याकरण र रचना** (सन् १९८५), डिल्लीराम शर्मा अर्यालको **धातु परिचय** (वि.सं. २०४७), दीन पन्थीको **नेपाली व्याकरण** (२०४८), हर्षनाथ शर्माको **अनिवार्य नेपाली रचना** (२०४९), बलदेव अधिकारीको **ललित व्याकरण** (२०४९), यादवप्रसाद लामिछाने र बेगेन्द्र सुब्बाको. **नेपाली व्याकरण रचना** (२०५०), कृष्णप्रसाद न्यौपानेको **व्याकरण कुसुम** (२०५१), पर्शुराम आचार्यको **क्याम्पस स्तरको व्याकरण** (२०५१), पञ्चप्रसाद शर्माको **अनिवार्य नेपालीको पाठ्यपुस्तक** (२०५५), सुन्दरसान खड्काको **प्रायोगिक नेपाली व्याकरण** (२०५५), हेमनाथ पौडेल र नेत्रप्रसाद पौडेलको **नेपाली व्याकरण र समीक्षा** ( २०५७), कमल ज्ञवाली र छायादत्त न्यौपानेको **माध्यमिक नेपाली व्याकरण वाटिका बोध तथा अभिव्यक्ति** (२०५८), रामप्रसाद ज्ञवाली र गणेशप्रसाद भट्टराईको **अनिवार्य नेपाली** ( २०५८), कृष्णहरि बराल र नेत्र एटमको **नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास** (२०५८), एम.के गौतम र शर्माको **अनिवार्य नेपाली सहायक** (२०५८), ईश्वरकुमार श्रेष्ठको **नेपाली व्याकरणका केही पक्षहरूको सरलीकृत चर्चा** (२०५९), बासुदेव गौतम र अन्यको **अनिवार्य नेपाली** (२०५९), बद्रीकुमार कार्कीको **नेपाली निष्कर्ष व्याकरण** (२०६०), बासुदेव गौतम र गणेशराज अधिकारीको **माध्यमिक नेपली व्याकरण र रचना** (२०६०), कृष्णप्रसाद पराजुलीको **राम्रो रचना मीठो नेपाली** (२०६१), भगवानचन्द्र उपाध्यायको **अनिवार्य नेपाली** (२०६१), डा. रामचन्द्र लम्सालको **नेपाली भाषा र व्याकरण** (२०६२), हेमनाथ गौडेलको **अनिवार्य नेपली** (२०६२), डा. रामप्रसाद भट्टराई र अन्यको **प्रयोगात्मक नेपली व्याकरण** (२०६३), केदारप्रसाद दाहालको **नेपाली अभ्यासात्मक व्याकरण र रचना** (२०६३), केदारप्रसाद शर्मा र अन्यको **साधारण नेपली** (२०६३), डा. रामचन्द्र लम्साल र अन्यको **साधारण नेपाली** (२०६४), शैलेन्द्र प्रकाश नेपाली र अन्यको **प्रयोगमूलक अनिवार्य नेपाली** (२०६४), अम्बिकादेवी घिमिरे र रामकुमार राईको **अनिवार्य नेपाली** (२०६५), आदि रहेका छन् ।

## १.६ शोधकार्यको औचित्य

भाषाको अध्ययनमा हाल विभिन्न पक्षमा वैज्ञानिक ढङ्गले अध्ययन भइरहेको छ । यसबाट भाषा तथा व्याकरणलाई समृद्ध बनाउने काम भएको छ । नेपाली भाषाको व्याकरणका केही पक्षमा विस्तृत अध्ययन थालिएको छ तर धेरै पक्षमा अध्ययन हुन बाँकी नै छ ।

पठनपाठनका क्रममा पनि परम्परागत व्याकरणलाई नै अँगालिएको पाइन्छ । आधुनिक पद्धतिलाई प्रयोग गर्न पनि सामग्रीको अभाव रहेको छ । यसै परिप्रेक्ष्यमा आधुनिक भाषाबैज्ञानिक पद्धतिअनुसार व्याकरणको एक पक्ष स.क्रि. लाई लिएर गर्न थालिएको यस अध्ययनबाट स.क्रि. को संख्या प्रकार र कार्यका सम्वन्धमा नयाँ तथ्यहरू आउने भएकोले यो शोधकार्य औचित्यपूर्ण देखिन्छ ।

### १.७ शोधकार्यको सीमांकन

यस शोधकार्यका लागि नेपाली तथा अन्य भाषाका स.क्रि. का सम्वन्धमा चिन्तन गरिएका पुस्तक तथा लेखरचनाहरू सामग्री सीमा र नेपाली व्याकरणको स.क्रि. लाई रूपान्तरण, उत्पादक व्याकरणअनुसार पनि अध्ययन गर्न सकिने हुँदाहुँदै संरचनात्मक विधि अनुरूप मिलित वा संयुक्त क्रियाको संरचकका रूपमा मात्र अध्यययन गरिएको छ ।

### १.८ शोधविधि

यस शोधकार्यमा मूलतः पुस्तकालयीय विधि अपनाइएको छ । पुस्तकालयमा प्राप्त हुने पुस्तकको अध्ययनका साथै विद्वजनहरूबाट प्राप्त जानकारीहरू पनि समावेश गरिएको छ । सङ्कलित सामाग्रीको अध्ययनका क्रममा ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

### १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसम्बद्ध र सुसङ्गठित पार्नका लागि निम्न अध्यायहरूमा विभाजित गरिएको छ :-

१. अध्याय एक : शोधपत्रको परिचय

२. अध्याय दुई : अध्ययनको परम्परा

३. अध्याय तीन : क्रियार्थद्योतकको परिचय, कार्य र प्रकार

४. अध्याय चार : कोटिसहायक क्रियाको परिचय, कार्य र प्रकार

५. अध्याय पाँच : सांराश र निष्कर्ष

उपर्युक्त अध्यायहरूलाई सम्बन्धित विषयवस्तुअनुसार आवश्यक शीर्षक उपशीर्षकमा पनि विभाजन गरिएको छ ।

# अध्याय - दुई

## २. अध्ययन परम्परा

### पृष्ठभूमि

नेपाली व्याकरणको अध्ययन गर्ने परम्परामा सर्वप्रथम आमाडुजी (सन् १७८१) को नाम आउँछ (सुवेदी, २०६३ :४) उनीपछि नेपाली व्याकरणको अध्ययन गर्ने कार्य जे.ए. एटन ( सन् १८२०) बाट सुरु भएको पाइन्छ । नेपाली स.क्रि. को अध्ययन प्रासङ्गिक रूपमा एटनबाट नै सुरु हुन्छ । यसरी सुरु भएको स.क्रि. को अध्ययनमा परम्परागत तथा भाषावैज्ञानिक दुवै पद्धतिको प्रयोग गरिएको पाइन्छ । यहाँ पुस्तक, शोधग्रन्थ तथा पत्रपत्रिकामा रहेका लेखहरूमा स.क्रि.को अध्ययनमा हालसम्म भएका मुख्य कार्यहरूको कालक्रमिक रूपमा अध्ययन गरिन्छ ।

### २.१ परम्परागत अध्ययन (पुस्तक)

### २.१.१ ए ग्रामर अफ द नेप्लिज ल्याङ्ग्वेज (सन् १८२०)

जे. ए. एटनबाट आपनो पुस्तक **ए ग्रामर अफ द नेप्लिज ल्याङ्ग्वेज** (सन १८२०) मा स.क्रि.को सम्बन्धमा छुट्टै अध्ययन गरिएको पाइदैन । वाक्य अन्तर्गत कालको चर्चा गर्ने क्रममा स.क्रि.को प्रसङ्ग आएको छ । उनले वर्तमान (Present) र (Imperfect Definite Tense) सहायक क्रिया **हुनु** जोडिएर बन्ने बताएका छन् । (पृ.४८) यसलाई बुझाउन उनले दिएका उदाहरणहरू तल प्रस्तुत गरिएका छन् :

*क. I am doing मँहेरदाछुँ ।*

*ख. I was saying मँभन्दैथियाँ* (पृ.४८)

प्रस्तुत उदाहरणहरूबाट त्यति बेलाको भाषा अहिलेको जस्तो विकसित नदेखिए पनि स.क्रि. भने स्पष्ट छुट्टिएको पाइन्छ । यसबाट वर्तमानमा **छ** Imperfect Definite मा **थि** रूप रहने बुझिन्छ । एटनले प्रस्तुत गरेको १ ख को उदाहरणले **छ** को भूत **थि** हुने बुझाउन खोजेको देखिन्छ ।

यिनले यस व्याकरणिक पुस्तकमा स.क्रि. लाई परिभाषा गरी उदाहरण दिएका छैनन् । कालको प्रसङ्गमा  आएकाले स.क्रि. को सम्बन्धमा यस व्याकरणको अध्ययनमा देखिएका

दुर्वल पक्ष खोज्नु पनि उपयुक्त हुँदैन । भाषिक सामग्री नै नभएको अवस्थामा स.क्रि.को प्रासङ्गिक चर्चा हुनुलाई उपलब्धीपूर्ण नै मान्नुपर्छ ।

### २.१.२ चन्द्रिका : गोरखा भाषा व्याकरण (वि.सं. १९६९)

पण्डित हेमराज शर्माको **चन्द्रिका : गोरखा भाषा व्याकरण** (१९६९) परम्परागत रूपमा लेखिएको व्याकरण हो । यसका विभिन्न संस्करणहरू पाइन्छन् । यी संस्करणहरूमध्येको वि.सं. २०४२ को संस्करण पनि एक हो । यसमा यिनले स.क्रि.लाई संयुक्त क्रियाको संरचकका रूपमा अध्ययन गरेका छन् । यस क्रममा स.क्रि.को स्थान, बनोट, कार्य र प्रकारको सम्बन्धमा चर्चा गरिएको छ। उनले स.क्रि.लाई चिनाउने क्रममा भनेका छन :

*क्रियासंयुक्त क्रियामा अनेक क्रिया भई धातुसाधितबाट बुझिने क्रिया मुख्य हुने, क्रियापदबाट बुझिने क्रियाले मुख्य क्रियालाई पूर्ण गराउन मद्दत दिने हुनाले धातुसाधितबाट बुझिने अघिल्लो क्रियालाई मुख्य क्रिया, क्रियापदबाट बुझिने पछिल्लो क्रियालाई सहायक क्रिया भन्छन् ।*

*जस्तै : जानुहुन्छ, जानेथियो, भन्दथ्यो, गरेछ, गरिहाल्यो, गर्न पायो, इत्यादिमा धातुसाधितबाट बुझिएका जानु, भन्नु गर्नु इत्यादि अघिल्ला क्रिया मुख्य क्रिया हुन् । क्रियापदबाट बुझिएका हुनु हाल्नु , पाउनु इत्यादि पछिल्ला क्रिया सहायक क्रिया हुन् ( पृ.२८६ र २८७) ।*

एटन (सन् १८२०) मा स.क्रि.लाई चिनाउनेभन्दा भिन्न तरिका यसमा अपनाएको छ । स.क्रि. लाई क्रियासंयुक्त क्रियाको संरचकका रूपमा हेरिएको छ ।

क्रियासंयुक्त क्रियामा रूप परिवर्तनको प्रक्रिया र स.क्रि.ले पार्ने प्रभावको सम्बन्धमा उनी भन्छनः *क्रियासंयुक्त क्रियामा मुख्य क्रिया बुझाउने भए पनि धातुसाधित सधैं एकैनास रहने हुनाले सहायक क्रियापदैमा अर्थका अनुसारले वाच्य काल, पुरुष आदिका प्रायः सबै रूपा चल्छन् , कहीँ कहीँ ती दुई जोडिदा शब्दको स्वरूप पनि केही फरक पर्ने कहीँ कहीँ अर्थ फरक हुने, कहीँ कहीँ सबै थरी रूप नचल्ने इत्यादि विशेष हुन्छन्* (पृ.२८७ ) ।

यिनले संयुक्त क्रियाका प्रकारअन्तर्गत नामसंयुक्त विशेषणसंयुक्त र अव्ययसंयुक्तको चर्चा गर्ने क्रममा आउाने सहायक क्रियाले ल्याउने अर्थगत विभिन्नता अनुसार यिनीहरूको

नामाकरण गरेको देखिन्छ । उनले प्रस्तुत गरेका त्यस्ता स.क्रि. हरूलाई तलको तालिकामा देखाइएको छ ।

| क्रियासंयुक्त क्रियाको मु.क्रि. | स.क्रि | स.क्रि.को प्रकार | उदाहरणहरू |
|---|---|---|---|
| **नु** प्रत्ययान्त(नाम) | पर्नु<br><br><br>हुनु | परतन्त्रताबोधक<br>(आवश्यकता<br>योग्यता संभव)<br>मानवोधक | तिमीले यो काम गर्नुपर्छ ।<br>पुराण पण्डितले बाँच्नुपर्छ ।<br>भोलि मैले जानुपर्ला ।<br>जानुभयो, जानुहुनेछ |
| **ने, एको,तो, दो ,तै, दै** प्रत्ययान्त (विशेषण) | हुनु | अवस्थाभेदवोधक<br>(सामान्य<br>क्रियाबोधक) | म हुन्थेँ > हुने थिएँ ।<br>म आउथेँ >आउँदथेँ आउाने थिएँ ।<br>मैले गरेछु >गरेको छु ।<br>म जानेहुँ, गर्दै हुँ, गर्दो हुँ<br>गर्दी हुँ, गएहुँ, गइहुँ |
| **तै, दै** प्रत्ययान्त (विशेषण) **ने** | जानु<br>हिड्नु<br>गर्नु<br>रहनु<br>ल्याउ<br>गर्नु | सातत्यबोधक | तिमी भन्दै जाऊ।<br>तिमी भन्दै हिँड ।<br>म जाँदै गर्छु ।<br>त्यो लेख्तै रहोस् ।<br>तिनीहरू लेख्तै ल्याउछन् ।<br>तिमी त्यहाँ जाने गर । |
| **इ** प्रत्ययान्त अव्यय | सक्नु<br>सिध्याउनु<br>रहनु | समाप्तिबोधक<br>समाप्तिबोधक<br>नित्यताबोधक | गरिसक्छ , भनिसक्छ<br>लेखिसिध्याउँछ<br>काम गरिरहन्छ । |

| | | | |
|---|---|---|---|
| | हेर्नु | परीक्षाबोधक | म काम गरिहेर्छु |
| | हाल्नु | निश्चयवोधक | चिठी लेखिहाल्यो |
| | छाड्नु | निश्चयवोधक | काम गरिछाड्छु |
| | छोड्नु | निश्चयवोधक | काव्य पढिछोड्यो |
| | बक्सनु | अतिमानबोधक | सरकारबाट यो काम गरिबक्सियो । |
| | दिनु | परार्थताबोधक | म भनिदिन्छु |
| | राख्नु | स्थितिबोधक | लेखिराख्छ |
| **न** प्रत्ययान्त अव्यय | पाउनु | अवकाशबोधक | कलम दिनपायो । |
| | दिनु | अनुमतिबोधक | म जानदिन्छु । |

तालिका नं.१ पण्डित (२०४२)मा स.क्रि.

उल्लिखितस.क्रि.का अतिरिक्त **इ** प्रत्ययान्त मु.क्रि. पश्चात आउने उठ्नु, पठाउनु र **न** प्रत्यायन्त मु.क्रि. पश्चात आउने हुनु, पुग्नु जस्ता स.क्रि.को पनि चर्चा गरेका छन् । यिनीहरूले अर्थगत विशिष्टता कायम गर्ने कुरा उल्लेख गरिएका छन् तर नामाकरण गरिएको छैन । **न** प्रत्ययान्त मु.क्रि. पश्चात सक्नु, थाल्नु, चाहनु, आँट्नु , लाउनु, पठाउनु जस्ता शब्दहरू प्रयोग हुनसक्ने तर अर्थगत विशिष्टता कायम नहुने भएकोले स.क्रि. होइन भनेका छन् (पृ.२८६-३११) ।

यिनले क्रियासंयुक्त क्रियामा आउने सहायक क्रियाले पार्ने प्रभावको सम्बन्धमा चर्चा गर्ने क्रममा कारक, रूपायन र स्वरूपको अध्ययन पनि गरेका छन् । उनी भन्छन:

*__पर्नु__ क्रियामा __नु__ प्रत्ययान्त नाम जोड्दा सो नाम __पर्नु__ क्रियाको कर्ता जस्तो भई जोडिने हुनाले सो __नु__ प्रत्ययान्त क्रियाको कर्तामा अकर्मकमा __ले__ विकल्प सकर्मकमा __ले__ नित्य कर्ममा द्वितीया हुन्छ , जस्तै*

*२. क. तपाऊ्री (ले) जानुपऱ्यो ।*

*ख. तैले भात खानुपर्छ । (पृ. २८७-२८८)*

*__हुनु__ क्रियामा __नु__ प्रत्ययान्त नाम जोड्दा सो __नु__ प्रत्ययान्त क्रिया मुख्य भई बुझिने हुनाले त्यसैको बमोजिम सकर्मक अकर्मक भई सामान्य नियम बमोजिमै कारक हुन्छन्: जस्तै*

*३. क. गुरुले पाठ पढाउनुभयो ।*

*ख. बाबा (ले) मलाई किताब दिनुहुन्छ। (पृ. २८९)*

यसरी कारक रचना (विभक्ति ले को प्रयोग) मा प्रभाव पार्ने स.क्रि. को रूपमा **नु** प्रत्ययान्त नाम पश्चात आउने पर्नु क्रियालाई लिंदै अन्य स.क्रि. हरूलाई सामान्य नियम (सम्पन्न भूत, सकर्मक, पूर्ण पक्ष, अज्ञात पक्षको वाक्यको कर्तामा ले लाग्ने र अन्यमा नलाग्ने नियम) बमोजिम कारक रचनामा सहभागी हुने क्रियाको रूपमा हेरेका छन् ।

वाच्यान्तरण प्रक्रियाको सम्बन्धमा उनले गरेको अध्ययनअनुसार **नु** प्रत्ययान्त नाम पश्चात आउने स.क्रि.हरू अपरिवर्तक अर्थात सबै काल अर्थमा जस्तोसुकै कर्ता कर्म भएपनि पुलिङ्गी तृतीयपुरुष एकवचनको रूपा मात्र प्रयोग हुन्छ (पृ.२८९) । जस्तै :

४. *क. हामीले काम गरिनुपर्छ । (पृ. २८९)*

*ख. तपाईहरू देखिनुहुन्छ । (पृ. २९१)*

**इ** र **न** प्रत्ययान्त स.क्रि.भने वाच्यान्तरणमा सहभागी हुने कुरालाई बताएका छन्: जस्तैः-

५. *क. त्यो काम त्यसले गरिसक्यो ।*

*ख. त्यो काम त्यसले गरिसकियो । (पृ.३०३)*

उदाहरण ५ क को कतृवाच्यलाई ५ ख मा कर्मवाच्यमा परिवर्तन गर्दा स.क्रि. सक्मा इ कर्म भाववाच्यको संकेतक लागेको छ । यद्यपि यिनले **यसबाट** हुनपर्नेमा परिवर्तित वाच्यको कर्ताका रूपमा **त्यसले** नै राखेका छन् ।

*६. क. तिनलाई गर्न दिइन्छ ।*

*ख. मैले खुआउनपाइयो । (पृ.३०५)*

उदाहरण ६ क र ख मा स.क्रि. वाच्यान्तरित भएका छन् ।

**दै** र **ने** प्रत्यायन्त विशेषण पश्चात आउने स.क्रि. वाच्यान्तरण हुने कुरा तल उदाहरणमा प्रस्तुत गरिन्छ । यस खालको स.क्रि.लाई यिनले उदाहरणमा देखाएका छैनन् ।

७.  क. रामबाट पुस्तक पढ्दै गरिन्छ ।

ख. रामबाट पुस्तक पढ्ने गरिन्छ ।

अकरण प्रक्रियाको सम्बन्धमा **नु** प्रत्ययान्त नाम र **ने, एको, तो, दो तै, दै** प्रत्ययान्त विशेषणपश्चात आउाने हुनु स. क्रि. तथा **इ** र **न** प्रत्ययान्त अव्ययपश्चात आउाने स.क्रि.हरूको चर्चा पाइन्छ । जस्तै :

मानवोधकसंयुक्त सकर्मक स्वतन्त्र कर्तृवाच्य

गर्नु **हुनु** क्रियाका रूपः-

| सबै लिङ्ग वचन | करण | अकरण |
|---|---|---|
| द्वि.पु | | |
| तपाञी (हरू-ले) | गर्नुहुन्छ | गर्नुहुन्न गर्नुहुँदैन |
| हजुर (हरू-ले) | गर्नुभयो | गर्नुभएन |
| तृ.पु. | | |
| याहां(हरू-ले) | गर्नुहुनेछ | गर्नुहुनेछैन |
| वहां (हरू-ले) | गर्नुहोओस् | नगर्नुहोओस्, गर्नुनहोओस |
| बाबु(हरू-ले)इ। | गर्नुहोला | नगर्नुहोला, गर्नुनहोला गर्नुहोओइन |

तालिका नं. २  पण्डित (२०४२) मा मानबोधक स.क्रि.को अकरण

अवस्थाभेदवोधक स.क्रि. मा अकरण प्रक्रियाको सम्बन्धमा उनको कथन छ, *यो **हुनु** क्रियासंयुक्त क्रिया पदमा अकरण अर्थ बुझाउँदा **ने, तो, दो** प्रत्ययको विकार भएमा सर्वत्र सो विशेषणको मूलधातुको वर्तमान अकरण तृतीयपुरुष एकवचनी रूपमा प्रयोग भई विकार भएको भूतकालिका समान्य क्रियाबोधक **थे** इत्यादिको प्रयोग हुन्छ  **एको** प्रत्ययको विकार भएमा भूत वर्तमान दुवैमा ती संयुक्त भएका दुई क्रियाका पदको वीचमा **न** को प्रयोग हुन्छ । अरु प्रत्ययको विकार नहुने ठाउँमा प्रायः क्रियापदकै अकरण रूपको प्रयोग हुन्छ ।  जस्तै :*

*८.  क. म हुँन्नथें/हुँदैनथें = हुने थिइनँ*

*ख. मैले गरिनछु = गरेकी छैन ।*

*ग. तँ आउन्नथिस् । आउँदैनथिस् = आउदो थिइनस् (पृ.२९४)*

*इ न प्रत्ययान्त संयुक्त क्रियामा अकरण क्रिया बुझाउँदा अघिल्लो अथवा पछिल्लो क्रियामा अकरणको प्रयोग हुन्छ, तर सहायक क्रिया अकरण भएको ज्यादा प्रसिद्ध हुन्छ । जस्तै :*

*९. क. त्यसले गरिसकेन*

*ख. पुग्न गएन । (पृ.३०६)*

स्वरूपमा मात्र परिवर्तन ल्याउने स.क्रि. को सम्बन्धमा उनको कथन छ ***ने, तो , दो*** *प्रत्ययान्त विशेषणमा* **छ** *इत्यादि वर्तमान कालिक* ***थिए*** *इत्यादि भूतकालिक दुवै सामान्य क्रियावोधक क्रियापदको प्रयोग गरेमा ती प्रत्ययको* ***न, त, द, ए*** *इत्यादिको लोप विकार पनि गर्न हुने हुनाले सो लोप वा विकार गरेमा पक्षमा* ***थिएँ, थियौँ, थिइस्, थियौ, थियो, थिए, थिइन्*** *यी क्रियापदको बदला क्रमैसँग* ***थैं, थ्यौं, थिस्, थ्यो, थ्यौ, थि, थे, थिन्,*** *जस्ता स्वरूप हुन्छन । दुवैको विकार संगै हुने हुनाले प्रत्ययक विकार नगरेमा क्रियापदको पनि विकार हुादैन ।*

*जस्तै :*

*१० क. म हुन्थैं = हुने थिएँ हुँदो थिएँ ।*

*ख. म आउँथे /आउँदथे = आउाने थिएँ, आउँदो थिएँ, आउँदी थिएँ ।*

*ग. म लेख्थैं/ लेख्तथैं = लेख्ने थिएँ, लेख्तो थिएँ, आउँदी थिएँ ।*

*घ. मैले गरेछु = गरेको छु ।*

*ङ.म गएथैं = गएको थिएँ । (पृ.२९२ र २९३)*

**न्, न्द, त** अभ्यस्त सङ्केतक, **ए** अज्ञात सङ्केतक तथा **एको** पूर्ण पक्षसङ्केतक रूप भएकाले उनले प्रस्तुत गरेका माथि प्रस्तुत उदाहरणहरूमा चिन्हद्वारा सङ्केतित वाक्यका बीचमा समता पाइन्न ।

**ने, तो, दो, एको, तै दै** हुनु क्रियाका रूपहरू **हुँ, हौं** र **हो** सँग पनि हुनसक्ने र अवस्थाभेद बुझाउने कुरा उल्लेख गरको छन् । जस्तै :

*११.* *क. म जाने हुँ ।*

*ख. म गर्दी हुँ ।*

*ग. म गर्दो हुँ ।*

*घ. म गएहुँ ।*

*ङ म गइहुँ ।*

*च. म गर्दै हुँ । (पृ.२९५)*

उपर्युक्त उदाहरणहरूमा गर्दैहुँ, गएहुँ, गइहुँ जस्ता व्यवहारमा अप्रयुक्त रूपहरू पनि परेका छन् । अर्कोतिर गर्दो हुँ जस्तो रूपले अवस्थालाई नबुझाएर भाव/ अर्थ अन्तर्गत संभावनालाई बुझाउन सक्ने देखिन्छ ।

उनले संयुक्त क्रियामा एकभन्दा बढी स.क्रि. हुन सक्ने संभावनालाई पनि देखाएका छन् । जस्तै :

*१२.* *क. तपाऊीले यो काम गर्न दिनु पर्छ ।*

*ख. तपाऊीले पुस्तक पठाइदिनुभएछ ।*

*ग.वाहाँले काम गरिदिइहाल्नुभएछ । (पृ.२९५)*

*संयुक्त क्रियामा एउटा मु.क्रि. र ६ वटा स.क्रि. समेत आउनसक्छ । (अधिकारी २०६२: ५:१८६)*

*१३. उहाँले गीतको रेकर्ड गरिदिरहनुभएको हुनसक्छ ।*

यस प्रकार नेपाली स.क्रि.को परिचय, कार्य र प्रकारका सम्बन्धमा यिनले अध्ययन गरेको देखिन्छ । परम्परित व्याकरण भए पनि संरचनात्मक पद्धतिको ढाँचामा स.क्रि. को अध्ययन भएको छ ।

उनले स.क्रि. का रूपमा आउनसक्ने क्रियाका रूपमा पर्नु  हुनु, जानु, हिड्नु, गर्नु, रहनु, ल्याउनु, सक्नु, सिध्याउनु, हेर्नु, हाल्नु, छोड्नु, छाड्नु, बक्सनु, दिनु, राख्नु, पाउनु, उठ्नु, पठाउनु र पुग्नु गरी २० वटा क्रियाहरू प्रस्तुत गरेका छन् । अनुसन्धानकालमा यो सङख्या बढ्ने देखिन्छ । त्यस्तै उनले स्वरूप र कार्यका आधारमा गरेका प्रकार विभाजनलाई अझ सूक्ष्म रूपमा अध्ययन गर्न सकिन्छ । क्रियारूपायनमा सहभागी हुने र

नहुने स्थितिलाई राम्ररी देखाएका छैनन् । यसको अध्ययन क्रियार्थद्योतकको कार्य अन्तर्गत यस शोधग्रन्थमा चर्चा गरिएको छ ।

### २.१.३ मध्यचन्द्रिका (वि.सं.१९७६)

सोमनाथ सिग्द्यालको **मध्यचिन्द्रका (१९७६)** परम्परागत व्याकरणहरूमा दोस्रो महत्वपूर्ण व्याकरण हो । यस व्याकरणका विभिन्न संस्करणहरू पाइन्छन् । वि.स.. २०४६ को संस्करणमा भएको स.क्रि. को अध्ययनलाई यहाँ प्रस्तुत  गरिएको छ । यसमा उनले स.क्रि. लाई संयुक्त र मिलित क्रियाका संरचकको रूपमा अध्ययन गरेका छन् । स.क्रि. को परिचय दिने क्रममा उनले भनेका छन् :- *संयुक्त क्रियामा मुख्य क्रियालाई मद्दत दिन जोडिएका हुनु आदि क्रियालाई सहायक क्रिया (Auxiliary Verb) भन्दछन । जस्तै :*

*मुख्य +  सहायक = संयुक्त*

*गर्दो + थियो  = गर्दो थियो, गर्दथ्यो, गर्थ्यो ।*

*भनेको +  छु = भनेको छु , भनेछु ।*

*गऱ्यो  +  हो  = गऱ्यो हो ।* (पृ.८०)

तालिका नं.३ संयुक्त क्रियामा आउाने स.क्रि.

यिनले पण्डित हेमराज शर्माको **चन्द्रिका** (२०४२) मा स्वरूपमा ल्याउने स.क्रि. को रूपमा चर्चा गरेको **हुनु** क्रियाका रूपहरूको चर्चा पनि गरेका छन् । उनी भन्छन, *विकार भएका **तो, दो, ने एको,** प्रत्ययान्त सँग जोडिंदा **थिए**  आदि भूतका सहायक क्रियाका यस्ता छोटकरी रूप हुन्छन् ।*

*पूरा - थिएँ, थियौँ, थिइस् थियौ, थियो, थिए, थिई थिइन ।*

*छोटा- थे, थ्यौँ, थिस्, थ्यौ, थ्यो, थे, थी, थिन् ।*

*जस्तैः-*

*बस्तो वा बस्ने + थिएँ = बस्तथें ।*

*बसेको + छु = बसेछु ।*

*गर्दो वा गर्ने + थियो = गर्दथ्यो, गर्थ्यो ।*

*गरेको + छस् = गरिछस् ।*

*आउदो वा आउने + थिए = आएथे ।*

*आएका + थिए = आएथे ।*

*देखेको + थिइस = देखिथिस् ।*

*जादी वा जाने + थिइन = जान्थिन ।* (पृ. ८७)

तालिका नं. ४ सिग्द्याल (२०४६) मा हुनु स.क्रि.का छोटकरी रूप

उनले प्रस्तुत गरेका उल्लिखिततालिकामा **तो/दो = ने, त, द,=¤, ए, न् र एको/एका = ए** प्रत्ययलाई मानेका छन् । कार्यगत आधारमा हेर्दा तिनीहरूको बीचमा समता देखिदैन । **तो/दो** अपूर्ण ने निश्चित **न, त, द** र **¤** अभ्यस्त **ए** अज्ञात तथा **एको/एका** पूर्ण पक्षको सङकेतक भएकोले असमान हुने देखिन्छ ।

संयुक्त क्रियामा हुनु क्रियाले काल रचनामा सहयोग गर्ने कुरा उल्लेख गरेका छन् ( पृ.१२०) । कुन कालमा प्रत्यक्ष सहभागी हुने तथा कुनमा सहयोगी नहुने कुरा प्रष्ट छैन । त्यस्तै क्रिया रूपायनमा लिंग, वचन, पुरुष र आदरअनुसार स.क्रि. रूपायित हुने कुरा देखाए पनि अकरणका रूपहरू प्रस्तुत गरेका छैनन् ।

उनले मिलित क्रियामा आउने स.क्रि. का रूपमा बक्सनु, पर्नु, जानु, गर्नु, हिड्नु, रहनु, सक्नु, हाल्नु, दिनु, राख्नु छोड्नु, लाउनु, हेर्नु आउँनु, उठ्नु चाहनु, पाउनु र पठाउनु गरी १८ वटा स.क्रि. लाई प्रस्तुत गरेका छन् । यद्यपि स.क्रि.ले दिने अर्थका आधारमा भने निम्नानुसारका तालिकामा प्रस्तुत स.क्रि.को मात्र चर्चा गरेका छनः-

| अर्थ | स्वरूप | मिलित क्रियापद |
|---|---|---|
| मानवोधक | नु- हुनु, ई-बक्सनु | गर्नुहुन्छ, गरिबक्स्यो |
| आवश्यक्ताबोधक | नु-पर्नु | गर्नुपर्छ, दिनुपऱ्यो |
| सातत्यताबोधक | तै, दै-जानु, गर्नु, हिड्नु | लेख्दै जाऊ, हिड्दै गर, भन्दै हिड |
| | तै,दै, ई-रहनु | पाक्तै रहोस्, गरिरहें |
| | ने-गर्नु | जाने गर्नु |
| समाप्तिबोधक | ई - सक्नु | गरिसक्छु, लेखिसक्यो |
| शीघ्रताबोधक | ई - हाल्नु | गरिहाल्छु, खाइहाल्यो |
| परार्थताबोधक | ई - दिनु | भनिदिन्छु, भन्दिन्छु |
| स्थितिबोधक | ई - राख्नु | लेखिराख, खोजिराख |
| हठबोधक | ई - छोड्नु | गरिछाड्छ, लेखिछोड्यो |
| प्रेरणाबोधक | ई - लाउनु | गर्नलाउाछ, भन्नलायो |
| निश्चयबोधक | तै, दै - अकरण | गर्दै गर्दैन, खाादै खाएन |

(पृ.१२१ र १२२) तालिका नं. ५  सिग्द्याल (२०४६) मा मिलित क्रियामा आउाने स.क्रि

यसरी यिनले चन्द्रिकामा अवस्थाभेदबोधक क्रियासंयुक्त क्रियाका रूपमा प्रस्तुत गरेका स.क्रि.लाई संयुक्त क्रियाको संरचक र अन्यलाई मिलित क्रियाको संरचकका रूपमा प्रस्तुत गरेका छन् । चन्द्रिकामा प्रस्तुत **पुग्नु** र **ल्याउ** स.क्रि. लाई उल्लेख गरेका छैनन् नित्यताबोधक अन्तर्गत पण्डित (२०४२) ले प्रस्तुत गरेका **रहनु**लाई सातत्यबोधक अतिमानबोधकलाई मानबोधक, निश्चयबोधक **हाल्नु**लाई शीघ्रताबोधक, **छाड्नु**लाई हठबोधक अन्तर्गत प्रस्तुत गरेका छन् । स.क्रि.को संयोजनबाट द्वित्वभन्दा पनि समस्त शब्द बन्ने भएकोले उनले निश्चयबोधक अन्तर्गत प्रस्तुत गरेका अकरण रूपलाई भने स.क्रि. मान्न सकिंदैन ।

स.क्रि.को प्रयोगावस्थामा रूपायनको स्थितिलाई चर्चा गर्ने क्रममा उनको कथन छः *मिलित क्रियाका पनि सबै काल अर्थहरूमा लिंग, वचन, पुरुषहरूका भेदले प्रायः सबैथरी*

*रूप हुन्छन् । तर मानबोधक र आवश्यक्ताबोधकमा सबै रूप नभई यस्ता विशेष हुन्छन् ।*

*हुनु - जोडेको मानबोधक र पर्नु जोडेको आवश्यक्ताबोधकमा सबै काल अर्थमा तृतीयपुरुष नपुसकलिंग एकवचनमा मात्र हुन्छन् । जस्तैः*

*१४ क. बाबा जानुहुन्छ ।*

*ख.आमाले दिनुहुन्छ ।*

*ग. मैले जानुपर्छ ।*

*२. **बक्सनु**-जोडेको मानबोधकमा सबै काल अर्थमा प्रथमपुरुष **बक्सिनु** क्रियाका बहुवचनहरूका रूप मात्र, द्वितीय, तृतीय दुवै पुरुषका दुवै वचनमा **बक्सिनु** क्रियाका तृतीयपुरुष एकवचनका रूप मात्र प्रयुक्त हुन्छन् । जस्तैः-*

*१५. क. हामीबाट गरिबक्सन्छौँ । (प्रथम पुरुष)*

*ख. हजुरहरू गरिबक्सन्छ । (द्वितीय पुरुष)*

*ग. यहाँहरू गरिबक्सन्छ । (तृतीय पुरुष)*

मिलित क्रियामा वाच्यान्तरण प्रक्रियाको सम्बन्धमा उनी भन्छन्ः- ***इ, न** प्रत्ययान्त कृदन्त जुन वाच्य, सकर्मक-अकर्मक जस्तो छ मिलित क्रिया पनि उस्तै कहलाउँछ **पर्नु, हुनु,** क्रिया भने सबै वाच्यमा कतृवाच्यकै रहन्छ । **बक्सनु** क्रियाचाहि कर्मवाच्यमा कर्मवाच्यकै रहन्छ । जस्तैः-*

*१६. क. गुरु देखिनुभयो ।*

*ख. हजुर देखिइबक्सन्छ ।* (पृ.१२३)

यसप्रकार यिनले स.क्रि.को प्रकारलाई संयुक्त क्रियामा आउाने र मिलित क्रियामा आउाने गरी मूलतः दुई प्रकारमा विभाजन गर्दै तिनीहरूले मु.क्रि. लाई पुऱ्याउने सहयोगको वारेमा अध्ययन गरेका छन् । उनले उल्लेख गरेभन्दा थप प्रत्यय र स.क्रि.लाई खोज्न सकिने संभावना एकातिर छ भने अर्कोतिर प्रकार विभाजनमा अझै सूक्ष्म अध्ययन गर्न सकिन्छ । यिनले स.क्रि. का कार्यहरूलाई सामान्य रूपमा मात्र अध्ययन गरेका छन् । यसलाई विशेष रूपमा गर्न सकिन्छ । यिनले मिलित क्रियामा आउाने भनेका

स.क्रि.हरूलाई क्रियार्थद्योतक र संयुक्त क्रियामा आउाने भनेका स.क्रि. लाई कोटिसहायक क्रियाका रूपमा अध्ययन गर्न  सकिन्छ । यस शोधकार्यमा त्यसै अनुरूप अध्ययन गरिएको छ ।

### २.१.४ नेपाली बृहद व्याकरण (वि.सं.२०३३)

**नेपाली बृहद व्याकरण** (२०३३) रोहिणीप्रसाद भट्टराईको परम्परित व्याकरण हो। यसमा नेपाली स.क्रि.को सम्बन्धमा थप अध्ययन भएको पाइन्छ । हेमराज शर्मा र यिनको स.क्रि.को अध्ययनमा निकै समानता पाइन्छ । यिनले पण्डित (२०४२) मा प्रस्तुत सबै धारणलाई स्वीकार्ने र केही नवीन धारणा प्रस्तुत गर्ने काम गरेका छन् । यहाँ प. हेमराज शर्माले दिएको स.क्रि.को  परिभाषा र यिनको धारणालाई पेश गर्दा उक्त कुरा अझ प्रष्ट हुने आशयले उक्त धारणाहरू पेश गरिएका छन् ।

पण्डित हेमराज शर्माले "चन्द्रिका" (१९६९) मा भनेका छन् : *क्रियासंयुक्त क्रियामा अनेक क्रिया भई धातुसाधितबाट बुझिने क्रिया मुख्य हुने, क्रियापदबाट बुझिने क्रियाले सो मुख्य क्रियालाई पूर्ण गराउन मद्दत दिने हुनाले धातुसाधितबाट बुझिने अघिल्लो क्रिया-लाई मुख्य क्रिया, क्रियापदबाट बुझिने पछिल्लो क्रियालाई सहायक क्रिया भन्छन् ।*

*जस्तै : जानुहुन्छ, जानेथियो, भन्दथ्यो, गरेछ, गरिहाल्यो, गर्नगयो इत्यादिमा जानु , भन्नु, गर्नु इत्यादि अघिल्लो क्रिया मुख्य क्रिया हुन्: क्रियापदबाट बुझिएका हुनु, हाल्नु, पाउनु इत्यादि पछिल्ला क्रिया सहायक क्रिया हुन्* (पृ. २८६ र २८७) ।

रोहिणीप्रसाद भट्टराईले **बृहद नेपाली व्याकरण** (२०३३) मा भनेका छन्: *क्रियासंयुक्त क्रिया अनेक क्रिया मिली बन्ने हुनाले अगिल्लो क्रियालाई पूर्ण गराउन सहायक हुन्छन, तसर्थ अगिल्लो क्रियालाई मुख्य क्रिया पछिल्लो क्रियालाई सहायक क्रिया भन्दछन् । जस्तैः - भन्नुहुन्छ, भन्नेथिए, गर्दथ्यो, भन्दैछ, सकिहाल्यो, खानपायो  आदिमा अगिल्लो धातुसाधितबाट बुझिएको भन्नु, गर्नु, सक्नु आदि क्रिया मुख्य हुन् र हुनु , हाल्नु पाउनु आदि पछिल्ला क्रिया सहायक हुन*  (पृ.२७३ र २७४) ।

माथि प्रस्तुत दुई परिभाषा र उदाहरणहरूमा तात्विक भिन्नता पाइन्न । रोहिणीप्रसाद भट्टराईबाट भाषिक परिष्कार गर्ने र उदाहरणमा मु.क्रि. फरक पार्ने बाहेक नयाँ काम भएको देखिन्न । दुवैको आशय सहायक क्रिया क्रियासंयुक्त क्रियामा मु.क्रि.लाई सहयोग गर्ने क्रिया नै हुन् ।

नवीन धारणाका रूपमा उनले **पर्नु** र **हुनु** स.क्रि. को विशेष प्रयोग र **ने** प्रत्ययान्त क्रियाका साथ अस्त्यर्थक **हु** धातुका वर्तमान कालिक रूप **छ, छन्**, आदि संयुक्त भएमा निश्चित सामान्य भविष्यत क्रिया बुझाउने कुरालाई प्रस्तुत गरेका छन् । उनका अनुसार **पर्नु** सहायक क्रियाको भूतकालिक प्रयोगबाट पनि प्रायः वर्तमानकालकै आवश्यक बुझिन्छ । तसर्थ भूतकालिक क्रिया जनाउन अर्को शब्द पनि प्रयोग गर्नुपर्छ । जस्तै :

१७. *मैले त्यहाँ जानुपर्‍यो ।*

*यति काम चाँडै सक्नुपर्‍यो ।*

*मैले त्यहाँ देखिनुपर्‍यो ।*

*तिमीले काममा बेसरी दलिनुपर्‍यो ।*

*१८. मैले पोहोर पहाड जानुपर्‍यो ।*

*यति काम मैले एक घण्टामा सक्नुपर्‍यो ।*

*त्यसले व्यर्थै हिजो ठगिनुपर्‍यो ।* (पृ.१७५)

उनले प्रस्तुत गरेका १७का उदाहरणहरूमा क्रियापदमा कालिक प्रत्ययका रूपमा भूत संकेतक **य** को उपस्थिति छ ; यद्यपि वर्तमानकै आवश्यकता बुझाउन ती वाक्यहरू प्रयोगमा ल्याइन्छन् । त्यसैले यस्तो स्थितिमा पोहोर, एक घण्टामा, हिजो जस्ता समयबोधक क्रिया विशेषणको प्रयोग गरेर १८ मा सोही खालका वाक्यहरूबाट भूतकाल बुझाइएको छ ।

फेला शब्दका पछाडि पर्नु स.क्रि.को प्रयोग हुँदा भेट्टाउनु अर्थ लाग्दछ । जस्तै :

*१९. क. फेला पर्दछ ।*

*ख. फेला पर्‍यो ।*

*ग. फेला पर्ला ।*

*घ. फेला पर्नेछ । (*पृ. १७६)

उदाहरण १९ मा प्रस्तुत क्रियापदहरूले भेट्टाउनु अर्थ दिन्छन् ।

हिड्नु अर्थ बुझाउन पाल् धातुबाट **नु** प्रत्यय भई बनेको स्वतन्त्ररूपले अरु ठाउँमा प्रयोग नपाइने पाल्नु शब्द सम्मानित व्यक्ति आउनु, जानु अर्थ बुझाउादा **हु** धातु सहायक भई संयुक्त क्रिया बन्दछ । जस्तैः-

*२०. क. तपाई काठमाडौं कहिले पाल्नुभयो ।*

*ख. अध्यक्षज्यू यहीं पाल्नुहुन्छ । (पृ. २७८)*

प्रस्तुत वाक्यहरूमा २० क ले जाने र २० ख. ले आउाने कार्यलाई बुझाएका छन् ।

*विधर्यविशेषण बनेको **ने** प्रत्ययान्त कृदन्त क्रियाका साथ असत्यर्थक **हु** धातुका वर्तमानकालिक रूप **छ, छन्** आदि संयुक्त भएमा निश्चित सामान्य भविष्यत क्रिया बुझाउँछन् । जस्तै :-*

*२१. खानेछ, खानेछन् , खानेछैन, खानेछु , खानेछौं, (पृ. २७९)*

उदाहरण २१ मा प्रस्तुत क्रियापदहरूले उनका अनुसार निश्चित कार्यावस्थाभन्दा पनि सामान्य भविष्यतलाई बुझाउँछ । तर उल्लिखितक्रियामा **ने** भविष्यतसूचक प्रत्यय नभएर निश्चित पक्षसूचक प्रत्यय भएर रहेको प्रष्ट देखिन्छ । यसले कार्यको निश्चिततालाई बुझाउँदछ ।

*विधर्य विशेषण बनेको **ने** प्रत्ययान्तकासाथ हुनु निष्पत्ति अर्थ बुझाउन हु धातु संयुक्त भएमा पनि कार्यको निशिचतता बझाउादछ । जस्तै :-*

२२. *क. काम हुने भयो ।*

*ख. काम हुने भएको छ । (पृ. २७९)*

## २.२ भाषावैज्ञानिक अध्ययन (पुस्तक)

नेपाली स.क्रि.को अध्ययन परम्परामा भाषाबैज्ञानिक पद्धतिको सुरुवात चुडामणि रेग्मी , उपाध्ययको **नेपाली भाषाको उत्पत्ति (२०२५)** नामक भाषाव्याकरण सम्बन्धी पुस्तकबाट भएको पाइन्छ । यस पुस्तकमा नेपाली स.क्रि. को वर्णनात्मक अध्ययन भएको छ । यसरी शुरु भएको स.क्रि.को भाषावैज्ञानिक अध्ययन रूपान्तरणात्मक व्याकरणको आधारमा पनि अघि बढेको पाइन्छ । यहाँ नेपाली स.क्रि. को सम्बन्धमा भएका त्यस्ता केही प्रतिनिधि कार्यहरूको समीक्षा कालक्रमिक रूपमा गरिएको छ ।

### २.२.१ नेपाली भाषाको उत्पत्ति (२०२५)

चुडामणी रेग्मी 'उपाध्याय' को **नेपाली भाषाको उत्पत्ति (२०२५)** मा कालरचना र संयुक्त क्रिया निर्माणमा भाग लिने आ, उठ्, गर, छ, जा थाल्, दि, पर, पा, बन्, बस्, लग्, रह्, ले, सक्, हाल्, हो जस्ता धातुहरूलाई स.क्रि. भनिएको छ । छ र हो लाई आस्तिवाचक धातुको रूपमा लिदै उल्लिखितस.क्रि. हरूको उत्पत्तिलाई देखाइएको छ (पृ.१९० र १९१) । सिग्द्यालको मध्यचन्द्रिका (२०४६) मा प्रस्तुत स.क्रि. हरूमध्ये हु, हिड्नु, हेर्नु , छाड्नु, बस्नु, राख्नु, पठाउनु र सिध्याउनु जस्ता स.क्रि. लाई यिनले उल्लेख गरेका छैनन् । आ, थाल्, लग्, बन्, बस्, ले जस्ता धातुहरू स.क्रि.को रूपमा प्रयोग हुनसक्ने सङ्केत गरेका छन् । स.क्रि. को प्रयोगावस्थालाई नदेखाइएको यस खालको अध्ययन स.क्रि. को सामान्य परिचय र उत्पत्तिमा सीमित हुन पुगेको देखिन्छ । स.क्रि. को प्रकार र कार्यको वारेमा अध्ययन साँघुरिएको छ ।

### २.२.२ शब्दरचना र वर्णविन्यास (२०३६)

मोहनराज शर्माको **शब्दरचना र वर्णविन्यास** (२०३६) नेपाली व्याकरणको संरचनात्मक भाषाबैज्ञानिक पद्धतिमा लेखिएको पुस्तक हो । यसका विभिन्न संस्करणहरू पाइन्छन् । यस व्याकरणमा प्रस्तुत गरेका स.क्रि को अध्ययनलाई प्रमाणपत्र तह, स्नातक तहका अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकहरूमा पनि प्रस्तुत गरेका छन् । त्यस्ता पुस्तकहरूमा **शब्दरचना र वर्णविन्यास, वाक्यतत्व अभिव्यक्ति र पाठहरू** (२०६२) नामक स्नातक तह अनिवार्य नेपाली विषयको पाठ्यक्रमअनुसार तयार पारिएको एउटा महत्वपूर्ण पाठ्यकृति हो । यसै कृतिमा भएको स.क्रि.को अध्ययन यहाँ प्रस्तुत गरिएको छ ।

*अर्थको प्रधानता नहुने तर मुख्य क्रियालाई सहयोग दिने क्रियालाई सहायक क्रिया भन्दछन् ।*

*क. वाक्यमा यसले व्याकरणात्मक अर्थ दिन्छ । यसले मुख्यत वचन, भाव, पक्ष, वाच्य काल आदि व्याकरणात्मक अभिव्यक्ति गर्दछ ।*

*ख. यो मुख्य क्रियाको आश्रित हुन्छ । यसले मुख्य क्रियालाई सहयोग दिन्छ ।*

*ग. यो मुख्य क्रियाभन्दा पछि आउँछ ।*

*वाक्यमा जुन क्रिया पनि मुख्य हुनसक्छ , तर जुन क्रिया पनि स.क्रि. हुँदैन । नेपालीमा छ र हु धातु बाट बनेका क्रियाहरू स.क्रि. हुन्छन् । यी बाहेक दि, लि, जा, उठ, बस्, रह, पर, हेर, लाउ, पाउ आँट, हाल्, ,लाग, राख, चाह, थाल, आदि धातु हरूबाट बनेका क्रियाहरूले पनि स.क्रि. को कार्य समेत गर्छन ।* जस्तै :-

| वाक्य | मु.क्रि. | स.क्रि. |
|---|---|---|
| ऊ अझै खरिदारको नोकरी गर्दै छ । | गर्दै | छ |
| तिनीहरू त चोरलाई साहु भन्दछन् । | भन्द | छन् |
| सबै चिठीहरू पठाइसकिए । | पठाइ | सकिए |
| हरि विहान पनि पढ्ने गरोस् । | पढ्ने | गरोस् |
| उसलाई म पनि सहयोग दिने थिएँ । | दिने | थिएँ |
| गौरीले कोठा बढार्न लागाउली । | बढार्न | लगाउली |
| आ त यही बस्न आँटियो । | बस्न | आँटियो |
| ऊ हाकिमलाई कुरा लगाउँदै होला । | लगाउँदै | होला |

तालिका नं. ६ शर्मा (२०६२) मा स.क्रि.

माथि उनले गरेका स.क्रि. सम्बन्धी धारणा र तालिकाबाट स.क्रि.को बारेमा सामान्य परिचय मात्र लिन सकिन्छ । मुख्य क्रियापछि स.क्रि. आउाने कुरा उल्लेख भएपनि कसरी आउँछन् भन्ने कुरा प्रष्ट छैन । तालिकाबाट **इ, न, ने, दै,** र **न्द** जस्ता मु.क्रि. प्रत्ययान्त पश्चात स.क्रि. आउाने कुरा संकेत गरिएको देखिन्छ । तर ती प्रत्ययहरूले व्याकरणात्मक अर्थलाई जनाउन सक्ने र नसक्ने अवस्था रहँदा फरक फरक अर्थको निम्ति स.क्रि. आउाने कुरा प्रष्ट भए पनि कुन कुन कार्यको निम्ति आउाने हो प्रष्ट हुँदैन । खासमा उनले प्रस्तुत गरेका स.क्रि. अन्तर्गत आउाने **छ** र **हु** धातु समेत फरकफरक कार्यका लागि आउन सक्दछ, जसमा प्रत्ययले महत्वपूर्ण भूमिका खेल्दछ । पक्ष बुझाउने प्रत्यय पश्चात **छ** आउँदा अभूतकाल बुझाउने तथा भूतकाल, सङ्गति र अकरण अनुरूप रूपायन हुने स्थिति आउँछ भने **नु** मु.क्रि. प्रत्ययान्त पश्चात आउँदा आवश्यकता अर्थको सङ्केत पनि हुनसक्दछ । **हु** उच्च आदर उपयुक्तताको अर्थमा प्रयोग हुनसक्छ । सबै

स.क्रि. सबै अवस्थामा आउन सक्तैन । त्यसैले स.क्रि.आउाने खासखास अवस्था यसको प्रकार निर्धारण यिनको अध्ययनमा समेटिएको देखिन्न । स.क्रि. हरू वचन , भाव, पक्ष, वाच्य काल अभिव्यक्तिको निम्ति आउाने कुरा उल्लेख गरिएको यस कृतिमा दुई क्रियाहरूको मेल अर्थात एक मात्र स.क्रि. को प्रयोग अवस्थामा भन्दा बाहेक दुई वा दुई भन्दा बढी स.क्रि. को उपस्थिति रहँदा उल्लिखितकार्य कुनकुन स्थानको स.क्रि.ले गर्न सक्ने हो सो को व्याख्या पनि हुन सकेको देखिंदैन । यिनले **रेग्मी** (२०२५) मा प्रस्तुत **आ, गर, हो** जस्ता स.क्रि. लाई उल्लेख गरेका छैनन् भने भट्टराई (२०३३) मा प्रस्तुत **बक्स, छाड् हु, हेर** र **राख** प्रस्तुत गरेका छैनन् तथा सिग्द्याल १९७६ मा प्रस्तुत **लाउ** लाई समायोजन गर्ने एवम् **आँट** नयाँ स.क्रि.लाई प्रस्तुत गर्ने काम गरेका छन् ।

### २.२.३ समसामयिक नेपाली व्याकरण (२०४९)

हेमाङ्गराज अधिकारीको **समसामयिक नेपाली व्याकरण** (२०४९) संरचनात्मक भाषावैज्ञानिक पद्धतिमा लेखिएको व्याकरण हो । यिनले यस पुस्तकमा स.क्रि.को परिचय, स.क्रि. आउाने अवस्था र कार्यको सम्बन्धमा अध्ययन गरेका छन् ।

स.क्रि.को परिचय र कार्यको सम्बन्धमा उनले रूपायनलाई आधार मानेको देखिन्छ । उनले भनेका छन:

*मुख्य क्रियासँग एक वा एकभन्दा बढी सहायक क्रिया मिली बनेकालाई संयुक्त क्रिया भनिन्छ । अर्थ वा कार्यका दृष्टिले शीर्ष हुनसक्ने क्रिया मुख्य हुन्छ र त्यस शीर्ष क्रियालाई विभिन्न दृष्टिले सघाउने क्रिया सहायक हुन्छ ।*

*जस्तैः-*

*२३. क. हरिले भात खाइसक्यो।*

*ख. रमेश भुइँमा बसिरहन्छ ।*

*ग. भाइ चिठी लेख्दै गर्छ ।*

*घ. उसले पढ्न थाल्यो ।" (पृ. ८०)*

उदाहरण २३ मा प्रस्तुत वाक्यहरूमा खाइसक्नु, वसिरहनु, लेख्दै गर्नु, पढ्न थाल्नु संयुक्त क्रिया हुन् । यिनमा खाई, बसी, लेख्दै पढ्न मुख्य क्रिया हुन र सक्यो रहन्छ, गर्छ, थाल्यो चाहिं सहायक क्रिया हुन् ।

*मुख्य क्रिया रूपायनिक दृष्टिले प्रायः स्थिर हुने र सहायक क्रिया सक्रिय हुने गर्दछ । लिङ्ग, वचन, पुरुषको सङ्गति र काल, पक्ष, भाव व्यक्त गर्न यसलाई उपयोगमा ल्य( ाइन्छ ।*

जस्तै :

२४. *सङ्गति*

*क. मैले भात खाइसकें ।*

*ख. सीताले भात खाइसकी ।*

*ग. उनीहरूले भात खाइसके ।*

२५. *काल, पक्ष, भाव*

*एसले भात खाइसक्यो*

*तिमी भात खाइसक।*

*हामी भात खाइसकौंला ।*

*विमल पढिरहन्छ । (पृ. ८२)*

रूपायनिक नभई आफनो उपस्थितिमा स.क्रि.हरूले सिधै पक्ष, भाव ,व्यक्त गर्ने तथा काल व्यतिक्रम ल्याउने कुराको पनि उनले अध्ययन गरेका छन् ।

जस्तै :-

२६ *क. श्याम पढिरहेको छ । (निरन्तरता)*

*ख. ऊ समाचार सुन्दै गर्छ । (निरन्तरता)*

*ग. श्याम पढ्न थाल्छ । (आरम्भिक)*

*घ. मैले भात खाइसकें (समाप्ति)*

*ङ हरि म कहाँ आउने गर्छ । (अभ्यस्तता)*

*च. मैले उसलाई सबै पुस्तक दिइहाले ।(शीघ्रता)*

*छ. उसले श्यामलाई पिट्न आट्यो । (आरम्भिक))*

*ज. मैले त्यो काम गरिछाडो । (निश्चितता)*

*झ. हामीले उसलाई सहयोग गर्न खोज्यौं । (प्रयत्न)*

*ञ. उनीहरू यतिखेर उकालो चढ्दै  हुन्छन् । (परिस्थिति) (पृ. ८८ र ८९)*

*२७. क. फूल नटिप्नुहोला । (आज्ञार्थ )*

*ख. घरमा ऊ हलो जोत्दो हो । (संभावना)*

*ग. उनीहरूले श्यामलाई भेटे हुन् । संभावना (पृ. ९०)*

*२८. म आइ हाले । (भूतकाल तर वर्तमानको सङ्केतक) (पृ. ८६)*

अकरण प्रक्रिया र वाच्य परिवर्तनमा  पनि स.क्रि.हरू सक्रिय हुने कुरालाई पनि अध्ययन गरेका छन् । जसअनुसार सहायक क्रियालाई अकरण बनाउँदा र मुख्य क्रियालाई अकरण बनाउँदा अर्थगत विभेद देखिन्छ भने वाच्य परिवर्तनमा  अनिवार्य र ऐच्छिक स्थिति हुन्छ ।

जस्तैः अकरण प्रक्रियामा स.क्रि.

| **सामान्यार्थ** | **संभावनार्थ** |
|---|---|
| ऊ  आउन सक्दैन । | ऊ नआउन सक्थ्यो । |
| ऊ बढ्नसक्दैनथ्यो । | ऊ नबस्नसक्थ्यो । |
| उसले त्यो कुरा भन्नु पर्दैन । | उसले त्यो कुरा नभन्नु पर्छ । |

तालिका नं.७ (पृ.११३)

अधिकारी (२०४९) मा अकरण प्रक्रियामा स.क्रि. ले ल्याउने अर्थगत विभेद

'न' कृदन्तीय  स.क्रि. मा वाच्य परिवर्तन ऐच्छिक र **इ** कृदन्तीय सहायक क्रियामा वाच्य परिवर्तन अनिवार्य भएको तथा **नु** कृदन्तीय स.क्रि. अपरिवर्तनीय हुने कुरालाई देखाएका छन् । जस्तै :

*२९. क श्यामले हरिलाई भेट्नसक्छ ।*

*ख. हरि भेटिन सक्छ/हरि भेट्नसकिन्छ ।*

३०. *क. मैले उसको काम गरिदिएको छु ।*

*ख. उसले काम गरिदिइएको छ ।*

३१. *क. तिमीले प्रश्नहरू सोध्नु पर्छ ।*

*ख. प्रश्नहरू सोधिनु पर्छ । (पृ.१२१)*

खास कृदन्तीय क्रियासंग खास प्रकृतिका क्रियाहरूको मात्र संयुक्ति हुने कुरा उल्लेख गर्दा स.क्रि. को अध्ययन भएको छ । जस अनुसार निम्न स्थितिहरू देखिन्छनः-

*नु + अस्त्यर्थक क्रिया, गर्नु, हुनु*

*ने + अस्त्यर्थक क्रिया, गर्नु, हुनु*

*एको + अस्त्यर्थक क्रिया, हुनु*

*दो (तो) + अस्त्यर्थक र परिचयवाची क्रिया, हुनु*

*दै (तै) + अस्त्यर्थक क्रिया, हुनु, रहनु, गर्नु, जानु*

*ई + रहनु, सक्नु, दिनु, हाल्नु जानु, राख्नु, छाड्नु बक्सनु हेर्नु*

*न + सक्नु, हुनु, थाल्नु, आँट्नु, लाग्नु खोज्नु, दिनु,पाउनु, पुग्नु, जानु, चाहनु (पृ. २८३)*

सहायक क्रियाहरू नामिक पक्षलाई आधार बनाएर पनि आउन सक्ने कुरालाई प्रस्तुत गर्दै त्यस्ता स.क्रि. का रूपमा गर्नु ,पर्नु, लाउनु, आउनु, हुन जस्ता क्रियाहरूलाई लिएका छन् (पृ.८३) ।

यसरी यिनले सहायक क्रियाको परिचय ,स्थान र कार्यको सम्बन्धमा अध्ययन गरेका छन् । यिनको अध्ययनमा भट्टराई (२०३३) मा प्रस्तुत बक्सनु र छाड्नु रेग्मी (२०२५) मा प्रस्तुत आउनु र नव स.क्रि. का रूपमा मिल्नु र खोज्नु लाई उल्लेख गरिएका छन् । यिनको अध्ययनलाई व्यस्थित ढंगबाट प्रस्तुत गर्न स.क्रि. को प्रकार निर्धारण र कार्य स्थितिको अध्ययन गर्नु पर्ने देखिन्छ भने थप स.क्रि.हरू समेत अनुसन्धान कालमा भेटिएका छन्: यिनै कुराहरूमा तेस्रो र चौथो परिच्छेद केन्द्रित गरिएको छ ।

## २.२.४ नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति (२०५६)

नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति (२०५३) महादेव अवस्थी र ऋषिराम शर्माबाट लेखिएको व्याकरण हो । यसमा यिनले स.क्रि.को परिचय स.क्रि. आउाने अवस्था र कार्यको सम्बन्धमा अध्ययन गरेका छन् ।

*गुणक्रिया र गौणक्रियाको दायाँपट्टि आउाने र सोही गुण/गौण क्रियाको अर्थलाई पूरा गर्न सहायता गर्ने अनि कर्ताको वचन, पुरुष लिङ्ग आदि अनुसार रूपायित हुने क्रियापद नै सहायक क्रियापद हो । गुण क्रिया + सहायक क्रिया र गौण क्रिया + सहायक क्रियाको संरचनामा आई संयुक्त क्रियापदको रूपमा निर्मित हुने सहायक क्रियापदले वाक्यलाई पूरा गर्न मद्दत गरेको हुन्छ । सहायक क्रियापदले मुख्य क्रियाको रूपमा आई आफै पनि वाक्यलाई समाप्त गर्नसक्छन् र वाक्यको अर्थलाई पनि पूरा गर्नसक्छन तर संयुक्त क्रियापदमा वा मिलित क्रियापदमा तिनले आफ्ना बाँयापट्टि  रहेको गुणक्रिया, गौण क्रिया वा अन्य क्रियाको अर्थलाई पूरा गर्न सघाउ पुऱ्याउाछन्* (पृ. ९०) ।

यिनले स.क्रि. लाई अर्थसहायक, रूपायित हुने र वाक्य समापक मु.क्रि. पश्चात आउाने क्रियालाई लिएको  देखिन्छ । एकभन्दा बढी स.क्रि.को उपस्थितिमा रूपायित नहुने अवस्था पनि हुन्छ । फेरि रूपायित हुने आधार वचन, पुरुष, लिङ्ग मात्र नभएर क्रियाकै काल, पक्ष, भाव, वाच्यसँग पनि सम्बन्धित हुनसक्छ । यसको सम्बन्धमा अध्ययन भएको छैन । स.क्रि.का रूपमा उनले अधिकारी (२०४९) मा प्रस्तुत १८ वटा क्रियाहरूलाई नै लिएका  छन् । कृदन्त प्रत्ययका रूपमा नु, ने, एको, दो /तो, दै, नै, ई गरी ७ वटा देखाएका छन् । यस रूपमा स.क्रि.लाई अध्ययन गर्ने हो भने न्द, ए जस्ता कृदन्तीय प्रत्यहरूलाई पनि समावेश गर्नुपर्ने देखिन्छ । मु. क्रि.को अर्थ विशिष्ट पार्ने स. क्रि. र काल तथा सङ्गतिलाई बुझाउन सक्ने स.क्रि. लाई छुट्टाछुट्टै अध्ययन गर्न सकिन्छ । यसरी अध्ययन गर्दा पक्षद्योतक कृदन्तीय प्रत्यय र अर्थद्योतक कृदन्तीय प्रत्यय आधारको रूपमा रहने देखिन्छ ।

## २.२.५ नेपाली वाक्य व्यारकण (२०५४)

माधवप्रसाद पोखरेल **'नेपाली वाक्य व्याकरण** (२०५४) संरचनात्मक भाषावैज्ञानिक पद्धतिको सिद्धान्तअनुसार लेखिएको व्याकरण हो । यस व्याकरणको संशोधित कृतिका रूपमा **नेपाली वाक्य व्याकरण** (२०५६) रहेको छ । यसमा यिनले स.क्रि.को परिचय, स्थान, कार्य, सङ्ख्या, प्रकारका सम्बन्धमा अध्ययन गरेका छन् ।

सं.क्रि.मा मु.क्रि. को दाहिनेपट्टि आउँने सबै क्रिया सहायक क्रिया हुन् । यस अन्तर्गत रञ्जक र योजिका पर्दछन् । यसलाई उनले तालिकामा देखाएका छन् ।

| असमापक क्रिया | समापक क्रिया | |
|---|---|---|
| मूल क्रिया | सहायक क्रिया | |
| मेरू | रञ्जक | योजिका |
| खाइ | दिइ-सकिहाल | छ |

तालिका नं. ८ : पोखरेल (२०५६) मा स. क्रि.

प्रस्तुत तालिका अनुसार संयुक्त क्रियामा अन्तिम धातु मात्र समापिका हुन्छन् । अरू सबै असमापक हुन्छन् (पृ ४८ र ४९) ।

*रञ्जक स्थानमा बीसवटा र योजिका स्थानमा आउँने 'टोपल' क्रिया मु.क्रि. अन्तर्गत आउनसक्तैन । योजिकाले काल जनाउँछ रञ्जकले चाहिँ भाव, पक्ष, सकर्मकत्व, साङकाल्पिकता, आदरार्थ र वक्ताका विभिन्न रमरम मनोभावहरू व्यक्त गर्न सक्छ (पृ. ४९ र ५०) ।*

उनले स.क्रि. लाई वाच्यान्तरण र अकरण प्रक्रियामा आउनसक्ने कुरालाई पनि देखाएका छन् । जस्तै :-

*३२ क म तँलाई भेट्ने गर्छु । (कर्तृवाच्य)*

*ख आफू तँलाई भेट्ने गरिन्छ । (भाववाच्य) (पृ. ४७)*

*३३ क बूढीको छोरो लडिहालेछ । (करण)*

*ख बूढीको छोरो लडेनछ । (अकरण)*

*ग बूढीको छोरो लडिहालेनछ । (अकरण) (पृ. ५०)*

उदाहरण ३२ मा वाच्यान्तरण र ३३ मा अकरण प्रक्रिया देखाइएको छ । वाच्यान्तरण प्रक्रियाको सम्बन्धमा उनले पूर्ण अध्ययन गरेको देखिन्न । अधिकारी (२०४९) मा यसको सम्बन्धमा केही बढी अध्ययन भएको थियो । सो कुरालाई यिनले समेटेका छैनन् । अकरण प्रक्रियामा रञ्जकहरू हटाइन पनि सक्ने कुरा उही अर्थमा प्रयुक्त नहुने भएकोले उपयुक्त देखिंदैन ।

पण्डित (१९६९) मा भएको अध्ययनलाई पछ्याउँदै कारक रचना ('ले' विभक्ति) मा प्रभाव पार्ने स.क्रि. का रूपमा पर् लाई लिंदै केही फरक तथ्य प्रस्तुत गरेका छन् । जस्तै :-

*३४ क केटाले भुईमा लड्नुपर्छ । (पूर्व)*

*ख केटालाई भुईमा लड्नुपर्छ । (पश्चिम)*

यस अनुसार **लाई** विभक्ति पनि लाग्न सक्ने देखिन्छ । यो अध्ययन सखिशरण सुवेदी ( २०५१) को सर्वेक्षणमा आधारित छ भनिएको छ । माथि प्रस्तुत प्रस्तुत उदाहरणमा दुई भिन्न आशय व्यक्त भएको भने प्रष्ट देख्न सकिन्छ । ३४ क मा अरूको आवश्यकता बुझिन्छ भने ३४ ख मा केटा स्वयंमको आवश्यक्ता बुझिएको देखिन्छ ।

जा धातु अकर्मक मेरूपछाडि रञ्जकका रूपमा नआउँने, जानीजानी गरिने काम बुझाउने मेरूपछाडि मात्र रञ्जकका रूपमा छाड, ल्याउ, हेर, माग, लाग, आउ र टोपल आउँने, मेट रञ्जकका अगाडि **मरि** (कृदन्त) मात्र आउँने,रञ्जक 'पुग्' भन्दा अगाडि खालि 'आइ' नत्र न प्रत्यय लाग्ने कुराहरू पनि व्यक्त भएका छन् । जस्तै :

*३५ क मरिजानु, जाइजानु, आइगयो, निदाइगयो ।*

**ख खाइगयो, गरिगयो, लेखिगयो, निदाइगयो ।*

*३६ क गरिछाड्नु, गरिल्याउनु ........ ।*

**ख मरिछाड्नु, निदाइल्याउनु ........।*

*३७ क मरिमेट्नु*

*ख आइपुग्नु (पृ. ५१)*

खास कृदन्तका साथ खास-खास क्रियाहरूमात्र रञ्जकका रूपमा आउँने कुरालाई प्रस्तुत गर्ने क्रममा सबैभन्दा बढी उत्पादनशील कृदन्तका रूपमा 'ई' लाई लिएका छन् । उनले 'नु' पश्चात 'पर्' र 'हो' धातुका संरूप (हु, छ, थि, भ), **ने** पश्चात 'गर्' र 'पर्' **दै** पश्चात 'आउ', 'ल्याउ', 'गर्', 'जा' **न** पश्चात आउ, लाग्, पुग्, दे पाउ, खोज्, र जा अनि **इ** पश्चात हाल् सक्, राख्, आउ, ल्याउ, जा, लाग्, पुग्, दे छाड्, पर्, मेट् माग्, पाउ, टोपल जस्ता धातुहरूमात्र रञ्जकका रूपमा आउनसक्ने कुरा व्यक्त गरेका छन् । दे, धातु सामान्यत हितवाचक हुने तर कहिलेकाहीँ नहुने कुरालाई पनि देखाएका छन् । जस्तै :

*३८ क केटाले केटीलाई सुन्तला टिपिदियो ।*

*ख केटाले केटीको स्याउ खाइदियो ।*

*ग मेरो फुरौला झरिदियो ।*

*घ मलाई फुरौला झरिदियो । (पृ. ५१ र ५२)*

उदहरण ३८ क र घ मा हितार्थ ख र ग मा विपरित हित रहेको छ । सम्बन्ध कारकले अहित र सम्प्रदान कारकले साटिए भने हित बुझाउने स्थितिलाई ३८ घ मा देखाइएको छ ।

उनको अध्ययनमा प्रस्तुत स.क्रि. भन्दा बाहेकका स.क्रि.हरू उल्लेख गर्दै त्यसलाई स्वरूप र कार्यका आधारमा वर्गीकरण गरी व्यवस्थित अध्ययन गर्न सकिन्छ । उनले पूर्ववर्ती धारणाभन्दा केही भिन्न धारणा प्रस्तुत गरेका छन् । जसमा खास मेरू पश्चात आउँने स.क्रि. को खोज (साङ्कल्पिकताको प्रतिबन्धन समेत) महत्वपूर्ण छ । यस शोधकार्यमा उनको यस खालको अध्ययनलाई क्रियार्थद्योतक (रञ्जक) र कोटि स.क्रि. (योजिका) का रूपमा अध्ययन गर्दा मूलत : पहिलो खालको स.क्रि. वर्गीकरणमा सहयोगी हुने देखिन्छ ।

## २.३ शोधग्रन्थ

### २.३.१ दि एक्जयुलरी इन नेपाली (सन् १९८०)

तारानाथ शर्माको **दि एक्ज्युलरी इन नेपाली** (सन् १९८०) मा नेपाली स.क्रि.को भाषा बैज्ञानिक अध्ययन गरिएको छ । पाँच परिच्छेद र १७४ पृष्ठमा लेखिएको यो शोधग्रन्थ

नेपाली स.क्रि. को सम्बन्धमा गरिएको पहिलो शोधग्रन्थ हो । यसमा उनले नेपाली क्रियापदको संरचना, संयुक्त क्रियामूल (complex stem) मा आउँने क्रियार्थद्योतक (model), हुनु क्रियाको बहुविध प्रयोग तथा विभिन्न दक्षिण एसियाली भाषाको सापेक्षमा नेपाली हुनु क्रियाको चर्चा गरेका छन् ।

उनले क्रियापदको आन्तरिक संरचना धातु + पक्ष + हुनु + काल + अकरण + सङ्गतिको रूपमा आउँने कुरा गर्दै क्रियामूल अन्तर्गत सरल संयुक्त दुई प्रकार उल्लेख गरेका छन् । संयुक्त क्रियामूलमा एकभन्दा बढी धातु हुने तथा तिनीहरू इ, ने, न, र नु कृदन्त पश्चात आउँने कुरालाई देखाएका छन् । त्यसरी संयुक्त क्रियामूलमा आउँने धातुहरू एकभन्दा बढी हुने कुरालाई बताएका छन् । त्यसरी एक भन्दा बढी धातुहरू खास क्रममा आउँने गर्दछन् । यसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

| कृदन्त इ + | कृदन्त इ + | कृदन्त न + | कृदन्त इ + | कृदन्त नु + | धातु |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |


(पृ. २४ -२७)

तालिका नं. ९ : शर्मा (१९८०) मा स.क्रि. को अनुक्रम

*नेपाली स.क्रि. (Auxiliary) अन्तर्गत क्रियार्थद्योतक (मोडल) हरू र काल निर्माण तथा वाक्यात्मक सङ्गतिमा भागलिने तत्वहरू आउँछन् (पृ.२) । नेपाली भाषामा स.क्रि. अन्तर्गत पर्ने क्रियार्थद्योतकहरू क्रि$_१$ र क्रि$_२$ को संरचनामा दोस्रो सदस्य हो । टोपल्नु बाहेकका क्रियार्थद्योतकहरू मु.क्रि. (क्रि$_१$) का रूपमा प्रयोग हुन सक्छ । संयुक्त क्रियामा क्रियार्थद्योतकका रूपमा आउँदा क्रियाहरूले मुख्यार्थलाई त्यागेर मु.क्रि. को अर्थमा विविधता ल्याउछन् (पृ. ४ र ५) । त्यस्ता क्रि.द्यो हरू सक्नु, दिनु, माग्नु, छाड्नु, हाल्नु, रहनु, राख्नु, आउनु, हेर्नु, टोपल्नु, बक्सनु, गर्नु, लाग्नु, थाल्नु, पाउनु, खोज्नु, लगाउनु, पर्नु, छ र हुनु गरी २० वटा छन् (पृ.९९) । यिनीहरू मध्ये सक्नु, दिनु, माग्नु, छाडनु, हाल्नु, रहनु, राख्नु, आउनु, हेर्नु, टोपल्नु र बक्सिनु गरी ११ वटा* ***इ*** *कृदन्तपश्चात, सक्नु, दिनु, माग्नु, लाग्नु, थाल्नु, पाउनु, खोज्नु र लगाउनु गरी ८ वटा* ***न*** *कृदन्तपश्चात, पर्नु, छ र हुनु गरी ३ वटा* ***नु*** *कृदन्तपश्चात र गर्नु* ***ने*** *कृदन्तपश्चात आउँने गर्दछन् । यस्ता क्रियार्थद्योतक. हरूले समाप्ति, सक्षमता, परार्थता, अनुमति, अनुरोध, निश्चितता,*


*तात्कालिकता, निरन्तरता, परीक्षण, बहाना अतिउच्च आदर, अभ्यस्तता, प्रारम्भ, प्रयास, प्रेरणा, बाध्यता, आवश्यकता, उपयुक्त, सम्भावना आदि अर्थ दिने गर्दछन् (पृ.९८ र ९९)* । **नु** कृदन्त पश्चात आउँने क्रियार्थद्योतकहरू अन्य कृदन्त पश्चात आउँने क्रियार्थद्योतक. भन्दा भिन्न हुने कुरा उल्लेख गर्ने क्रममा उनले वृक्षरेखा प्रस्तुत गरेका  छन् ।

३९ मैले रामायण पढ्न सकें ।




बृक्षरेखा नं.१ 'न' प्रत्ययान्त क्रियार्थद्योतक

४०  मैले रामायण पढ्नु पर्छ ।




बृक्षरेखा नं.२ **नु** प्रत्ययान्त क्रियार्थद्योतक  (पृ.१२२ र १२३)

वृक्षरेखा १ मा उदाहरण ३९ मा प्रस्तुत **न** प्रत्ययान्त क्रियार्थद्योतक वाक्यको कर्ताअनुसार देखिन्छ भने वृक्षरेखा २ मा उदाहरण ४० मा प्रस्तुत **नु** प्रत्ययान्त क्रि.द्यो वाक्यको कर्ताअनुसार देखिन्न । **नु** प्रत्ययान्त क्रियार्थद्योतक सधैं पुलिङ्गी, एकवचन र तृतीय पुरूषअनुसार रहने गर्दछ । यसो हुनुमा नामपदमा अङ्कित सम्पूर्ण शब्दसमूहलाई एकवचने कर्ताका रूपमा लिनसकिने भएकोले हो (शर्मा, २०५२ : ८८) । अन्य क्रियार्थद्योतकअन्तर्गत **न्दो** पछि आउँने **हो, ने** पछि आउँने **थियो** र **दै** पछि आउँने **रहनु,**

**राख्नु, आउनु, गर्नु** र **जानु** पर्दछन् (पृ.१३३ र १३५) । यसबाट कृदन्तका रूपमा थप **दो** र **दै** पनि भएको तथा **हो** र **जानु** पनि क्रियार्थद्योतक. अन्तर्गत पर्ने देखिन्छ ।

उनले क्रियार्थद्योतकहरूको सङ्ख्या २२ वटा हुने बताए पनि यसभन्दा बढी क्रियार्थद्योतकहरू अध्ययन कालमा भेटिएका छन् । तिनीहरूको प्रकार र कार्यका सम्बन्धमा थप अध्ययन गर्न सकिन्छ । उनले 'ने' कृदन्त पश्चात प्रस्तुत गरेको 'थि' ले कुनै विशेष अर्थ दिन सकेको देखिँदैन । त्यसैले यसलाई कोटिसहायक क्रिया (काल बुझाउन मद्दत गर्ने) का रूपमा अध्ययन गर्न सकिन्छ ।

***हुनु*** *सहायक क्रिया काल अनुसार फरक-फरक रूपमा आउँने गर्दछ । यसलाई यहाँ प्रस्तुत गरिन्छ ।*

*वर्तमान काल - छ*

*भूतकाल - थि*

*भविष्यत - ह*

उनका अनुसार यिनीहरूको काललाई सङ्केत गर्ने भए तापनि काल र सङ्गतिका प्रत्ययहरू थप्ता मात्र पूर्ण हुन्छन् । **छ** र **थि** सबै पक्षपछि प्रयोग हुन्छन् भने 'ह' एको, न्दो र न्दै पछि मात्र प्रयोग हुन्छ (पृ.४२) ।

उनले परिचयवाचक धातुका रूपमा **ह**, अस्तिवाचक धातुका रूपमा **छ** र स्थिति परिवर्तन, उपयुक्तता र ध्रुवसत्य कुरा जनाउन **हु** धातुको प्रयोग हुने कुरालाई देखाएका छन् । परिचयवाचक धातुका रूपहरू सधैं वर्तमान रहने, अस्तिवाचक धातुको वर्तमान **छ** र भूत **थि** हुने **हु** रूपको उपयुक्तता र स्थिति परिवर्तनमा भूत 'भ' हुने तर ध्रुवसत्य कुरा जनाउँदा भूत रूप नहुने एवम् **छ** र **हु** को भविष्यतका लागि हुनेछ का रूपहरू प्रयुक्त हुने कुरा उल्लेख गरेका छन् (पृ.६७ - ८७) ।

**छ** मुख्य क्रिया, क्रियार्थद्योतक, अनिश्चित असमापक र सहयोगी क्रिया, **हु** मुख्य क्रिया, क्रियार्थद्योतक र अनिश्चित असमापक र **ह** रूप मुख्य क्रिया र क्रियार्थद्योतक. का रूपमा प्रयोग हुने देखाएका छन् (पृ.८८-९७) ।

यसरी उनले क्रियार्थद्योतक (मोडेल) र को.स.क्रि. (हुनु क्रिया) को चर्चा गरेका छन् । यिनले भट्टराई (२०३३) मा प्रस्तुत गरेभन्दा नया क्रियार्थद्योतक(मोडल) का रूपमा टोपल्नु, खोज्नु, र लगाउ देखिन्छन् । भट्टराईमा प्रस्तुत हिडनु, ल्याउनु, सिध्याउनु, छोड्नु, उठ्नु, पठाउनु, पुग्नु जस्ता क्रियाहरूलाई उल्लेख गरेका छैनन् । छोड्नुलाई प्रस्तुत नगर्नाको कारण भने छोड्नु र छाड्नु एक अर्कामा सम्बन्धित भएकोले देखिन्छ । रेग्मी (२०५५) मा प्रस्तुत आउनु, लाग्नु, र थाल्नुलाई समेट्ने तथा नु प्रत्ययान्त पश्चात **छ** र **हुनु** एवम् दो पश्चात **हो** प्रयुक्त हुने नयाँ कामहरू भएको देखिन्छ । त्यस्तै **नु** प्रत्ययान्त क्रियार्थद्योतकहरू किन सधैं एकवचन, तृतीय पुरूष र नपुंसकलिङ्गी भएको हो त्यसको उत्तर पनि दिएका छन् । हुनु क्रियाको मु.क्रि र स.क्रि. को रूपमा प्रयुक्त हुँदा पाइने अर्थगत विभिन्नतालाई पनि राम्ररी देखाएका छन् ।

## २.३.२ नेपालीमा पदावली व्यवस्था (२०५३)

देवीप्रसाद गौतमको **नेपालीमा पदावली व्यवस्था** (२०५३) विद्यावारिधी स्तरीय शोधप्रवन्ध हो । यसमा नेपाली संयुक्त क्रियामा आउँने क्रियार्थद्योतकलाई आधृत क्रियाका रूपमा र नेपाली स.क्रि. को अध्ययन गरिएको छ । नोम चम्स्कीको रूपान्तरणात्मक व्याकरण अनुसार गरिएको यस शोधप्रबन्धमा नेपाली आधृत क्रियाको संख्या, आश्रितता, अर्थतात्विक भूमिका, उपकोटिगत स्थिति, प्रकार, समूहगत विविधता, समूहगत अर्थभिन्नता र समूहका क्रियाको श्रृङ्खलाक्रम तथा स.क्रि. को बनोट, अवस्थल १ मा स.क्रि. बाट कारकसमायोजन जस्ता विषयमा अध्ययन भएको छ ।

यिनले शर्मा (१९८०) मा मोडल एक्ज्युलरीका रूपमा प्रस्तुत गरेका स.क्रि. लाई आधृत क्रियाका रूपमा अध्ययन गरेका छन् । शर्मामा क्रि$_२$ अन्तर्गत रहने यस रूपलाई स.क्रि. अन्तर्गत + मोडलका रूपमा प्रस्तुत गरिएको छ भने यिनले मु.क्रि$_२$ अर्थात आधृत क्रिया भनेका छन् । शर्मामा २२ वटा क्रियार्थद्योतक(मोडल) प्रस्तुत गरिएकोमा यिनले १९ वटा मात्र प्रस्तुत गरेका छन् । यिनले शर्मा (१९८०) मा प्रस्तुत **छ** र **रह्** तथा **हो** अनि **जा** लाई उल्लेख गरेका छैनन भने शर्मा (२०३६) मा प्रस्तुत आँट् लाई थप गरी १९ वटा बनाएको देखिन्छ । ती हुन : सक्, हाल्, टोपल्, दि, राख्, आउ, छाड्, हेर्, माग्, लाग्, थाल्, पाउ, खोज्, लगाउ, पर्, आँट्, गर्, र बक्स् (पृ.१२१ र १२२) ।

*आधार क्रियाहरूको आश्रितता आधार क्रियाहरूमा हुन्छ । आधृत क्रियाको आधार क्रियाद्वारा प्रस्तुत कार्यको रीति, अभिवृद्धि वा अवधारणामाथि प्रकाश पार्दछन् । आधृत क्रियाको स्वतन्त्र कोशीय अर्थ हुँदैन । आधार क्रियाको कोशीय अर्थप्रति अभिमुख भई आ.क्रि. हरूले कोशीय अर्थको परिधिलाई विस्तारित वा संकुचित तुल्याउने काम गर्दछन् । आ.क्रि. मूल क्रियाको रूपमा प्रयुक्त हुँदाखेरि जुन कोशीय अर्थ र उपकोटिगत स्वरूप रहेको हुन्छ आ.क्रि.का रूपमा प्रयुक्त हुँदा त्यो रहेको हुँदैन । आ.क्रि. ले आफ्नो उपकोटिगत (सकर्मक, अकर्मक, द्विकर्मक) रूप गुमाई आधार क्रियाहरू सोझै आधार क्रियाको अनुशरण नगरी आधार क्रियाका पछि आउँने* ***इ, न, ने, नु*** *आदि योजिकाको अनुशरण गर्दछन् । यसैले आ. क्रि. लाई पाँच समूहमा वर्गीकृत गर्न सकिन्छ ।* यसलाई तल प्रस्तुत गरिएको छ ।

समूह क : आधार क्रिया + इ + आ.क्रि.

समूह ख : आधार क्रिया + न + आ.क्रि.

समूह ग : आधार क्रिया + नु + आ.क्रि.

समूह घ : आधार क्रिया + ने + आ.क्रि.

समूह ङ : आधार क्रिया + दै + आ.क्रि.

*समूह क अन्तर्गत सक्. दि, हाल्, राख्, आउ, छाड्, माग् र रह्, समूह ख अन्तर्गत सक्, दि, लाग्, थाल्, खोज्, पर्, आँट्, माग् र पाउ्, समूह ग अन्तर्गत पर्, समूह घ अन्तर्गत गर् र समूह ङ अन्तर्गत गर् र आउ जस्ता आ.क्रि. आउँने गर्दछन् । नेपालीका केही आ.क्रि. हरू कुनै एक समूहका सदस्यका मात्र आउँछन् भने केही आ.क्री. हरू दुई समूहका सदस्यका रूपमा प्रयुक्त हुने आ.क्रि. हरूमा सक्, आउ, लाग्, पर् र गर् पर्दछन् । कुनै एक आ.क्रि. एक भन्दा बढी समूहको सदस्य भएमा ती आ.क्रि. को अर्थ पृथक हुन्छ र तिनले आधार क्रियाको अर्थको क्षेत्रमा भिन्नभिन्न रूपमा प्रभाव पार्ने कुरालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।*

| आ.क्रि. | समूह | सं. क्रि. | अर्थ | समूह | सं. क्रि. | अर्थ |
|---|---|---|---|---|---|---|
| सक् | क | भनिस्क | समाप्ति | ख | भन्नसक् | क्षमता |
| आउ | क | भनिआउ | आवृत्ति | ङ | भन्दै आउ | आवृति |
| लाग् | क | आइलाग | संलग्नता | ख | आउनलाग् बाध्यता | प्रारम्भ |
| पर् | ख | भन्नपर | बाध्यता | ग | भन्नुपर् | बाध्यता |
| गर् | घ | भन्नेगर | अभ्यस्तता | ङ | भन्दै गर् | प्रारम्भ |

तालिका नं. १० गौतम (२०५३) मा समूहगत विभिन्नता आउँने क्रि.द्यो.हरू


**आ.क्रि र अर्थ**

*कुनै एकै समूहका एकभन्दा बढी आ.क्रि. हरू श्रृङ्खलाक्रममा प्रयुक्त हुन सक्दछन् । एक भन्दा बढी एकै समूहका आ.क्रि. ले व्यक्त गर्ने अर्थमा अर्थतात्विक असङ्गति नभएसम्म यस्ता आ.क्रि. हरू श्रृङ्खलाक्रममा आउन सक्छन् । समूह क अन्तर्गत रहेको आ.क्रि. हरूमा सक् आ.क्रि. हाल्, दि र टोपलसँग, टोपल आ.क्रि राख्, हेर, माग, हाल र सक् आ.क्रि. सित, दि आ.क्रि सक्, टोपल र हाल आ.क्रि. सित, राख् हेर आ.क्रि. सित र टोपल आ.क्रि, हाल् र हेर आ. क्रि. सित संयुक्त रूपमा प्रयुक्त हुन्छन् । त्यस्तै समूह ख अन्तर्गतका सक् र पर् दि र लाग्, खोजु, पर् तथा आँट लाग् र आँट, थाल र आँट, लाग् तथा खोज्, पर्, तथा आँट लाग् र आँट, थाल र आँट, लाग् तथा खोज्, खोज र थाल् आँट र थाल तथा खोज आ.क्रि. का बीचमा श्रृङ्खलाक्रम देखिन्छ ।* (प. १२२–१३०)


यिनबाट आ. क्रि. का रूपमा अध्ययन गरिएका अर्थगत विविधता ल्याउने क्रियाहरूलाई क्रियार्थद्योतकका रूपमा अध्ययन गरिएको छ । यस्ता आ.क्रि. ले अर्थगत विशिष्टता ल्याउने मात्र होइन काल, पक्ष, भाव, वाच्य, सङ्गति र अकरण प्रक्रियामा पनि सहयोग गर्ने गर्दछ । त्यसैले क्रियार्थद्योतकको कार्यलाई त्यस रूपमा अध्ययन गर्न सकिन्छ । त्यस्तै क्रियार्थद्योतकहरूलाई स्वरूप र कार्यका आधारमा वर्गीकरण गर्न पनि सकिन्छ । यिनको अध्ययनबाट क्रियार्थद्योतकको प्रकार र कार्य सम्बन्धी वस्तुगत अध्ययन भएको देखिन्छ । नेपाली स.क्रि. मु. क्रि. विश्लेषण पद्धति अनुरूप हुने कुरालाई उल्लेख

गरिएको यस शोधग्रन्धमा उनले भनेका छन् : *नेपालीका सहायक क्रिया मुख्य क्रियासँग जोडिएर आउँने रूप समूहका रूपमा रहने, स.क्रि. रूपान्तरण नियम नलाग्ने र सधैँ मु. क्रि. मै आश्रित र निर्भर हुँदा मु.क्रि. बाट बोग्लिएर यिनको पदवत् अस्तित्व रहँदैन । संरचनागत सम्वन्धका आधारमा नेपाली स. क्रि. मु. क्रि. कै बद्ध रूपसरह भएकोले यिनीहरू क्रियापदका घटक हुन् ।*

*नेपाली भाषाका स. क्रि. अन्तर्गत मु.क्रि. का पछि जोडिन आउँने पक्ष, काल, अकरण, संगतिलाई बुझाउने प्रत्यय वा क्रियाहरू पर्दछन् । नेपालीमा स. क्रि. लाई निम्नानुसार प्रस्तावित गर्न सकिन्छ :*




*यदि पक्षसंकेतक संरचनाको उपस्थिति छ भने त्यहाँ स.क्रि.* ***छ*** *वा* ***थि*** *को अनिवार्यता हुन्छ वा स. क्रि.* ***छ*** *वा* ***थि*** *को उपस्थितिमा मात्र पक्ष संकेतक संरचना आउँछन् ।* ***छ/थि*** *क्रियाको सम्बन्धमा नेपालीमा पक्ष र पक्ष सङ्केतक रूपलाई यसरी देखाउन सकिन्छ ।*




यिनले अभ्यस्त संरचनालाई बुझाउन **न्द** आउँने बताएका छन् । **एक** स्वरान्त धातुको पछि **न्** संयुक्त स्वरान्त धातुका पछि ँ तथा **द** र व्यञ्जनान्त धातुका पछि **द्, त्** तथा **न** जस्ता संरूपहरूमा अभ्यस्त सूचक भएर आउँने गर्दछ । अपूर्ण पक्षको द्योतकका रूपमा **न्दै** लाई प्रस्तुत गर्दै सबै स्वरान्त धातुपछि **दै** तथा अघोष व्यञ्जनान्त धातुसित **तै** पनि आउन सक्ने एवम् **दो** पनि अपूर्ण पक्षको रूपमा आउँने तर **न्दै** र **न्दो**मा भिन्नता रहेको कुरा पनि उल्लेख गरेका छन् । न्दो नामीकृत बन्न र संगतिअनुसार रूपभेदमा आउन सक्ने तर **न्दै** भने यी दुवै अवस्थामा देख्न नसकिने देखाएका छन् । त्यस्तै पूर्ण पक्षको संकतेकका रूपमा **एक्** र **ए** लाई लिएका छन् । यसैगरी अज्ञात पक्षको संकेतक **ए** र निश्चित पक्षको **ने** प्रत्ययको पनि चर्चा गरेका छन् । यद्यपि **न्दै** जस्तो पक्षको संकेतक रूपको उदाहरण प्रस्तुत गर्दै अवस्थाअनुसार यसले आ.क्रि. को योजिका भएर पनि काम गर्न सक्ने कुरालाई अघि सारेका छन् । यस आधारमा नेपालीमा प्रत्ययका आधारमा नभई कार्यका आधारमा पक्षलाई परिभाषित गर्नुपर्ने निष्कर्ष दिएका छन् ।

नेपाली काल अन्तर्गत भूत र अभूत रहने र यसलाई क्रमशः **य्** र **छ** ले बुझाउँछ भनेका छन् । नेपालीमा वर्तमान र भविष्यत कालका बीचमा भेदक विन्दु नभएको **छ** ले वर्तमान र भविष्यत दुवैलाई बुझाउने अर्थमा अभूत भनिएको छ ।

*नेपालीमा अर्थ पनि स.क्रि. अन्तर्गत रहने गर्दछ । तर यो क्रियापदावलीको आधार संरचना अन्तर्गत रहँदैन । यो पक्ष र काललाई बुझाउने भाषिक रूपको लोप गरेपछि आगमको रूपमा रहन्छ । यस अन्तर्गत संभावना, आज्ञा, अनुमति, प्रश्न, इच्छा आदि अवधारणार्थक सन्दर्भहरू रहेका हुन्छन् । प्रश्नबोधक वाक्यमा अन्य पूर्ववर्ती तथा परवर्ती*

*अवयवहरू यथावत् रहन्छन् र अनुतानले प्रश्नार्थकतालाई संकेत गर्दछ । यसमा काललोप हुँदैन । यसलाई प्रश्नवाचक चिह्नबाट बुझाइन्छ ।*

*नेपालीमा क्रियापदावली अन्तर्गत बाहिरी रूपमा अकरण प्रत्ययका रूपमा (जान्छ > जाँदैन), पूर्वसर्गका रूपमा (जान्छ > जाँदैन), पूर्व सर्गका रूपमा (जाउ > नजाऊ) तथा शब्दका रूपमा (न, ऊ आयो न तिमी आयौं) प्रयुक्त हुन्छ । अकरण संकेतक 'न' को संरूपका रूपमा इनु, एन, नु र न जस्ता संरूपहरूले अकरणलाई बुझाउँदछ । अकरण स.क्रि. को ऐच्छिक रूपमा आउँने अवयव हो । नेपालीमा अकरणको प्रयोग गर्दा कालबोधक 'य' तथा 'छ' को लोप हुने हुँदा कियापदको आधार संरचनामा यसलाई नराखी रूपान्तरण नियमसँग सम्वन्धित रूपान्तरित संरचनाअन्तर्गत पनि राख्न सकिन्छ । रूपावलीको आन्तरिक संचरनामा अकरण काल भन्दा पछि तर संगतिभन्दा अघि आउँछ । अन्तःक्रमका आधारमा हेर्दा अकरण स.क्रि. को तेस्रो अवयवका रूपमा आउँने अवयव हो । यो कालबोधक अवयवको लोप भएपछि चाहिँ बाहिरी तहमा स.क्रि. लाई छोडी कि$_{१}$ को अघि आएपनि (नजाऊ, नपरोस्, नभन्ला आदि) आन्तरिक रूपमा अकरणको स्थान निश्चित पाइन्छ ।*

*अकरणको पनि अकरण अर्थात करणको बोधका निम्ति प्रयोग गर्ने सन्दर्भमा एउटा अकरण आन्तरिक तहमा अर्थात कालको लगत्तैपछि र अर्को अकरण क्रि$_{१}$ भन्दा पनि अघि आउँछ ।*

*नेपालीमा संगति अन्तर्गत लिङ्ग, वचन, पुरूष र आदरार्थी रूपका संकेतक भाषिक एकाइ पर्दछन् । अन्तःसंरचनामा संगतिको स्थान स.क्रि. को अन्त हो । बहिः संरचनामा भने संगति तीन ठाउँमा आउँछ । संगतिक$_{१}$ उच्च आदशरार्थीको द्योतक हो । यो क्रिया$_{२}$ भन्दा पछि र पक्ष भन्दा अघि आउँछ, आन्तरिक तहमा संगतिको क्रम क्रियाको अन्त मात्र भए तापनि बहिः संरचनामध्ये स.क्रि.को अघिल्लो घटकका रूपमा काल भन्दा अघि तालिकामा देखाइएअनुसार आउँछ ।*

| | मु.क्रि. | संगतिक | काल | संगतिक |
|---|---|---|---|---|
| बुवा | जा | नुभ | य् | ओ |
| हजुरले | भन् | नुभ | य् | ओ |

तालिका नं. ११ गौतम (२०५३)मा संगतिको स्थान

*संगति २ लिङ्ग र वचनको द्योतक हो । यो पक्षको पछि र कालको अघि आउँछ । पक्षद्योतक रूपसित संयुक्त भई आउँने संगतिकका पुलिङ्गी एकवचन, स्त्रीलिङ्गी एकवचन बहुचवनबोधक तीन स्थितिहरू हुन्छन् । यो पूर्ण पक्षद्योतक एकसँग आउँछ ।* जस्तै :–

| | मु.क्रि. | पक्ष | संगतिक | अन्य संरचना |
|---|---|---|---|---|
| मैले | भन् | उक् | ओ | थिएँ |
| ऊ | उठ् | एक् | ई | छ |
| ती केटाहरूले | गाउँ | एक् | आ | थिए |
| केटीहरूले गीत | गाउँ | एक् | आ | थिए |

तालिका नं. १२ गौतम (२०५३) मा संगति$_{२}$ को स्थान

*संगति २ स.क्रि. को अन्तमा आउँछ । अन्तः संरचना र वहि : संरचनामा यसको एकै स्थान हुन्छ । पुरूष, लिङ्ग, वचन अनुसार संगतिबोधक संरचनाको प्रयोग हुन्छ । करण तथा अकरण संरचनासित आउँदा यसको रूप केही फरक हुन्छ । यसको प्रयोग तल देखाइएअनुसार हुन्छ ।*

| | मु.क्रि. | पक्ष | संगतिक | अन्य संरचना |
|---|---|---|---|---|
| म | आउँ | द | छ | उ |
| हामी | सुत् | द | छ | औं |
| त्यो केटो | पढ् | दै | छ | अ |
| सीता कता | बस् | द | छ | ए |
| तिनीहरू | आइसक् | दै | छ | अन् |
| तिमी कता | जा | न् | छ | औं |

तालिका नं. १३ संगति₃ को गौतम (२०५३) मा स्थान

*यहाँ आएका संगति₃ अन्तर्गतका संरचनाहरू काल तथा अर्थसम्बन्धी भिन्नता हुँदा परिवर्तित हुन्छन् । सामान्यतयाः उद्देश्यसित संगति₃ ले सम्वन्ध राख्दछ* (प. १३६–१५४) ।

रूपान्तरणात्मक व्याकरणको सिद्धान्तअनुसार नेपाली स.क्रि. को अध्ययन गरिएको यस शोध प्रबन्धमा स.कि. अन्तर्गत चर्चा गरिएका **छ, हु/भ** जस्ता क्रिया वर्गका रूपहरूलाई कोटि स.क्रि. को रूपमा लिइएको छ ।

### २.३.३. नेपाली प्रेरणार्थक क्रियाको अधययन (२०६३)

उपेन्द्र सुवेदीको स्नातकोत्तर शोधपत्र नेपाली प्रेरणार्थक क्रियाको अध्ययन (२०६३) मा *दुई वा दुई भन्दा बढी क्रियाहरू मिलेर मिलित क्रिया बन्दछ । नेपालीका मिलित क्रियाहरू मुख्य क्रिया १ (आधार)+ मुख्य क्रिया २(आधृत) को रूपमा रहन्छन् । आधार क्रिया र आ.क्रि. का वीचमा इ,नु, नु नै, दै जस्ता योजिकाहरू लाग्दछन् । यस प्रकारका योजिकाहरू लागेपछि आधृत क्रियाहरूले आफ्नो वर्गको अर्थ गुमाई आधार क्रियाको अर्थमा विशिष्टता थप्ने काम गर्दछ* (पृ. ७०) भनेका छन् ।

यसअनुसार नेपाली आ.क्रि. हरू आधार क्रियापछि योजिकाका साथ आफ्नो वर्ग गुमाई अर्थसहायक भएर रहने देखिन्छ । उनले आ.क्रि. हरू पर्, जा, लाग्, छाड्, छोड्, सक्, आउ हिड्, गर्, हाल्, रास् हेर्, पठाउ, टोपल्, सिध्याउ, माग्, चाह्, थाल् , पाउ

खोज्, आँट्,  लाउ, ल्याउ, बन्, बस्, पुग्, रह् र बक्स गरी २९ वटा उल्लेख गरेका छन् ( पृ.  ७३ र ७४) यी आ.क्रि. हरूमा  गौतम (सन् १९९८) ले प्रस्तुत गरेका २६ वटा र थप बन्, बस् र पुग् रहेका छन् । यो सङ्ख्या अनुसन्धनकाकालमा अझै बढेका छन् । *प्रेरेणार्थक हुने आ.क्रि.मा सकाउ, हिडाउ, गराउ, पठाउ, बनाउ, दिलाउ पर्दछन् । यी बाहेक अरू आधृत प्रेरणार्थक क्रिया पाइँदैन । एक भन्दा बढी आ.क्रि. हुँदा आधार क्रिया मात्र प्रेरेणार्थक हुन्छन् । लेखाइदिन लगायो जस्ता केही क्रियामा मात्र आ.क्रि. पनि प्रेरणार्थक हुन्छ । द्वितीय प्रेरणार्थक बनाउने आ.क्रि. मा लगाउ, हिडाउ, गराउ, पठाउ, बनाउ, बसाउ पर्दछन् । अन्य आ.क्रि. भएका मिलित क्रिया द्वितीय प्रेरणार्थक रूपान्तरण हुँदैनन् ।*

*नेपालीमा स्वत : प्रेरणार्थक हुने क्रियामा  पठाउ पर्दछ । यो आफैमा मूल क्रिया हो । यो कुनै रूपान्तरण प्रक्रियामा नगई सोझै शब्दसमूहमा प्रवेश गर्छ । मिलित क्रियामा आउँने भनिपठाउ, भन्न पठाउ क्रिया पनि स्वतः प्रेरणार्थक हुन्* (पृ.७५) ।

यसरी सुवेदीले आ.क्रि. हरूको सङ्ख्यामा थपोट गर्नाका अतिरिक्त यस खालका क्रियाहरूको प्रेरणार्थक प्रक्रियाको सम्बन्धमा गरेको अध्ययन वस्तपुरक देखिन्छ ।

## २.४ पत्रपत्रिका

## २.४ नेपाली क्रियासहायकको अन्तर्व्यवस्था (२०४९–५०)

देवीप्रसाद गौतमको **नेपाली क्रियासहायकको अन्तर्व्यवस्था** (२०४९–५०) मा मुख्य क्रियाका पट्टि आउँने स.क्रि. को बनोट, यसका घटकहरूको प्रकार्य तथा घटकका बीचको अन्तः क्रमलाई प्रस्तुत गरिएको छ । यसमा सुसन र अरूहरू (१९८१) द्वारा प्रस्तावित सार्वभौम कोटिका विशेषताका आधारमा नेपालीका सहायक क्रिया (Aux) को निर्धारण गर्ने आधार भिन्न भएकाले यसलाई बुझाउन क्रियासहायक शब्दको प्रयोग गरिएको छ र यसका निर्णीत र अनिर्णीत विशेषतामाथि प्रकाश पारिएको छ ।

यसमा स क्रि. को स्थान स.क्रि. को बनोट, स.क्रि. का घटकहरूको अन्त : क्रम र पूर्ववर्ती तथा उत्तरवर्ती पदसितको सम्बन्ध आदि आधारमा वर्गीकृत गरी अध्ययन गरिएको छ । नेपालीमा यस अन्तर्गत पक्ष, काल, अकरण र संगतिबोधक संरचना आउँने कुराको उल्लेख गरिएको छ ।

यसमा नेपालीको स.क्रि. लाई जापानीमा झैं वाक्यको अन्तमा आउँने कुरो औंल्याइएको छ । काल वा भावलाई स.क्रि. को निर्णीत विशेषता र पक्ष, अकरण र संगतिलाई अनिर्णीत विशेषता मानिएको छ । स.क्रि. का सार्वभौम रूपमा मानिएका सरंचनाभन्दा भिन्न नेपालीको स.क्रि. को संरचना नमानिएकोले सर्वभाषा व्याकरणको समान्यीकृत अभिलक्षण अन्तर्गत नेपालीको स.क्रि. पर्नसक्ने निष्कर्ष प्रस्तुत गरिएको छ । यस लेखेको उद्देश्य स.क्रि. लाई सार्वभौम रूपमा पृथक कोटि मान्न सकिन्छ भन्ने सुसन र रूपमा पृथक कोटि मान्न सकिन्छ भने सुसन र अरूहरू (१९८१) द्वारा स्थापित मान्यताका सन्दर्भमा परीक्षण गर्ने रहेको देखिन्छ । यसैले स.क्रि. लाई पृथक कोटि मान्दा नेपालीका स.क्रि. का विशेषता के–के हुनसक्छन् भन्ने विषयमा यसमा प्रकाश पारिएको छ । ( वाङ्मय, २०४९/५० : १२–३७) ।

### २.४.२ नेपाली मिलित क्रिया (सन् १९९८)

देवीप्रसाद गौतमद्वारा लिखित **नेपालीमा मिलित क्रिया** शीर्षकको लेख त्रि.वि. जर्नल, भोल्युम ५५१, नं. २, १९९८ मा सुरक्षित । यसमा नेपालीका मिलित क्रियाहरू + मुख्य क्रिया$_1$ र मुख्य क्रिया$_2$ का रूपमा बन्दछन् । आधार क्रिया र आ.क्रि. का बीचमा इ, नु, नु ने दै जस्ता योजिकाहरू लाग्छन् । यस प्रकारका योजिकाहरू लागेपछि आ.क्रि. हरूले क्रियावर्गको अर्थलाई गुमाउँछन् र आधार क्रियाको अर्थमा विशिष्टता थप्ने काम गर्दछन् । आधार क्रियाका रूपमा आउँने यसप्रकारका आधृत क्रियाहरूलाई परतन्त्रताबोधक, सातत्यताबोधक, नित्यताबोधक, अतिमानवोधक, अवकाशबोधक, विचारबोधक, स्थितिबोधक, परार्थता, अनुमतिबोधक, अवस्थाभेदबोधक समाप्तिबोधक, निश्चयबोधक आदि वर्गमा विभाजन गरिएको पाइन्छ भने योजिकाहरूलाई नामसंयुक्त, विशेषणसंयुक्त तथा अव्ययसंयुक्त गरी तीन वर्गमा विभाजन गरिएको पाइन्छ । *नेपालीमा सक्, जा, हाल्, टोपल्, दि, राख्, आउ, छाड्, हेर्, माग्, लाग्, थाल्, पाउ, खोज् लगाउ, पर्, आँट्, गर्, रह्, बक्स्, चाह्, छोड्, पठाउ, सिध्याउ, हिँड्, लगाउ आदि मिलित क्रियाका निमित्त आधृत क्रियाका रूपमा रहेर कार्य गर्दछन् । यस्ता आ.क्रि. हरू मूल क्रियाका रूपमा आउँदा यिनको जे–जस्तो उपकोटिगत स्थिति छ आधृत क्रियाका रूपमा आउँदा अर्कै उपकोटिको निर्माण हुन्छ र आधार क्रियाको जे-जस्तो उपकोटिगत स्वरूप छ त्यही नै मिलित क्रियाको उपकोटिगत स्वरूप हुन्छ ।*

*मिलित क्रियाको संरचना आधार क्रियाको योजिकाको प्रकृतिमा भर पर्दछ । खास प्रकारका आ.क्रि. हरू खास योजिकासित आउछन् । सबै योजिकासित सबै आधृत क्रियाहरू आउन सक्दैनन् । कुनै एक आ.क्रि. तीन वटासम्म वेग्लावेग्लै योजिकासित मिलेर आउनसक्ने देखिन्छ र यसरी पृथक पृथक योजिकासित मिलेर आउँदा धेरै आ.क्रि. मा प्रयोग हुने योजिका 'इ' हो भने सबैभन्दा कम आ.क्रि. मा प्रयोग हुने योजिका 'ने' हो* (पृ. १३९) ।

यिनको यस लेखमा गौतम (२०५३) मा प्रस्तुत गरेभन्दा थप आ.क्रि. हरूको अध्ययन भएको देखिन्छ । त्यसैले गौतम (२०५३) मा भएको आ.क्रि. को विस्तारित अध्ययनको रूपमा यो लेख रहेको पाइन्छ । उनले थप आ.क्रि. का रूपमा **जा, चाह्, छोड्, पठाउ, सिध्याउ, हिंड्** र **लाउ** गरी ७ वटा क्रियाहरू थपेका छन् । यिनै आ.क्रि. हरूको थप अध्ययन नै यस लेखको वैशिष्ट्य हो । उनले प्रस्तुत गरेका यस्ता आ.क्रि. हरूमा **पुग्, बन्** र **बस्** ३ वटा थपी २९ वटा पुऱ्याउने काम सुवेदी (२०५३) मा भएको कुरा माथि २.३.घ. मा अध्ययन भइसकेको छ । यिनले आधृत क्रियाका रूपमा गरेको अध्ययनलाई यस शोधग्रन्थमा क्रियार्थद्योतकका रूपमा अध्ययन गरिएको छ ।

## २.५ निष्कर्ष

नेपाली सहायक क्रियाको सन्दर्भमा माथि उल्लेख गरिएका पुस्तकहरूमाबाहेक अन्य धेरै पुस्तकहरूमा अध्ययन गरिएको पाइन्छ । ती पुस्तकहरूमा अध्ययन गरिएको स.क्रि. सम्बन्धी धारणा उल्लिखितपुस्तकहरूसँग मिल्दा छन् । प्राप्त सामग्रीको अध्ययनबाट स.क्रि. को बारेमा तल उल्लिखितनिष्कर्ष दिनसकिन्छ ।

- ❖ नेपाली स.क्रि. शब्दलाई संयुक्त वा मिलित क्रियाको संरचकको रूपमा र क्रियापद निर्माणमा रूपायककोटिका रूपमा लिएको पाइन्छ ।
- ❖ नेपाली स.क्रि. लाई रञ्जक, योजिका, आधृत क्रिया र क्रियार्थद्योतक (मोडल) का रूपमा चिनाइएको छ ।
- ❖ मिलित क्रियामा आउँने स.क्रि. हरूले क्रियाको अर्थलाई विशिष्ट पार्ने तथा काल, पक्ष, भाव, वाच्य सङ्गति र अकरणअनुसार रूपायनमा सहयोग गर्ने गर्दछन् ।

❖ संयुक्त क्रियामा आउँने स.क्रि. अभूतकालको संकेतक तथा काल सङ्गति र अकरणअनुसार रूपायन हुने गर्दछ ।

❖ मिलित क्रिया निर्माणमा मु.क्रि. पश्चात् लाग्ने प्रत्ययहरू **इ, न, ने नु, दै** र **दो** हुन् ।

❖ खास मु .क्रि.  प्रत्ययान्त पश्चात् खास स.क्रि. हरू मात्र आउँने गर्दछन् ।

❖  मुक्रि. प्रत्ययान्त (योजिका) र अर्थका आधारमा स .क्रि. हरू वर्गीकृत हुन्छन् ।

❖  **पर्नु** स.क्रि. ले कारक रचनामा प्रभाव पार्दछ ।

❖  वाच्य र सङ्गतिका आधारमा  **पर्नु** र **हुनु** स.क्रि. तटस्थ रहन्छन् ।

❖ **सकाउ, हिडाउ, गराउ, पठाउ, बनाउ, लगाउ** र **दिलाउ** स.क्रि. (आ.क्रि.) हरू मात्र  प्रेरणार्थक हुन सक्दछन् ।

❖ क्रियापद निर्माणमा रूपायककोटिका रूपमा  पक्ष, काल, अकरण, सङ्गति र भाव स.क्रि. अन्तर्गत पर्दछन् ।

परम्परागत  व्याकरणहरूमा पण्डित (२०४२) र भट्टराई (२०३३) ले स.क्रि.  लाई क्रियासंयुक्त क्रियामा कालरचनार्थ र मिलित क्रियामा अर्थविशिष्टताको निम्ति मु.क्रि पश्चात आउँने क्रियाहरूका रूपमा स.क्रि. को विस्तृत अध्ययन पाइन्छ । संयुक्त क्रियामा आउँने  र मिलित क्रियामा आउँने भनी छुट्टै अध्ययन भए पनि पोखरेल (२०५६) मा अर्थविशिष्टताका लागि आउँने स.क्रि. लाई रञ्जक र काल बुझाउने प्रायः समापकका रूपमा आउँनेलाई रञ्जकका रूपमा, मिलित क्रियाको संचकका रूपमा आधृत क्रियाका नाम दिई गौतम (सन् १९९८) र सुवेदी (२०६३) मा अधिकतम स.क्रि. हरू उल्लेख भएका छन् । यस्ता स.क्रि. हरू (क्रियार्थद्योतक) हरू अनुसन्धान कालमा अझै थप भेट्टाइएका छन् । त्यसैले ती क्रियार्थद्योतकहरूको कार्य र प्रकारका सम्बन्धमा थप अध्ययन गर्नुपर्ने देखिन्छ । पूर्ववर्ती अध्ययनमा कार्यलाई केवल आर्थी आधारमा अध्ययन गरिएको छ । यसलाई रूपायनको आधारमा पनि हेर्नुपर्ने देखिन्छ । यस खालको थोरै अध्ययन भने पोखरेल (२०५४) र अधिकारी (२०४९) मा भएको पाइन्छ । यसलाई सूक्ष्म रूपमा अध्ययन गर्न सकिन्छ । त्यस्तै प्रकार निर्धारणमा  पनि स्वरूपका अतिरिक्त कार्यका

आधारमा विशिष्ट अध्ययन गर्नुपर्ने देखिन्छ । संयुक्त क्रियामा आउँने स.कि. हरू मिलित क्रियामा पनि आउन सक्दछ । त्यसैले त्यस्ता स.क्रि. हरू कुन–कुन हुनसक्छ, त्यसका कार्य र प्रकार के –के हुन सक्तछ । त्यसलाई पनि अध्ययन गर्नु जरुरी छ । रूपान्तरण व्याकरणअनुसार (स.क्रि. लाई रूपायक कोटिका रूपमा अध्ययन गरिएकोले त्यस खालको अध्ययनभन्दा भिन्न यहाँ स.क्रि. लाई मिलित वा संयुक्त क्रियामा आउँने क्रियावर्गका रूपहरूको मात्र अध्ययन गरिएको छ । त्यसैल स.क्रि. अन्तर्गत पर्ने **छ, हु/भ** जस्ता क्रियाहरूलाई कोटिसहायक क्रियाका रूपमा अध्ययन गर्न सकिन्छ ।

# अध्याय–तीन

## ३. क्रियार्थद्योतकको परिचय, प्रकार र कार्य

### ३.१ क्रियार्थद्योतकको परिचय

क्रिया + अर्थ + द्योतक तीनवटा शब्दको मेलबाट क्रियार्थद्योतक शब्द निर्माण भएको छ । यसको शाब्दिक अर्थ क्रियाको अर्थ सङ्केत गर्ने भन्ने हुन्छ । मिलित क्रियामा आउँने मुख्य क्रिया पश्चातका सहायक क्रियालाई बुझाउन यहाँ क्रियार्थद्योतक शब्दको प्रयोग गरिएको हो । मिलित क्रियामा मूलतः आर्थी विशिष्टता कायम गर्न आउँने सहायक क्रियाका रूपमा रहने भएकोले त्यस्ता क्रियाहरूलाई क्रियार्थद्योतक शब्द उपयुक्त हुने हिसाबले यो शब्दलाई यस शोधकार्यमा लिइएको छ । क्रियार्थद्योतकलाई मिलित क्रियाको संरचकका रूपमा लिइएकोले मिलित क्रियाको चर्चा पनि यहाँ आवश्यक देखिन्छ ।

*नाम, विशेषण, क्रियाविशेषण जस्ता शब्दवर्गसित संयुक्त भई आउँने एक प्रकारका क्रियाहरू हुन्छन् भने क्रियासित मेल भई आउँने अर्का प्रकारका क्रिया पनि हुन्छन् । नाम, विशेषण, क्रियाविशेषण जस्ता अन्य शब्दवर्गसित संयुक्त भई आउँने क्रियालाई अंग्रेजीमा कन्जक्ट भर्व (conjunct verb) र अन्य क्रियासित मेल भई आउँने क्रियालाई कम्पाउन्ड भर्व (compound Verb) भन्ने गरिन्छ । नेपालीमा भने यी दुई प्रकारका क्रियाहरूलाई अंग्रेजीमा झैं भिन्न रूपमा नलिई समष्टिगत रूपमा कम्पाउन्ड भर्व (Compound verb) का रूपमा लिदैं क्रियाभिन्न संयुक्त क्रिया र क्रियायुक्त संयुक्त क्रिया (पण्डित, २०४२, भट्टराई २०३३) र संयुक्र क्रिया र मिलित क्रिया (सिग्द्याल : २०४६) नाम दिइएको पाइन्छ* (गौतम, १९९८ : १३९) । अंग्रजीमा कन्जङक्ट भर्वलाई कम्पाउन्ड भर्वभन्दा भिन्न मानी पृथक नाम दिइए जस्तै सिग्द्यालमा झैं कुनै दुई वा दुईभन्दा बढी क्रियाहरू मिलेर बन्ने क्रियालाई मिलित क्रियाको रूपमा लिई यस शोधकार्यमा क्रियार्थद्योतकको अध्ययन गरिन्छ ।

*मिलित क्रियाको घटकमा रूपमा रहने क्रियालाई भाषाशास्त्रीहरूबाट विभिन्न नाम दिइएको पाइन्छ । यसमा पहिलो घटकका रूपमा आउँने क्रिया वा कि १ लाई मेन भर्व, प्रिन्सिपल भर्व वा पोल (दास गुप्ता सन् १९७७) नाम दिइएको छ । यसै गरी दोस्रो वा*

*त्यपछिको घटकको रूपमा आउँने क्रिया वा क्रिया २ लाई एक्सप्लिकेटर (गोपालकृष्ण सन् १९९२), मोडिफाइड भर्वल एक्सप्रेशन (पोरिज्का : १९९६), सिरियल भर्व (कायरू : १९७८), कम्पाउन्ड भर्व (हुक : सन् १९७४) र अग्जुलरी भर्व (अक्माजिन, स्टिल र वासो : सन् १९७९, सुसन* स्टिल, सम्पा : सन् १९८१) *आदि नाम दिइएको पाइन्छ* (गौतम, १९९८ : १३९) । नेपाली व्याकरण परम्परामा पहिलो घटकका रूपमा आउँने क्रियालाई मुख्य क्रिया, दोस्रो वा त्यसपछि आउँने क्रियालाई सहायक क्रिया (पण्डित, २०४२ सिग्द्याल, २०४६, भट्टराई : २०३३ शर्मा २०३६, अधिकारी : २०४९) वा पहिलो घटकका रूपमा आउँने क्रियालाई मेरू तथा दोस्रो घटकका रूपमा आउँने क्रियालाई रञ्जक र योजिका (पोखरेल : २०५६) वा पहिलो घटकका रूपमा आउँने क्रियालाई क्रिया$_{१}$ मु.क्रि र दोस्रो घटकका रूपमा आउँने क्रियालाई क्रिया$_{२}$/ मोडल अग्जुलरी (शर्मा सन् १९८०) वा क्रियार्थद्योतक (शर्मा :२०५२) भन्ने गरिएको पाइन्छ। त्यस्तै गौतम (२०५३), गौतम (सन् १९९८) मा पहिलो घटकलाई आधार किया र दोस्रो क्रियालाई आधृत क्रिया भनिएको पाइन्छ । यसरी मिलित क्रियामा दोस्रो घटकका रूपमा आउँने क्रियालाई विभिन्न नाम दिइएको देखिन्छ । यसमध्ये यस शोधकार्यमा त्यस्ता सहायक क्रियालाई क्रियार्थद्योतक भनिएको छ ।

क्रियार्थद्योतकलाई परिचित गराउन यसको रहने स्थान, स्थान निर्माणमा सहभागी हुने प्रत्यय र कार्यलाई आधार लिनुपर्ने देखिन्छ । दुई वा दुईभन्दा बढी क्रियाहरू आउँदैमा मिलित क्रिया हुन नसक्ने भएकोले त्यसतर्फ पनि ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। जस्तै :

४१. क. राम भात खाई गयो ।

ख. राम उठी नुहाई खाई जाला ।

ग. राम भात खाइ हाल्न सक्छ ।

उदाहरण ४१. क रु ख. मा आएका एकभन्दा बढी क्रियाहरू सबै मुख्य क्रियाका रूपमा प्रयुक्त भएका छन् । ४१ क मा खाने कार्यमा पछिल्लो जा. धातुबाट निमिर्ति क्रियाले कुनै सहयोग गरेको देखिन्न त्यस्तै स्थिति ४१ ख मा पनि देखिन्छ, जहाँ पहिलो क्रियाका रूपमा आएको उठ्नसँग पछिल्लो क्रियाहरू नुहाउनु, खानु, जानुसँग अर्थगत सहयोगी भएका छैनन् । त्यसैले ४१ क र ख मा आएका एकभन्दा बढी क्रियाहरू आफ्नो कोशीय

अर्थ दिन सक्षम छन् तर ४१ ग मा खाने क्रियामा पछिल्ला हाल्नु र सक्नु क्रियाले आफ्नो कोशीय अर्थलाई त्यागेर खाने काममा शीघ्रता र सक्षमता अर्थ थपेका छन् । मु.क्रि. खानु पछि आएका हाल्नु र सक्नु क्रियाहरू मिलित क्रियामा संग्लन भएको देखिन्छ । यिनीहरू आफ्नो कोशीय अर्थ दिन सक्षम छैनन् । क्रियार्थद्योतकको मूल पहिचान भनेको नै यही हो । यसबाट क्रियार्थद्योतक मिलित क्रियामा मुख्य क्रियापश्चात एक वा एक भन्दा बढी आएर अर्थगत विभिन्नता कायम गर्न सहयोगी क्रियाहरू हुन् भन्ने बुझिन्छ । तर यतिले मात्र क्रियार्थद्योतकको परिचय खुल्दैन । त्यसैले स्थान निर्माणमा सहयोगी प्रत्ययहरूले पनि यिनीहरूको संलग्नता र अर्थमा फरक पार्ने भएकोले त्यस कुरालाई पनि विचार गर्नुपर्ने देखिन्छ ।

जस्तै ४२. क. आज शिक्षकलाई कोदाली खन्ने काम आइपर्‍यो । (आकस्मिकता)

ख. यसलाई कहाँ जानपर्‍यो । (बाध्यता)

ग. हिजो तपाईलाई बजार जानुपर्‍यो । (आवश्यकता)

उदाहरण ४२ क, ख र ग मा 'पर्नु' क्रियार्थद्योतक फरक–फरक मु.क्रि प्रत्ययहरूका साथ आएको देखिन्छ तिनै प्रत्ययहरूले गर्दा अर्थगत विभेद पनि देखिएको छ । सवै क्रियार्थद्योतक प्रत्ययहरूका साथ आएको देखिन्छ । तिनै प्रत्ययहरूले गर्दा अर्थगत विभेद पनि देखिएको छ । सबै क्रियार्थद्योतकहरू सवै प्रत्ययपश्चात आउँन सक्तैनन ।

जस्तै :–

४३. क. ऊ भात खाने पर्‍यो ।

ख. उसले भात खानुपर्‍यो ।

उदाहरण ४३. क मा 'नु' मु.क्रि. प्रत्ययात्नपश्चात **पर्** धातु क्रियार्थद्योतकका रूपमा प्रयुक्त हुँदा अर्थगत विशिष्टता कायम गर्न सकेको छैन । ४३ ख. मा भने आवश्यक्ता बुझाउन नु मु. क्रि. प्रत्ययान्त खानु क्रियासँग **पर्नु** क्रिया आएको छ । यसबाट खासखास मु.क्रि. प्रत्ययान्तका साथ आउँने खास क्रियाहरू (एक वा एक भन्दा बढी आएर अर्थगत विभिन्नता कायम गर्न सहयोगी क्रियाहरू) क्रियार्थद्योतक हुन् भन्नसकिन्छ । यसलाई अझ राम्ररी बुझाउन यसको रूपायनिक सहभागीतालाई पनि लिने गरिन्छ । काल, भाव, वाच्य, पक्ष, सङ्गति र अकणअनुसार रूपायन हुने क्रियाको रूपमा पनि

क्रियार्थद्योतकलाई लिइन्छ तर सबै क्रियार्थद्योतकहरूको उक्त आधारमा समान स्थिति देखिदैन । जस्तैः –

४४ . क रामले भात खानुपर्छ ।

ख. रामले भात खानुपर्थ्यो । (भूत काल)

ग. रामले भात खानुपरोस् । (इच्छार्थ)

घ. रामले भात खानु पर्दैन । (अकरण)

४५. क. रामले भात खाइहाल्यो ।

ख. रामले भात खाइहाल्छ । (अभूत काल)

ग. रामले भात खाइहालोस् । (इच्छार्थ)

घ. राम भात खाइहाल । (आज्ञार्थ)

ङ. रामबाट भात खाइहालियो । (कर्मवाच्य)

च. रामले भात खाइहालेन । (अकरण)

४४ र ४५ मा क्रमशः **पर्नु** र **हाल्नु** क्रियार्थद्योतकको रूपायन गरिएका छन् । तर ४४ मा भन्दा ४५ मा उदाहरणहरू बढी रहेका छन् । यसको खास कारण तिनीहरूको विशेषताले गर्दा हो । **पर्नु** क्रियार्थद्योतकले अभूतकालमा पनि कर्तामा ले लिएको देखिन्छ भने हाल्नु क्रियार्थद्योतक त्यो स्थितिमा देखिन्न । क्रियार्थद्योतकको कार्य र प्रकार अन्तर्गत यिनीहरूको विस्तृत चर्चा गरिनेछ । उल्लिखितउदाहरणहरूबाट क्रियार्थद्योतकहरूको आर्थी कार्यमात्र भिन्न नभएर अन्य कार्यसमेत भिन्नता रहेको प्रष्ट हुन्छ । माथिको चर्चाबाट मिलित क्रियामा संलग्न क्रियार्थद्योतकलाई निम्नानुसार परिचत गराउन सकिन्छ ।

मिलित क्रियामा मु. क्रि. पश्चात प्रत्ययका आधारमा आई मु. क्रि. को अर्थमा विविधता ल्याउने त्यस्ता क्रियाहरूलाई क्रियार्थद्योतक भनिन्छ जसले रूपायनमा सहभागी हुने तथा कारक रचनामा पनि प्रभाव पार्न सक्तछ । यस्ता क्रियार्थद्योतकहरूमा पर्, जा, लाग्, छाड्, सक् आउ, दि, गर् हाल्, राख्, हेर्, पठाउ, टोपल्, सिध्याउ माग्, चाह्, थाल्, पाउ, खोज्, आँट्, लि, लाउ, ल्याउ, बन्, बस् पुग्, रह् बक्स्, लगाउ, छ, हु, हु, मिल्, जान्,

उठ्, र मेट् गरी ३६ वटा रहेको छन् । यिनीहरू मु.क्रि. प्रत्ययान्त इ, नु ने, नु, दै र दो सँग आउँने गर्दछन् ।

## ३.२ क्रियार्थद्योतकको कार्य

मिलित क्रियाको संरचनामा मु.क्रि. पश्चात आउँने क्रियार्थद्योतक हरूले मु. क्रि. लाई विभिन्न ढंगबाट सहयोग गर्दछन् । क्रियार्थद्योतक *(आ.क्रि.) ले मुख्य क्रिया (आधार क्रिया) द्वारा प्रस्तुत कार्यको रीति, अभिवृद्धि वा अवधारणा माथि प्रकाश पार्दछ । क्रियार्थद्योतक को स्वतन्त्र कोशीय अर्थ हुँदैन । मु.क्रि. को कोशीय अर्थप्रति अभिमुख भई क्रियार्थद्योतक हरूले कोशीय अर्थको परिधिलाई विस्तारित वा संकुचित तुल्याउने काम गर्दछन् । यसले मु.क्रि. को अर्थको क्षेत्रलाई विशिष्टीकृत गर्दछ* ( गौतम २०५३ : १३२ र १३४) । *वाक्यमा यसले व्याकरणात्मक अर्थ दिन्छ । यसले मुख्यतः वचन, भाव, पक्ष, वाच्य, काल आदि व्याकरणात्मक अर्थको अभिव्यक्ति गर्छ* (शर्माः २०६२ : ७५) । *लिङ्ग, वचन, पुरूषका सङ्गति र काल, पक्ष, भाव व्यक्त गर्न क्रियार्थद्योतक (स.क्रि) लाई उपयोगमा ल्याइन्छ* (अधिकारी २०४९ : ८२) । क्रियार्थद्योतकले मु. क्रि. को अर्थलाई विशिष्ट बनाउने र रूपायनमा सहभागी हुने कार्य गर्दछ । यसलाई क्रमशः यहाँ चर्चा गरिन्छ ।

### ३.२.१ आर्थी कार्य

खास अभिप्रायका निम्ति वक्ताले मिलित क्रियाको प्रयोग गर्दछ । क्रियार्थद्योतकहरू यस कार्यको निमित्त अनिवार्य आउँने /ल्याइने गर्दछन् । क्षमता, समाप्ति, अनुमति, शीघ्रता, निरन्तरता, बहाना, परार्थता, आकस्मिकता, परीक्षण आरम्भ, बाधा, अवसर, अभ्यस्तता प्रयत्न, बाध्यता, आवश्यक्ता, आदेश, इच्छा, लक्ष्य, अनुकूलता, संभावना, आशक्ति, प्रेरणा जस्ता विभिन्न मनोभाव व्यक्त गर्न क्रियार्थद्योतकहरू सहायक हुन्छन् । जस्तै : –

४६. क. म काम गर्न सक्छु ।

ख. म काम गर्छु ।

ग. म काम सक्छु ।

४६. क मा सक् धातु क्रियार्थद्योतकका रूपमा प्रयुक्त भएको छ । यसले कर्ता 'म' को क्षमता प्रर्दशन गरिरहेको छ । ४६. ख मा भने सामान्य रूपमा काम गर्ने बुझिन्छ ।

भने ४६. ग. मा समाप्ति अर्थ दिइरहेको छ । यसबाट क्रियार्थद्योतक हरू मु. क्रि. को अर्थसहायक हुने बुझिन्छ । उदाहरण ४६. क. ले यस कुरालाई पुष्टि गर्दछ । यसलाई विस्तृत रूपमा क्रियार्थद्योतकको प्रकार अन्तर्गत अध्ययन गरिनेछ ।

**३.२.२ रूपयानिक कार्य :–** मिलित क्रियामा लिङ्ग, वचन, आदर, पुरूष, काल, भाव पक्ष, वाच्य र अकरण अनुसार रूपायनमा क्रि. द्यो सहभागी हुनसक्दछ । रूपायनमा यिनीहरूको समान स्थिति देखिदैंन । यस आधारमा क्रियार्थद्योतकहरू उल्लिखितरूपायनमा सहभागी हुने स्थितिलाई यहाँ देखाइन्छ ।

### ३.२.२.१ पक्षमा क्रियार्थद्योतक

*पक्षले खास कालको परिवेश भित्र क्रियाका कार्यको प्रकृति तथा वितरणलाई जनाउँछ । त्यसैले यसबाट क्रियाका विभिन्न अवस्था वा चरणहरू व्यक्त हुन्छन्* (अधिकारी, २०६२ : १२१) । पक्षअनुसार मिलित क्रियाको रूपायन हुँदा पक्षसंकेतक रूपहरू क्रियार्थद्योतक पश्चात लाग्ने गर्दछ । **छ / थि** र **हो** जस्ता क्रियार्थद्योतक भने पक्षसंकेतक रूपभन्दा पनि पछि आउँने गर्दछन् । त्यसैले यी क्रियार्थद्योतक बाहेकका अन्य क्रियार्थद्योतकहरू. पक्ष अनुसार रूपायन हुने देखिन्छ । जस्तैः–

४७. क. तिमीले भात खाइहाल्यौ । (सामान्य पक्ष)

ख. तिमीले भात खाइहालेका थियौं । (पूर्ण पक्ष)

ग. तिमीले भात खाइहाल्थ्यौ । (अभ्यस्त पक्ष)

घ. तिमीले भात खाइहालेछौ । (अज्ञात पक्ष)

ङ. तिमी भात खाइहाल्दै थियौ । (अपूर्ण पक्ष)

च. तिमी भात खाइहाल्ने थियो । (निश्चित)

### ३.२.२. कालमा क्रियार्थद्योतक

*काल क्रियापदको समयसङ्केतक कोटि हो । भाषाको रूपात्मक व्यवस्थाका अधारमा नेपालीमा भूत र अभूत दुई काल देखिन्छ* (अधिकारी, २०६२ र ११७ र ११८) । छ /थि को.स.क्रि. को अनुपस्थितमा मात्र काल अनुसार नेपाली क्रियार्थद्योतकहरू रूपायित हुन्छन् । हो क्रियार्थद्योतक भने कालअनुसार रूपायित हुँदैन । जस्तै :–

४८. क. उसले कविता लेखिसकिहाल्यो । (गौतम, १९९८ : १३९)

ख. उसले कविता लेखिसकिहालेको थियो ।

ग. ऊ कविता लेख्दो हो ।

घ. ऊ. कविता लेख्दो थियो ।

उदाहरण ४८. क मा **छ** /**थि** को उपस्थिति नभएकाले हाल क्रियार्थद्योतक नै भूत संकेतक 'य' को आधार भएको छ र ४८.ख मा **थि** को उपस्थितिले गर्दा काल संकेतक **य** क्रियार्थद्योतक मा लागेको छैन । ४८ ग लाई ४८ घ मा परिर्वतन गर्दा फरक– फरक अर्थ संकेत भएको छ । झट्ट हेर्दा ४८ ग बाट ४८ घ रूपायित भएको देखिए पनि खासमा ४८ घ. मा आएको **थि छ** को भूत रूपमा आएको हो त्यसैले त्यहाँ **दो** क्रियार्थद्योतक रहने आधारको रूपमा नआएर अपूर्ण पक्षको संकेतकको रूपमा बुझिएको छ ।

### ३.२.२.३ अकरणमा क्रियार्थद्योतक

*क्रियापदको निषेधात्मक कार्य जनाउने व्याकरणात्मक युक्तिलाई अकरण भनिन्छ* ( अधिकारी, २०६२ : १५६) । *नेपालीमा क्रियापदावलीअन्तर्गत बाहिरी रूपमा अकरण प्रत्यय, पूर्वसर्ग तथा शब्दका रूपमा* (गौतम, २०५३ : १५१) आउँने गर्दछ । यहाँ प्रत्ययका रूपमा अकरण देखिदाँको स्थितिलाई आधार मानेर क्रियार्थद्योतक र अकरण बीचको सम्बन्धलाई हेर्दा रूपायन हुने स्थितिलाई हेर्नखोजिएको छ । सामान्यतः **छ**/ **थि** को अनुपस्थितमा मिलित क्रियामा अकरण क्रियार्थद्योतकपश्चात आउँने गर्दछ । अज्ञात र अभ्यस्त भूतमा भने **छ** / **थि** को उपस्थितिमा पनि अकरण प्रत्ययका रूपमा क्रियार्थद्योतकमा देखिन्छ । जस्तैः–

४९. क. उसले खाना पकाइहालेनछ ।

ख. ऊ खाना पकाइहाल्दैन ।

ग. ऊ खाना पकाइहाल्दैनथ्यो ।

घ. उसले खाना पकाउनु छैन ।

उदाहरण ४९ क. र घ. मा मात्र क्रियार्थद्योतकको लगतै पछि अकरणसूचक प्रत्यय एन् आएको देखिन्छ । अभ्यस्त पक्षमा पक्षसंकेतक रूपपछि मात्र अकरणसूचक प्रत्यय आउँने कुरा ४९. ख. र ग. बाट बुझिन्छ । **छ.** क्रियार्थद्योतकका रूपमा आउँदा भने अकरणप्रत्ययको आधार हुने कुरा ४९.घ बाट बुझिन्छ ।

### ३.२.२.४ सङ्गतिमा क्रियार्थद्योतक

*नेपालीमा संगतिअर्न्तगत लिङ्ग, वचन, पुरूष र आदरार्थी रूपका संकेतक भाषिक एकाइ पर्दछन्* (गौतम। २०५३ : १५२) । *लिङ्गअन्तर्गत स्त्रीलिङ्ग र पुलिङ्ग वचनअन्तर्गत एकवचन र बहुवचन, पुरूषअर्न्तगत प्रथम, द्वितीय र तृतीय र आदरार्थीअन्तर्गत अनादर, उच्च आदर र मध्यम आदर* (गौतम, २०४८९/५० : ३६) रहेका छन् । खाइबक्सनुहुन्छ जस्ता क्रियापदमा अतिउच्चआदर पनि रहेको देखिन्छ । **पर, छ, हु** र **हो** बाहेकका क्रियार्थद्योतकहरू सङ्गतिअनुसार रूपायन हुने देखिन्छ । त्यसमा पनि **हो** चाहिं वचन र पुरूषअनुसार रूपायित हुन्छ । यस्तै पक्षमा नै लिङ्ग र वचन लाग्दाको स्थितिमा बाहेक **छ / थि** को उपस्थितिमा सङ्गतिअनुसार रूपायन हुन नसक्ने हुन्छ । जस्तै :–

५०. क. हामीले चिठ्ठी लेख्नुपर्छ ।

ख. तिमीले चिठ्ठी लेख्नुपर्छ ।

५१. क. म पाठ पढ्दो हुँ ।

ख. हामी पाठ पढ्दा हौं ।

ग. तिमी पाठ पढ्दा हौ ।

५२. क. उसले भात खाइहाली ।

ख. उसले भात खाइहाल्यो ।

ग. हामीले भात खाइहाल्यौं ।

५२. क. ऊ नाचिटोपल्दै छे ।

ख. उनी नाचिटोपल्दै छन् ।

ग. उसले नाचिटोपलेको छ ।

घ. उसले नाचिटोपलेकी छे ।

### ३.२.२.५ वाच्यमा क्रियार्थद्योतक

*वाक्यमा कर्ता, कर्म वा भाव (क्रिया) मध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक युक्ति लाई वाच्य भनिन्छ । यो मुख्यतः क्रियासित सम्बन्धित भएर व्यक्त हुन्छ । वाक्यतत्वको प्रधानता वा वाच्यताका आधारमा नेपालीमा वाच्यहरू तीन किसिमका मानिन्छन् : कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य* (अधिकारी, २०६२ : १६५) । कर्तृवाच्य, कर्मवाच्यको क्रियापदमा 'इ' धातु पश्चात लाग्ने गर्दछ । यहाँ कर्मवाच्य र भाववाच्यमा मिलित क्रिया अन्तर्गत रहने क्रियार्थद्योतकहरूपश्चात लाग्ने गर्दछ । यहाँ कर्मवाच्य र भाववाच्यमा मिलित क्रियाअन्तर्गत रहेन क्रियार्थद्योतकहरू सहभागी हुने कुरालाई उल्लेख गर्न खोजिएको हो । यद्यपि सहभागी नहुने **नु** प्रत्यायन्त क्रियार्थद्योतक र **दै** प्रत्ययान्तपश्चातका **हु** धातुले भने 'इ' लिंदैन । जस्तैः–

५४. क. हरिबाट चिट्ठी लेखिसकिन्छ ।

ख. हरिबाट चिट्ठी लेख्नु खोजिन्छ ।

ग. हरिबाट चिट्ठी लेखिन पर्छ ।

घ. हरिबाट चिट्ठी लेखिदैं हुन्छ ।

ङ. हरिबाट चिट्ठी लेख्ने बनिन्छ ।

### ३.२.२.६ भावमा क्रियार्थद्योतक

*क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने कोटिलाई भाव वा वृत्ति भनिन्छ । नेपालीमा व्याकरणिक दृष्टिले चिन्हित हुनसक्ने भाव मुख्यतः तीन किसिमका छन् :- विध्यर्थ, सम्भावनार्थ र सङ्केतार्थ* (अधिकारी, २०६२ : १६५) क्रियार्थद्योतकको सम्बन्ध भावअन्तर्गत पर्ने आज्ञा इच्छा र सम्भावनार्थ सँग तुलनीय छ । **नु** प्रत्यय पश्चात आउँने **पर्, हु** र **छ/थि** तथा **हो** वाहेकका क्रियार्थद्योतकहरू आज्ञार्थमा सहभागी हुन्छन् । इच्छार्थमा **नु** प्रत्ययान्तपश्चात आउँने **छ** र **हु** तथा **दो** प्रत्ययान्तपश्चात आउँने **हो** क्रियार्थद्योतक सहभागी हुँदैन । त्यस्तै सम्भावनाअन्तर्गत पनि इच्छार्थकको जस्तो अवस्था हुन्छ । जस्तैः–

५५. क. तिमी काम गरिहाल । (आज्ञार्थ)

ख. ऊ काम गरिहालोस् । (इच्छार्थ)

ग. ऊ काम गरिहाल्ला ।(सम्भावनार्थ)

## ३.३. क्रियार्थद्योतकका प्रकार

नेपाली क्रियार्थद्योतकलाई मु.क्रि. मा लाग्ने प्रत्यय र क्रियार्थद्योतकले दिने अर्थका आधारमा वर्गीकरण गर्दा **इ, नु ने, नु तो/दो** र **तै/दै** जस्ता मु. क्रि. प्रत्ययान्तपश्चात आउँने खासखास क्रियाहरूलाई प्रस्तुत गरिएको छ । परम्परागत व्याकरणकारहरूले **इ, न, नु, ने, तो/दो, तैदै** र **एको/एका/एकी** (पण्डित : २०४२ भट्टराई : २०३३) **नु, ने तै/दै, इ** र **न** (सिग्द्याल : २०४२, गौतम : २०५३, पोखरेल : २०५६, सुवेदी : २०६३) वा **इ, न, ने, नु,** र **दै** का अतिरिक्त **दो** लाई समेत मु. कि. प्रत्ययान्त क्रियार्थद्योतक को स्थान निर्माण गर्ने प्रत्ययको रूपमा मानेर स्वरूपका आधारमा वर्गीकरण गरिएको पाइन्छ (शर्मा : १९८०) । यस शोधकार्यमा स्वरूपको आधारमा क्रियार्थद्योतकहरूलाई प्रस्तुत गर्दा शर्मा (१९८०) मा प्रस्तुत प्रत्ययहरूलाई पनि आधार मानिएको छ । क्रियार्थद्योतकहरू मूलत : मु. क्रि. कै स्थानगत विभेद भएता पनि कुनै क्रियार्थद्योतक मु क्रि. को रूपमा नआउन सक्छ । त्यसैले लाग्, भेट, पर् जस्ता क्रियार्थद्योतकहरू खास मु.क्रि. पश्चात मात्र आउँने गर्दछ । त्यसबाहेकका क्रियार्थद्योतकहरू सवै मु.क्रि. पश्चात आउँने गर्दछ । यसरी क्रियार्थद्योतक को स्वरूपगत वर्गीकरण विविध हुने देखिन्छ ।

क्रियार्थद्योतकले अर्थगत विभिन्नताको लागि मात्र काम नगरेर रूपायनमा पनि मु. क्रि. लाई सहयोग पुऱ्याउने कुरा ३.२.२ मा र्चा गरियो । यस आधारमा पनि क्रियार्थद्योतकको वर्गीकरण गर्न सकिन्छ । त्यसैले क्रियार्थद्योतकको प्रकार निर्धारणका निम्न आधारहरू हुन सक्दछन् ।

३.३.१ स्वरूपको आधारमा

३.३.२ कार्यको आधार

### ३.३.१ स्वरूपको आधारमा

क्रियार्थद्योतकको स्वरूप अनुसार वर्गीकरण गर्दा मिलित क्रियामा यसको उपस्थितिका आधार निर्माण गर्ने प्रत्ययहरू मु. क्रि. को रूपमा प्रयोग हुन सक्ने र नसक्ने स्थिति र सवै मु. क्रि. पश्चात आउँने र नआउँने अवस्थालाई ख्याल गर्दा तीनवटा आधार देखिन्छन् । ती हुन् :

३.३.१.१. मु.क्रि. प्रत्ययान्तको आधार

३.३.१.२. स्वतन्त्र प्रयोगको आधार

३.३.१.१. मु.क्रि. को आधार

३.३.१.१मु.क्रि. प्रत्ययान्तको आधारमा क्रियार्थद्योतकहरूलाई ६ प्रकारमा विभाजन गर्न सकिन्छ । ती हुन् :

१. मु.क्रि.+ इ + क्रि. द्यो.

२. मु.क्रि. + न + क्रि. द्यो .

३. मु.क्रि. + ने + क्रि. द्यो.

४. मु. क्रि.+ नु + क्रि. द्यो.

५. मु. क्रि.+ दै + क्रि. द्यो.

६. मु.क्रि + दो + क्रि. द्यो.

तालिका नं. १४ मु.क्रि. प्रत्ययान्तका आधारमा क्रियार्थद्योतकको प्रकार

१. ‘इ’ प्रत्यान्त मु.क्रि.सँग सक, हाल, दि, राख, आउ, छाड, हेर्, माग्, रह्, सिध्याउ, टोपल, बक्स, हिंड, बस्, जा, ल्याउ, पर्, लाग्, पठाउ र मेट् गरी २० वटा क्रि.द्यो.हरू प्रयुक्त हुनसक्छन् । यिनीहरूलाई उदाहरणमा प्रस्तुत गर्दा अझ प्रष्ट होला ।

| क.सं. | क्रिया | मु.क्रि.अथ | क्रि.द्यो.अर्थ | मिलित क्रिया |
|---|---|---|---|---|
| १ | सक् | पूर्ण गर्नु | सक्षमता | लेखिसक् |
| २ | हाल् | राख्नु, खन्याउनु | शीघ्रता | लेखिहाल् |
| ३ | दि | प्रदान गर्नु , अर्पनु | परार्थता | लेखिदि |
| ४ | राख् | हाल्नु , नझिक्नु | निरन्तरता | लेखिराख् |
| ५ | आउ | आउँने काम गर्नु | निरन्तरता | लेखिआउ |
| ६ | छाड् | नलिनु , राख्नु | निश्चितता | लेखिछाड् |
| ७ | हेर् | अवलोकन गर्नु | परीक्षण | लेखिहेर् |
| ८ | माग् | माग गर्नु | अनुरोध | लेखिमाग् |
| ९ | रह् | नसिद्धिनु , रोकिनु | निरन्तरता | लेखिरह् |
| १० | सिध्याउ | सक्नु | पूर्णता | लेखिसिध्याउ |
| ११ | टोपल् | – | बहाना | लेखिटोपल |
| १२ | बक्स् | – | अतिउच्च आदर | लेखिबक्स |
| १३ | हिंड् | यात्रा गर्नु | निरन्तरता | लेखिहिंड् |
| १४ | बस् | नउठ | निरन्तरता | लेखिबस् |
| १५ | जा | नबस् , हिंड्नु | तात्कालिकता | लेखिगयो |
| १६ | ल्याउ | देऊ | निरन्तरता | लेखिल्याउ |
| १७ | पर् | प्राप्त हुनु | आकस्मिकता | आइपर् |
| १८ | लाग् | संलग्न हुनु | बाध्यता | आइलाग् |
| १९ | पठाउ | पुऱ्याउन लगाउ | प्रेरणा | लेखिपठाउ |
| २० | मेट् | सफा गर | आशक्ति | मरिमेट् |

तालिका नं. १५ ई प्रत्ययान्त क्रियार्थद्योतक

२.	'न' प्रत्यान्त मु.क्रि. सँग सक्, दि, लाग्, थाल्, पाउ, खोज्, लगाउ, लाउ, छोड्, पर्, आँट, चाह, बस्, पुग, उठ्, मिल र जान गरी १७ वटा क्रियार्थद्योतकहरू प्रयुक्त हुन सक्छन् । मु.क्रि.को रूपमा प्रयोग हुँदा र क्रियार्थद्योतकका रूपमा प्रयुक्त हुँदा देखिने अन्तरलाई तल तालिकामा देखाइएको छ ।

| क.सं. | क्रिया | मु.क्रि.अथ | क्रि.द्यो.अर्थ | मिलित क्रिया |
|---|---|---|---|---|
| १ | सक् | पूर्ण गर्नु | सक्षमता | लेख्नसक् |
| २ | दि | प्रदान गर्नु , अर्पनु | अनुमति | लेख्नदि |
| ३ | लाग् | जानु | प्रारम्भ | लेख्न लाग् |
| ४ | थाल् | शुरु गर्नु | प्रारम्भ | लेख्नथाल् |
| ५ | पाउ | प्राप्त गर्नु | अवसर/अनुमति | लेख्नपाउ |
| ६ | खोज | अन्वेषण गर्नु | प्रयास | लेख्नखोज् |
| ७ | लगाउ | भिर्नु, ग्रहण गर्नु | प्रेरणा | लेख्नलगाउ |
| ८ | लाउ | ग्रहण | प्रेरणा | लेख्नलाउ |
| ९ | छोड् | परित्याग गर्नु | बन्द गर्नु | लेख्नछोड् |
| १० | पर् | प्राप्त हुनु | बाध्यता | लेख्नपर् |
| ११ | आँट् | साहस गर्नु | प्रयास | लेख्नआँट |
| १२ | चाह् | मन पराउनु | इच्छा | लेख्नचाह् |
| १३ | बस् | नउठ | प्रारम्भ | लेख्नबस् |
| १४ | पुग् | गन्तव्य भेट्टाउनु | आकस्मिकता | लेख्नपुग् |
| १५ | उठ् | नबस् | तत्परता | लेख्नउठ् |
| १६ | मिल् | प्राप्त हुनु | उपयुक्तता | लेख्नमिल् |
| १७ | जान् | सक्षम हुनु | योग्यता | लेख्नजान् |

तालिका नं. १६ 'न' प्रत्ययान्तपश्चातका क्रियार्थद्योतक

३. 'ने' प्रत्यान्त मु.क्रि.सँग गर् , बन् र हु -म) गरी ३ वटा क्रियार्थद्योतकहरू प्रयुक्त हुन्छन् । यसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | क्रिया | मु.क्रि.अथ | क्रि.द्यो.अर्थ | मिलित क्रिया |
|---|---|---|---|---|
| १ | गर | सम्पन्न गर्नु | बानी | लेख्नेगर् |
| २ | बन् | पूर्णता | सक्षमता | लेख्नेबन् |
| ३ | हु | ध्रुवसत्य, स्थिति परिवर्तन | सुधार, सक्षमता | लेख्ने हु (म) |

तालिका नं. १७ 'ने' प्रत्यान्तपश्चातका क्रियार्थद्योतक

४. 'नु' प्रत्यान्त मु.क्रि. पश्चात पर्, छ र हु गरी ३ वटा क्रियार्थद्योतकहरू प्रयुक्त हुन्छन् । मु.क्रि. र क्रियार्थद्योतकका रूपमा प्रयुक्त हुँदा देखिने अर्थगत विभिन्नतालाई यहाँ प्रस्तुत गरिएको छ ।

| क्र.सं. | क्रिया | मु.क्रि.अथ | क्रि.द्यो.अर्थ | मिलित क्रिया |
|---|---|---|---|---|
| १ | पर् | प्राप्त हुनु | बाध्यता, आवश्यकता | लेख्नु पर |
| २ | छ | अस्तित्व, स्वामित्व | आवश्यकता | लेख्नु छ |
| ३ | हु | ध्रुवसत्य, स्थिति परिवर्तन | उपयुक्तता | लेख्ने हु |

तालिका नं. १८ 'नु' प्रत्यान्तपश्चातका क्रि.द्यो.

५. 'दै' प्रत्यन्त मु.क्रि.सँग आउ, गर, रह, हिँड, ल्याउ, हु र बस् गरी ७ वटा क्रि.द्यो.हरू प्रयुक्त हुन्छन् । यी क्रियाहरूको मु.क्रि. र क्रियार्थद्योतकको रूपमा प्रयुक्त हुँदा आउँने अर्थगत विभिन्नताको तालिका तल प्रस्तुत गरिएको छ ।

| क्र.सं. | क्रिया | मु.क्रि.अथ | क्रि.द्यो.अर्थ | मिलित क्रिया |
|---|---|---|---|---|
| १ | आउ | आउँने काम गर्नु | निरन्तरता | लेख्दै आउ |
| २ | गर् | सम्पन्न गर्नु | निरन्तरता | लेख्दै गर् |
| ३ | रह् | नसिद्धिनु, रोकिनु | निरन्तरता | लेख्दै रह् |
| ४ | हिड् | यात्रा गर्नु | निरन्तरता | लेख्दै हिँड |
| ५ | ल्याउ | देऊ | निरन्तरता | लेख्दै ल्याउ |
| ६ | हु | ध्रुवसत्य, स्थिति परिवर्तन | निरन्तरता | लेख्दै हु |
| ७ | बस् | नउठ, नसुत् | निरन्तरता | लेख्दै बस् |

तालिका नं. १९ **दै** प्रत्ययान्तपश्चातका क्रि.द्यो.

६. 'दो' प्रत्यान्त मु.क्रि. सँग **ह** रूपमात्र लाग्दछ । यसलाई क्रियार्थद्योतक र मु.क्रि. को रूपमा प्रयोग गर्दा आउँने अर्थगत विभिन्नता यसप्रकार रहेको छ ।

| क्र.सं. | क्रिया | मु.क्रि.अथ | क्रि.द्यो.अर्थ | मिलित क्रिया |
|---|---|---|---|---|
| १ | ह | परिचयबोधक | संभावना | खाँदो ह |

तालिका नं. २० **दो** प्रत्ययान्त पश्चातका क्रि.द्यो.

*नेपालीका केही क्रि.द्यो (आश्रित क्रिया) हरू कुनै एकवर्गको सदस्यका रूपमा मात्र नभई एकभन्दा बढी वर्गका सदस्यका रूपमा आउन सक्छन्* (गौतम : १९९८) । माथि प्रस्तुत तालिकाका आधारमा देखिएका त्यस्ता क्रि.द्यो.हरूलाई तल प्रस्तुत गरिन्छ ।

| क्र.सं. | क्रि.द्यो. | समुह१ (इ) | समूह२ (न) | समूह३ (ने) | समुह४ नु | समूह ५ दै | समूह ६ दो | सदस्यता वर्ग |
|---|---|---|---|---|---|---|---|---|
| १ | पर् | + | + | – | + | – | – | =१+२+४ |
| २ | जा | + | + | – | – | + | – | =१+२+५ |
| ३ | लाज् | + | + | – | – | – | – | =१+२ |
| ४ | छाड् | + | + | – | – | – | – | =१+२ |
| ५ | सक् | + | + | – | – | – | – | =१+२ |
| ६ | आउ | + | – | – | – | + | – | =१+५ |
| ७ | हिंड् | + | – | – | – | + | – | =१+५ |
| ८ | गर् | – | – | + | – | + | – | =३+५ |
| ९ | दि | + | + | – | – | – | – | =१+२ |
| १० | रह् | + | – | – | – | + | – | =१+५ |
| ११ | बस् | + | + | – | – | + | – | =१+२+५ |
| १२ | ल्याउ | + | – | – | – | + | – | =१+५ |
| १३ | हु | – | – | + | + | + | – | =३+४+५ |

तालिका नं. २१ बहुवर्गमा आउँने क्रियार्थद्योतक

प्रस्तुत तालिकामा फरक–फरक समूहअन्तर्गत देखिएका एउटै क्रियार्थद्योतकहरूको पनि फरक–फरक अर्थ लाग्दछ । यस्तो हुनुमा क्रियार्थद्योतकभन्दा अघि आउँने प्रत्ययहरूको भूमिका हुन्छ । भिन्न प्रत्ययका पछि आउँदा क्रियार्थद्योतकको अर्थका क्षेत्रमा हुने भिन्नतालाई  तल प्रस्तुत गरिएको छ ।

५६. पर : समूह १ : आज शिक्षकलाई कोदाली खन्ने काम आइपऱ्यो । - आकस्मिकता

पर : समूह २ : यसलाई कहाँ जानपऱ्यो । – बाध्यता

पर : समूह ३ : हिजो तपाईलाई बजार जानुपर्‍यो । – आवश्यक्ता

५७. समूह १ : ऊ आइगयो । – तात्कालिकता

जा : समूह २ : म छोरीको बिहे गर्न जाँदैछु । – प्रयास

जा : समूह ५ : बुझ्नका लागि पढ्दै जान्छ । – निरन्तरता

५८. लागू : समूह १ : उसलाई ठूलो आपत आइलाग्यो । – आकस्मिकता

लाग् : समूह २ : पानी पर्नलाग्यो । – प्रारम्भ

५९. छाड् : समूह १ : उसले त्यो काम गरिछाड्यो । – निश्चितता

छाड् : समूह २ : लोग्ने स्वास्नी बोल्नछाडे । – अवरुद्धता

६०. सक् : समूह १ : मैले काम गरिसकें । – पूर्णता

सक् : समूह ५ : मैले काम गर्नसकें । – सक्षमता

६१. आउ : समूह १ : गरिआएको काम किन छोड्छौ ? – निरन्तरता

आउः समूह : मैले उहिल्यैदेखि यही कुरा त सुन्दै आएको छु । – निरन्तरता

६२. हिँड : समूह १ : सँधै झगडा गरिहिंडेपछि दुःख पाइन्छ । – निरन्तरता

हिंड् : समूह ५ : ऊ नभएका कुरा गरिहिंड्दै छ । – निरन्तरता

६३. गर् : समूह ३ : म विहान घुम्ने गर्छु । – अभ्यस्तता

गर् : समूह ५ : काग कराउँदै गर्छ पिना सुक्दै गर्छ । – निरन्तरता

६४. दि : समूह १ : उसले भात खाइदियो । – परार्थता

दि : समूह २ : उसले रामलाई भात खानदियो । – अनुमति

६५. रह् : समूह १ : उसले भात खाइरह्यो । – निरन्तरता

रह् : समूह ५ : ऊ भात खाँदै रह्यो । – निरन्तरता

६६ बस् : समूह १ : म भात खाइबसें । – निरन्तरता

बस् : समूह २ : म भात खानबसें । – प्रारम्भ

बस् : समूह ५ : म भात खाँदै बसें । – निरन्तरता

६७. ल्याउ : समूह १ : उसले किताब बिहानदेखि पढिल्यायो । – निरन्तरता

ल्याउ : समूह ५ : उसले किताब बिहानदेखि पढ्दै ल्यायो । – निरन्तरता

६८. हुँ : समूह ३ : राम भात खाने भयो । – सक्षमता

हुँ : समूह ४ : रामले भात खानुहुन्छ । – उपयुक्तता

हुँ : समूह ५ : राम भात खाँदै हुन्छ । – निरन्तरता

### ३.३.१.२. स्वतन्त्र प्रयोगको आधार

क्रियार्थद्योतकका रूपमा प्रयुक्त हुने क्रियाहरू प्रथमतः मु.क्रि. हुन् । यिनीहरू एक्लै आएर कुनै काम घट्ना वा अवस्थालाई बुझाउनसक्छन् । यद्यपी 'टोपल' र 'बक्स' स्वतन्त्र रूपमा प्रयुक्त हुनसक्दैनन् : जस्तै

* रामले भात टोपल्यो ।

* बुबाले मलाई लुगा बक्सियो ।

रामले भात खाईटोपल्यो ।

बुबाले मलाई लुगा दिइबक्सियो ।

त्यसैले स्वतन्त्र प्रयोगको आधारमा क्रियार्थद्योतकहरूलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

१. मुक्त

२. बद्ध

१. मुक्त क्रियार्थद्योतकहरू हुन् : पर, जा, लाग्, छाड्, सक्, आउ, हिंड, गर्, हाल्, राख्, हेर, पठाउ, सिध्याउ, माग्, चाह्, थाल्, पाउ, खोज्, आँट, दि, लाउ, ल्याउ, बन्, बस्, पुग्, रह्, र लगाउ

२. बद्ध क्रियार्थद्योतकहरू हुन् : टोपल् र बक्स्

**३.३.१.३ मु.क्रि.को आधार**

मुख्य क्रियाको सीमितता :- क्रियार्थद्योतकहरू प्रायः सबै मु.क्रि. सँग आउँने गर्दछ । यद्यपि कुनै क्रियार्थद्योतकहरू खास मु.क्रि. पश्चात मात्र आउनसक्ने देखिन्छ । यस आधारमा क्रियार्थद्योतकहरूलाई दुई प्रकारमा विभाजन गर्नसकिन्छ । ती हुन् :

१. सीमित मु.क्रि. सँग आउँने

२. असीमित मु.क्रि. सँग आउँने

१. सीमित मु.क्रि. सँग आउँने : क्रियार्थद्योतकका रूपमा **इ** प्रत्ययान्त पश्चात आउँने पर्, लाग्, र मेट् धातुबाट निर्मित क्रियार्थद्योतकहरू पर्दछन् । पर् र लाग् आइ तथा मेट् मर् मु.क्रि. सँग मात्र आउँने गर्दछन् ।

२. असीमित मु.क्रि. सँग आउँने : अन्य क्रियार्थद्योतकहरू पर्दछन् ।

**३.३.२. कार्यको आधारमा**

मु. क्रि अर्थ विशिष्ट पार्ने कार्यका अतिरिक्त कारकरचना तथा रूपायनमा सहभागी हुने क्रियाका रूपमा क्रियार्थद्योतक रहेने गर्दछ । यसलाई क्रियार्थद्योतकको कार्य अन्तर्गत ३.२ मा चर्चा गरिएको छ । यस आधारमा क्रियार्थद्योतकको वर्गीकरण गर्दा निम्नानुसार उपआधारहरू सहयोगी हुन्छन् ।

३.३.२.१ अर्थको आधार

३.३.२.२ वाच्यको आधार

३.३.२.३ प्रेरणार्थको आधार

३.३.२.४. शृङ्खलाक्रमको आधार

३.३.२.५ कारकको आधार

**३.३.२.३. अर्थको आधार**

क्रि.द्यो.हरूले मु.क्रि.को अर्थमा विविधता ल्याउने गर्दछ । मु.क्रि. प्रत्ययान्तपश्चात आँउदा ल्याउने अर्थगत विविधतालाई स्वरूपको आधारमा वर्गीकरण गर्दा पनि प्रस्तुत गरिएको छ

। माथि प्रस्तुत गरिएका तालिकाहरूमा प्रस्तुत गरिएका अर्थअनुसार देखिने प्रकारलाई अर्थको आधारमा क्रि.द्यो.हरूको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ :

**१. क्षमताबोधक :** मु.क्रि.को अर्थलाई विशिष्ट बनाउने क्रममा सक्षमता प्रकट गराउने क्रियार्थद्योतकलाई क्षमताबोधक क्रियार्थद्योतकका रूपमा राख्न सकिन्छ । **सक्, बन्,** र **जा** यस प्रकारका क्रियार्थद्योतकहरू हुन् । जस्तै :–

६९ क. रामले काम गर्नसक्छ ।

ख. राम काम गर्ने बन्यो ।

ग. रामले काम गर्नजान्यो ।

प्रस्तुत उदाहरणहरूमा 'गर्नु' क्रियामा सक्षमताको भाव थाप्नका लागि सक्नु, बन्नु र जान्नु क्रियार्थद्योतकहरू आएका छन् । त्यसैले यिनीहरू क्षमताबोधक क्रियार्थद्योतक हुन् । यद्यपि **सक्नु**ले वर्तमानमा काम गर्ने क्षमतालाई बुझाउँदछ भने बस्नुले पहिले थिएन अहिले सक्षम भएको तथा **जान्नु**ले सिकाउने क्रममा सक्षम भएको कुरालाई बुझाएको छ ।

**२. समाप्तिबोधक :** समाप्ति अर्थ बुझाइ 'सक्नु', सिध्याउनु र पठाउनु क्रि.द्यो.ले **इ** प्रत्ययान्त मु.क्रि. लाई सहायता दिने हुनाले यिनीहरू समाप्तिबोधक क्रियार्थद्योतक हुन् । जस्तै :

७०. क. रीताले गीत गाइसक्यो ।

ख. रीताले गीत भनिसक्यो ।

ग. रीताले गीत गाइसिध्यायो ।

प्रस्तुत उदाहरणहरूमा 'गाउनु' क्रियामा समाप्तिको अर्थ बुझाउन सक्नु, सिध्याउनु र पठाउनु क्रियार्थद्योतकहरू आएका छन् । त्यसैले यिनीहरू समाप्तिबोधक क्रियार्थद्योतक हुन् । यद्यपि गाउने काम सकिएको सक्नुले, सुन्नका लागि भनिएको पठाउनुले र भएको गीत सकिएको सिध्याउनुले बुझाउने हुँदा अर्थमा सूक्ष्म अन्तर पाइन्छ ।

**३. आकस्मिकबोधक** : आकस्मिक अर्थ बुझाई **पर्नु** र **लाग्नु** क्रियार्थद्योतक **इ.** तथा **पुग्नु** क्रियाले **न** प्रत्ययान्त मु.क्रि.लाई सहायता दिने हुनाले यिनीहरू आकस्मिकबोधक क्रियार्थद्योतक हुन् । जस्तै :

७१. क. मलाई निकै दुःख आइपर्‍यो ।

ख. मलाई पढ्ने काम आइलाग्यो ।

ग. मैले बासी भात खानपुगें ।

**४. तात्कालिकताबोधक** : तुरुन्तै वा तत्काल अर्थ बुझाई **जानु** क्रि.ले **इ** प्रत्ययान्त मु.क्रि.लाई सहायता गर्ने हुनाले यसलाई तत्कालिकताबोधक क्रि.द्यो.भन्न सकिन्छ । जस्तै :

७२. उसले पाठ पढिगयो ।

**५. निरन्तरताबोधक** : कार्यको निरन्तरता अर्थ बुझाई **राख, आउ, रह, हिंड, बस्** र **ल्याउ** धातुहरू **इ** तथा **जा, राख्, आउ, रह्, हिंड्, बस्** र **ल्याउ दै** प्रत्ययान्त मु.क्रि.लाई सहायता गर्ने हुनाले यसलाई निरन्तरताबोधक क्रियार्थद्योतक भन्नसकिन्छ । जस्तै :

७३. क. मैले कविता लेखिराखें ।

ख. मैले कविता लेखिआएँ ।

ग. मैले कविता लेखिरहें ।

घ. मैले कविता लेखिहिंडें ।

ङ. मैले कविता लेखिबसें ।

च. मैले कविता लेखिल्याए ।

७४. क. म कविता लेख्दै गएँ ।

ख. म कविता लेख्दै आएँ ।

ग. मैले कविता लेख्दै गरें ।

घ. म कविता लेख्दै हिंडें ।

ङ. मैले कविता लेख्दै ल्याएँ ।

च. म कविता लेख्दै बसेँ ।

**६. शीघ्रताबोधक** : शीघ्रता अर्थ बुझाई **'हाल'** क्रि.ले **इ** प्रत्ययान्त मु.क्रि.लाई सहायता दिने हुनाले यसलाई शीघ्रताबोधक भन्नसकिन्छ । जस्तै :

७५. उनले कविता लेखिहाले ।

**७. अवस्तविकबोधक** : अवास्तविक अर्थ बुझाई **टोपल** क्रि. ले **इ** प्रत्ययान्त मु.क्रि.लाई सहायता दिने हुनाले यसलाई अवास्तविकबोधक क्रियार्थद्योतक भन्नसकिन्छ । जस्तै :

७६. हामीले भात खाइटोपल्यौं ।

**८. परार्थताबोधक** : परार्थता अर्थ बुझाइ **दि** क्रि.ले **इ** प्रत्ययान्त मु.क्रि. लाई सहायता दिने हुनाले यसलाई परार्थताबोधक क्रियार्थद्योतक भन्नसकिन्छ । जस्तै:

७७. रामले मेरा लागि किताब ल्याइदियो ।

**९. अनुमतिबोधक** : अनुमति अर्थ बुझाई **माग्** क्रि. ले **इ** र **दि** ले **न** प्रत्ययान्त मु.क्रि.लाई सहायता गर्ने हुनाले यसलाई अनुमतिबोधक क्रियार्थद्योतक भन्नसकिन्छ । जस्तै :

७८ क. तिमीले उपन्यास लेखिमाग्यौ ।

ख. उसले मलाई उपन्यास पढ्नदियो ।

**१०. परीक्षणबोधक/विचाराबोधक** : परीक्षा अर्थ बुझाई **हेर** क्रि.ले **इ** प्रत्ययान्त मु.क्रि. लाई सहायता गर्ने हुनाले यसलाई परीक्षण/विचारबोधक क्रियार्थद्योतक भन्नसकिन्छ । जस्तै :

७९. मैले तरकारी खाइहेरें ।

**११. आरम्भबोधक** : प्रारम्भ/आरम्भ अर्थ बुझाई **लाग , थाल , बस्** र **उठ्** क्रियाहरूले **न** प्रत्ययान्त मु.क्रि. लाई सहायता गर्ने हुनाले यस्ता क्रियार्थद्योतकहरूलाई आरम्भबोधक भन्नसकिन्छ । जस्तै :

८० क. ऊ पाठ पढ्नलाग्यो ।

ख. ऊ पाठ पढ्नथाल्यो ।

ग. ऊ पाठ पढ्नबस्यो ।

घ. ऊ चिठी लेख्नउठ्यो ।

**१२. अवसरबोधक** : अवसर अर्थात मौका अर्थ बुझाई 'पाउ' क्रियाले **न** प्रत्ययान्त मु.क्रि. लाई सहायता गर्ने क्रियार्थद्योतकलाई अवसरबोधक भन्नसकिन्छ । जस्तै :

८१. तिनले भात खान पाए ।

**१३. अभ्यासबोधक/प्रयत्न** : अश्यास वा प्रयत्न अर्थ बुझाई 'खोज' र **आँट** क्रियाले **न** प्रत्ययान्त मु.क्रि.लाई सहायता पगर्दा अभ्यासबोधक क्रियार्थद्योतक हुन्छ । जस्तै :

८२ क. उसले कविता लेख्नखोज्यो ।

ख. उसले कविता लेख्नआँट्यो ।

**१४. बाध्यताबोधक** : बाध्यता अर्थ बुझाई **पर** क्रियाले **न** प्रत्ययान्त मु.क्रि. लाई सहायता गर्दा बाध्यताबोधक क्रियार्थद्योतक हुन्छ । जस्तै :

८३ काठमाडौं जानपर्‍यो ।

**१५.आवश्यक्ताबोधक :** आवश्यक्ता अर्थ बुझाई **पर र छ** क्रियाले **नु** प्रत्ययान्त मु.क्रि.लाई सहयोग गर्दा आवश्यक्ताबोधक क्रियार्थद्योतक हुन्छ । जस्तै :

८४ क. धीरजले रक्सी खानुपर्छ ।

ख. चन्द्रप्रसादले बिस्कुट खानु छ ।

**१६. अभ्यस्ततताबोधक** : पहिलेदेखि कुनै काम गर्दै आएको अर्थ बुझाई क्रिया **गर्** ले **ने** प्रत्ययान्त मु.क्रि.लाई सहयोग गर्दा अभ्यस्ततताबोधक क्रियार्थद्योतक हुन्छ । जस्तै :

८५. तिमीले गीत गाउने गर्‍यौ ।

**१७. आदरबोधक** : आदर अर्थ बुझाइ बक्स क्रियाले **इ** प्रत्ययान्त र **हु** क्रियाले **नु** प्रत्ययान्त मु.क्रि.लाई सहयोग गर्दा आदरबोधक क्रियार्थद्योतक बन्दछ । जस्तै :

८६ क. तपाई विद्यालय गइबक्सनुहुन्छ ।

ख. तपाई विद्यालय जानुहुन्छ ।

**१८. इच्छार्थबोधक** : इच्छा अर्थ बुझाई **चाह्** क्रियाले **न** प्रत्ययान्त मु.क्रि. लाई सहायता गर्दा इच्छार्थ बुझिन्छ , जस्तै :

८७. हामी नाटक लेख्न चाहन्छौ ।

**१९. लक्ष्यार्थबोधक** : लक्ष्यार्थ बुझाई **हिंड्** क्रियाले **न** प्रत्ययान्त मु.क्रि.लाई सहयोग गर्दा लक्ष्यार्थबोधक क्रियार्थद्योतक बन्दछ । जस्तै :

८८. शुभलक्ष्मी खाना पकाउन हिडीं ।

**२०. उपयुक्ततावोधक** : उपयुक्त अर्थ बुझाई **हु** क्रियाले **नु** प्रत्ययान्त र **मिल्** क्रियाले **न** प्रत्ययान्त मु.क्रि. लाई सहयोग गर्दा उपयुक्ततावोधक क्रियार्थद्योतक बन्दछ । जस्तै :

८९. क. तैंले भात खानु हुन्छ ।

ख. मलाई काठमाडौं जानमिल्यो ।

**२१. सम्भावनाबोधक** : सम्भावना अर्थ बुझाई **ह** क्रियाले **दो** प्रत्ययान्त मु.क्रि.लाई सहयोग गर्दा सम्भावनाबोधक क्रियार्थद्योतक बन्दछ । जस्तै :

९०. म भात खाँदो हुँ ।

**२२. आशक्तिबोधक** : कुनै कार्यमा आशक्त अर्थ बुझाई **मेट्** क्रियाले **इ** प्रत्ययान्त **मर्** मु. क्रियालाई सहयोग गर्दा आशक्तिबोधक क्रियार्थद्योतक बन्दछ । जस्तै :

९१. श्याम केटी भनेपछि मरिमेट्छ ।

**२३. प्रेरणार्थबोधक** : प्रेरणा अर्थ बुझाई **लगाउ** र **लाउ** क्रियाले **न** प्रत्ययान्त मु.क्रि. लाई सहयोग गर्दा प्रेरणार्थबोधक क्रियार्थद्योतक बन्दछ । जस्तै :

९२. क. गुरुले विद्यार्थीलाई पढ्न लगाउनुहुन्छ ।

ख. गुरुले विद्यार्थीलाई पढ्न लाउनुहुन्छ ।

**३.३.२.२. वाच्यको आधार** : *क्रियाले बुझाउने कुरालाई वाच्य भनिन्छ । क्रियाले कर्ता, कर्म वा दुवै नजनाउने गर्दछ । यसरी क्रियाले जे जनाउँछ त्यो प्रधान हुन्छ । वाक्यमा कर्ता, कर्म वा भावमध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक युक्तिलाई वाच्य*

*भनिन्छ* (अधिकारी, २०४९ : १६२ ) । *कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य गरी तीन किसिमका हुन्छन् । यसको अर्को एकभेद कर्मभाववाच्य पनि पाइन्छ* (सुवदी, २०६३ : ९५) । *परतन्त्रताबोधक स.क्रि. 'पर्नु' र मानबोधक स.क्रि. 'हुनु' कर्तृप्रधान मात्र हुन्छ भने, इ, तै/दै, ने र न प्रत्ययान्त पश्चात प्रयुक्त हुने स.क्रि.कर्तृप्रधानका अतिरिक्त कर्मप्रधान, भावप्रधान र कर्मभावप्रधान पनि हुन्छन्* (पण्डित, २०४२ : २८८ देखि ३१०, भट्टराई, २०३३ : २७५ देखि २९१) । यस आधारमा क्रियार्थद्योतकहरू दुई प्रकारका देखिन्छन् ।

१. वाच्य परिवर्तनमा सहभागी हुने ।

२. वाच्य परिवर्तनमा सहभागी नहुने ।

**१. वाच्य परिवर्तनमा सहभागी हुने** : एक प्रकारको वाच्यलाई अर्को प्रकारको वाच्यमा परिवर्तन गर्दा धातु पश्चात **इ** प्रत्यय रहने या नरहने गर्दछ । कर्तृवाच्यमा धातु पश्चात **इ** रहदैन भने कर्मवाच्य, भाववाच्य र कर्मभाववाच्यमा धातु पश्चात **इ** रहन्छ । मूलतः मिलित क्रियामा पहिलो धातु अर्थात मु.क्रि. मा वाच्य परिवर्तन हुँदा **इ** रहने नरहने गर्दछ । यद्यपि क्रियार्थद्योतकहरूमा पनि यी रूपहरू प्रयुक्त हुनसक्छन् । यस आधारमा वाच्य परिवर्तनमा सहभागी हुने क्रियार्थद्योतकहरूमा **इ, तै/दै, ने** र **न** प्रत्ययान्त मु.क्रि. पश्चात आउँने क्रियार्थद्योतकहरू पर्दछन् । जस्तै :

९३. क. उसले चिठी लेखिहाल्यो ।

ख. उ चिठी लेख्दै जान्छ ।

ग. उ चिठी लेख्ने गर्छ ।

घ. उ चिठी लेख्नथाल्छ ।

९४. क. उसबाट चिठी लेखिहालियो ।

ख. उसबाट चिठी लेख्दै गइन्छ ।

ग. उसबाट चिठी लेख्ने गरिन्छ ।

घ. उसबाट चिठी लेख्नथालिन्छ ।

९५. क. उसबाट चिठी लेखिइहालियो ।

ख. उसबाट चिठी लेखिदै गइन्छ ।

ग. उसबाट चिठी लेखिने गरिन्छ ।

घ. उसबाट चिठी लेखिनथालिन्छ ।

९६. क. उसबाट चिठी लेखिइहाल्यो ।

ख. उसबाट चिठी लेखिदै जान्छ ।

ग. उसबाट चिठी लेखिने गर्छ ।

घ. उसबाट चिठी लेखिनथाल्छ ।

उल्लिखितउदाहरणहरूबाट नेपाली क्रियार्थद्योतकहरू वाच्य परिवर्तनमा सहभागी हुने नहुने ऐच्छिक कुरा हुन् । यद्यपि यिनीहरू वाच्यमा सहभागी हुने कुरा ९४ र ९५ मा प्रस्तुत उदाहरणहरूबाट पुष्टि भएको देखिन्छ । **इ, तै, दै, ने** र **न** प्रत्ययान्त मु.क्रि. पश्चात आउँने सबै क्रि.द्यो हरू भने सहभागी हुने स्थिति देखिदैंन । सहभागी नहुने क्रियार्थद्योतकहरूलाई लगत्तै पछि चर्चा गरिनेछ । यहाँ सहभागी हुने क्रिय(ार्थद्योतकहरूलाई क्रमशः देखाइन्छ ।

९७. क. हरिबाट चिठी लेखिसकिन्छ ।

ख. हरिबाट चिठी लेखिहालिन्छ ।

ग. हरिबाट चिठी लेखिदिइन्छ ।

घ. हरिबाट चिठी लेखिआइन्छ ।

ङ. हरिबाट चिठी लेखिआइन्छ ।

च. हरिबाट चिठी लेखिछाडिन्छ ।

छ. हरिबाट चिठी लेखिहेरिन्छ ।

ज. हरिबाट चिठी लेखिमागिन्छ ।

झ. हरिबाट चिठी लेखिरहिन्छ ।

ञ. हरिबाट चिठी लेखिसिध्याइन्छ ।

ट. हरिबाट चिठी लेखिटोपलिन्छ ।

ठ. हरिबाट चिठी लेखिबक्सिन्छ ।

ड. हरिबाट चिठी लेखिहिडिन्छ ।

ढ. हरिबाट चिठी लेखिबसिन्छ ।

ण. हरिबाट चिठी लेखिगइन्छ ।

त. हरिबाट चिठी लेखिपठाइन्छ ।

थ. हरिबाट चिठी लेख्न मरिमेटिन्छ ।

९८. क. हरिबाट चिठी लेख्नसकिन्छ ।

ख. हरिबाट चिठी लेख्नदिइन्छ ।

ग. हरिबाट चिठी लेख्नथालिन्छ ।

घ. हरिबाट चिठी लेख्नपाइन्छ ।

ङ. हरिबाट चिठी लेख्नखोजिन्छ ।

च. हरिबाट चिठी लेख्नलगान्छ ।

छ. हरिबाट चिठी लेख्नलाइन्छ ।

ज. हरिबाट चिठी लेख्नछोडिन्छ ।

झ. हरिबाट चिठी लेख्नआँटिन्छ ।

ञ. हरिबाट चिठी लेख्नचाहिन्छ ।

ट. हरिबाट चिठी लेख्नबसिन्छ ।

ठ. हरिबाट चिठी लेख्नपुगिन्छ ।

ड. हरिबाट चिठी लेख्नउठिन्छ ।

ढ. हरिबाट चिठी लेख्नजानिन्छ ।

९९. क. हरिबाट चिठी लेख्नेगरिन्छ ।

ख. हरिबाट चिठी लेख्नेबनिन्छ ।

ग. हरिबाट चिठी लेख्नेभइन्छ ।

१००. क. हरिबाट चिठी लेख्दैआइन्छ ।

ख. हरिबाट चिठी लेख्दै गरिन्छ ।

ग. हरिबाट चिठी लेख्नेराखिन्छ ।

घ. हरिबाट चिठी लेख्दैहिडिन्छ ।

ङ. हरिबाट चिठी लेख्दैल्याइन्छ ।

च. हरिबाट चिठी लेख्दैबसिन्छ ।

**इ** प्रत्ययान्त मु.क्रि. पश्चातका वाच्यमा सहभागी हुने क्रि.द्यो.हरूलाई ९७, **न** प्रत्ययान्त मु.क्रि. पश्चातका वाच्यमा सहभागी हुने क्रियार्थद्योतकहरूलाई ९८, **ने** प्रत्ययान्त मु.क्रि. पश्चातका वाच्यमा सहभागी हुने क्रियार्थद्योतकहरूलाई ९९ र **दै** प्रत्ययान्त मु.क्रि. पश्चातका वाच्यमा सहभागी हुने क्रियार्थद्योतकहरूलाई १०० मा देखाइएअनुसार सक्, हाल्, दि, राख्, आउ, छोड्, हेर, माग्, रह्, सिध्याउ, टोपल, बक्स, हिंड, बस्, जा, पठाउ, मर्, थाल, पाउ, खोज्, लगाउ, लाउ, आँट, चाह्, पुग्, उठ्, जान्, गर्, बन्, हु, ल्याउ धातुबाट बन्ने क्रियार्थद्योतकहरू वाच्य परवर्तनमा सहभागी हुने देखिन्छन् । तथापि **हु** क्रियार्थद्योतक **दै** प्रत्ययान्त पश्चात रहँदा वाच्यमा सहभागी नहुने देखिन्छ । जस्तै :

१०१. क. हरिबाट चिठी लेखिदैं हुन्छ ।

*ख. हरिबाट चिठी लेखिदै होइन्छ /भइन्छ ।

२. वाच्य परिवर्तनमा सहभागी नहुने :– वाच्य परिवर्तनमा सहभागी नहुने क्रि.द्यो.हरूमा **नु** र **दो** प्रत्ययान्त मु.क्रि. पश्चातका सबै र **इ**, **न** तथा **दै** प्रत्ययान्त मु.क्रि. पश्चात आउँने केही क्रियार्थद्योतकहरू पर्ने देखिन्छ । जस्तै :–

१०२. क. हरिबाट चिठी लेखिनुपर्छ ।

ख. हरिबाट चिठी लेखिनु छ ।

ग. हरिबाट चिठी लेखिनुहुन्छ ।

घ. हरिबाट चिठी लेखिनु हुन्छ ।

*ङ. हरिबाट चिठी लेखिनु परिन्छ ।

*च. हरिबाट चिठी लेखिनु भइन्छ/होइन्छ ।

१०३. क. हरिबाट धेरै दुःख आइपऱ्यो ।

ख. हरिबाट धेरै दुःख आइलाग्यो ।

*ग. हरिबाट धेरै दुःख आइलागियो ।

*घ. हरिबाट धेरै दुःख आइपरियो ।

१०४. क. हरिबाट चिठी लेखिनपऱ्यो ।

ख. हरिबाट चिठी लेखिनमिल्यो ।

*ग. हरिबाट चिठी लेख्न परियो ।

*घ. हरिबाट चिठी लेखिन परियो ।

१०५. क. हरिबाट चिठी लेखिदै हुन्छ ।

*ख. हरिबाट चिठी लेख्दै होइन्छ/भइन्छ ।

१०६. क. हरिबाट चिठी लेखिदै हो ।

*ख. हरिबाट चिठी लेख्दो होइन्छ/भइन्छ ।

**नु** प्रत्ययान्त मु.क्रि. पश्चातका क्रियार्थद्योतकहरूलाई उदाहरण १०२, **इ** प्रत्ययान्त मु.क्रि. पश्चातका क्रियार्थद्योतकहरूलाई उदाहरण १०३, **न** प्रत्ययान्त मु.क्रि. पश्चातका क्रियार्थद्योतकहरूलाई उदाहरण १०४, **दै** प्रत्ययान्त मु.क्रि. पश्चातका क्रिया-र्थद्योतकहरूलाई उदाहरण १०५ र **दो** प्रत्ययान्त मु.क्रि. पश्चातका क्रियार्थद्योतकलाई उदाहरण १०६ मा देखाइएअनुसार **पर्, छ, हु, लाग्, मिल्,** र **ह** जस्ता धातुबाट निर्मित क्रियार्थद्योतकहरू वाच्य परिवर्तनमा सहभागी नहुने देखिन्छन् ।

**३.३.२.३. प्रेरणार्थको आधार** :– *प्रेरणार्थक एक अर्थ हो जुन रूपतात्विक, शब्दतात्विक रूपमा क्रियामा रहन्छ र यसमा दुई घटना रही एउटा घटनाको निर्देशन, प्रभाव वा*

*नियन्त्रणमा अर्को घटना घट्छ* (सुबेदी, २०६३ : ३६) *। मिलित क्रियामा आधार (मु.क्रि.) वा (क्रि.द्यो) प्रेरणार्थक भई प्रथम प्रेरणार्थक बन्दछन् भने आधार (मु.क्रि.) आधृत (क्रि.द्यो) दुवै प्रेरणार्थक भएमा द्वितीय प्रेरणार्थक हुन्छ । प्रेरणार्थक हुने आधृत क्रियामा सकाउ, हिडाउ, गराउ, पढाउ, बनाउ, हिंडाउ, बसाउ, लगाउ पर्दछन् । एकभन्दा बढी आधृत क्रिया हुँदा आधार क्रिया मात्र प्रेरणार्थक हुन्छ । लेखाइदिन लगायो जस्ता केही क्रियामा मात्र आधृत क्रिया पनि प्रेरणार्थक हुन्छ । द्वितीय प्रेरणार्थक बनाउने आधृत क्रियामा लगाउ, हिडाउ, गराउ, पठाउ, बनाउ, बसाउ पदर्छन अन्य आधृत क्रिया भएका मिलित क्रिया द्वितीय प्रेरणार्थकमा रूपान्तरण हुँदैनन् । पठाउ स्वतः प्रेरणार्थक हुने क्रिया हो । (*सुबेदी २०६३ : ७३ देखि ७५) । यस आधारमा क्रियार्थद्योतकहरू दुई प्रकारका देखिन्छन् :-

१. प्रेरणार्थ हुने

२. प्रेरणार्थ नहुने ।

**१. प्रेरणार्थ हुने** :- मिलित क्रियामा प्रेरणार्थ हुने क्रिया निकै कम देखिन्छन् । लगाउ, सकाउ, हिडाउ, गराउ, पठाउ, दिलाउ, बनाउ, बसाउ, हेर् र उठाउ जस्ता क्रिया-र्थद्योतकहरू मात्र प्रेरणार्थ भएको देखिन्छ । जस्तै :-

१०७. क. हरिले चिठी लेख्नलाग्यो ।

ख. रामले हरिलाई चिठी लेख्नलगायो ।

ग. रामले हरिलाई चिठी लेखाउनलगायो ।

१०८. क. हरिले चिठी लेखिसक्यो ।

ख. रामले हरिलाई चिठी लेखिसकायो ।

१०९. क. हरिले चिठी लेख्नहिड्यो ।

ख. राम हरिलाई चिठी लेखाउनहिड्यो ।

११०. क. हरिले चिठी लेख्ने गर्छ ।

ख. रामले हरिलाई चिठी लेखाउने गर्छ ।

ग. रामले हरिलाई चिठी लेखाउने गराउँछ ।

१११. क. हरिले चिठी लेखिपठाउँछ ।

ख. रामले हरिलाई चिठी लेखाउनपठाउँछ ।

११२. क. हरिले चिठी लेखिदियो ।

ख. रामले हरिलाई चिठी लेखिदियो ।

११३. क. हरि चिठी लेख्ने बन्यो ।

ख. रामले हरिलाई चिठी लेख्ने बनायो ।

ग. रामले हरिलाई चिठी लेखाउने बनायो ।

११४. क. हरिले चिठी लेख्नबस्यो ।

ख. रामले हरिलाई चिठी लेख्नबसायो ।

ग. रामले हरिलाई चिठी लेखाउन बसायो ।

११५. क. हरिले चिठी लेखिहेऱ्यो ।

ख. रामले हरिलाई चिठी लेखाइहेरायो ।

ग. हरिले रामलाई चिठी लेखाइहेरायो ।

११६. क. हरिले चिठी लेख्नउठ्यो ।

ख. रामले हरिलाई चिठी लेख्नउठायो ।

ग. रामले हरिलाई चिठी लेखाउनउठायो ।

माथि प्रस्तुत गरिएका उदाहरणहरूमा १११ मा भन्दा बाहेकका क्रियार्थद्योतकहरू प्रेरणार्थमा सहभागी हुनसक्ने कुरा ख र ग मा देखाइएका छन् । १०७, ११०, ११३, ११४, ११५ र ११६ मा प्रस्तुत क्रि.द्यो हरूका अतिरिक्त मु.क्रि. हरू पनि प्रेरणार्थक भएको देखाइएका छन् भने १०८, १०९, १११ र ११२ मा क्रियार्थद्योतकहरू मात्र प्रेरणार्थ भएको देखाइएका छन् । क्रियार्थद्योतकहरूका अतिरिक्त मु.क्रि.हरू पनि प्रेरणार्थक भएको देखाइएका उदाहरणमा प्रस्तुत लाग्, हिड, गर्, बन्, बस्, हेर् र उठ् द्वितीय प्रेरणार्थक

भएको देखाइएका उदाहरणमा प्रस्तुत सक् र दि प्रथम प्रेरणार्थमा सहभागी हुने अर्थात मु.क्रि. मात्र प्रेरणार्थ हुनसक्ने रूपमा आउँने क्रियार्थद्योतक हुन् । पठाउ भने स्वतः प्रेरणार्थी क्रिया भएकोले क्रियार्थद्योतक पनि सोही रूपमा देखिन्छन् ।

**२. प्रेरणार्थी नहुने** :- मिलित क्रियामा प्रेरणार्थ नहुने क्रियार्थद्योतकहरूकै बाहुल्य देखिन्छ । यस्ता क्रियार्थद्योतकहरू पर, जा, छाड्, आउ, हाल्, राख्, टोपल, सिध्याउ, माग्/चाह्, थाल, पाउ, खोज, आँट, लाउ, ल्याउ, पुग्, रह्, बक्स, छ, हु, ह्, मिल, जान् र मेट् धातुहरूबाट बनेका क्रियार्थद्योतकहरू पर्दछन् ।

११७. क. तिमीले भाइलाई भात खुवाउनु पर्छ ।

ख. तिमीले भाइलाई भात खुवाइगयौ ।

ग. तिमीले भाइलाई भात खुवाउनु पर्छ ।

घ. तिमीले भाइलाई भात खुवाइआयौ ।

ङ. तिमीले भाइलाई भात खुवाइहाल्यौ ।

च. तिमीले भाइलाई भात खाइटोपल्यौ ।

छ. तिमीले भाइलाई भात खुवाइसिध्यायौ ।

ज. तिमीले भाइलाई भात खुवाउनचाह्यौ ।

झ. तिमीले भाइलाई भात खुवाउनचाह्यौ ।

ञ. तिमीले भाइलाई भात खुवाउनथाल्यौ ।

त. तिमीले भाइलाई भात खुवाउनपायौ ।

थ. तिमीले भाइलाई भात खुवाउनखोज्यौ ।

ड. तिमीले भाइलाई भात खुवाउनआँट्यौ ।

ढ. तिमीले भाइलाई भात खुवाउनलायौ ।

ण. तिमीले भाइलाई भात खुवाउनल्यायौ ।

ट. तिमीले भाइलाई भात खुवाउनपुग्यौ ।

ठ. तिमीले भाइलाई भात खुवाइरह्यौ ।

ध. तिमीले भाइलाई भात खुवाइबक्सनुभयो ।

न. तिमीले भाइलाई भात खुवाउनु दियौ ।

प. तिमीले भाइलाई भात खुवाउनु हुन्छ ।

फ. तिमीले भाइलाई खुवाउँदा हौ ।

ब. तिमीले भाइलाई भात खुवाउनजान्छौ ।

भ. तिमीले भाइलाई भात खुवाउनजान्छौ ।

म. तिमीले भाइलाई भात खुवाउनमरिमेट्यो ।

उल्लिखितउदाहरणहरूमा प्रस्तुत क्रियार्थद्योतक प्रेरणार्थ भएका छैनन् ।

**३.३.२.४. शृङ्खलाको आधार** :- प्रायः क्रियार्थद्योतकहरू एकभन्दा बढी आउन सक्छन् तर **छ** र **ह** जस्ता धातुबाट बनेका क्रियार्थद्योतकहरूपश्चात अन्य क्रियार्थद्योतकहरू आउनसक्दैनन् । यस आधारमा क्रियार्थद्योतकहरूलाई दुई प्रकारमा विभाजित गर्नसकिन्छ ।

१. शृङ्खलाक्रम प्रायोजन गर्ने ।

२. शृङ्खलाक्रम प्रायोजन नगर्ने ।

**१. शृङ्खलाक्रम प्रायोजन गर्ने** : *संयुक्त क्रिया (मि.क्रि) बन्दा दुई क्रिया मात्र जोडिने नियम छैन* (पण्डित, २०४२:३०९ र भट्टराई, २०३३: २९१) । *मिलित क्रिया दुईभन्दा बढ्ता मिलेका पनि हुन्छन्*। सिग्द्याल (२०४६: १२१) । *यिनीहरू खास अनुक्रममा abs+ abs + stem (na) + abs+ stem (+nu) + stem का रूपमा देखिन्छन्* शर्मा(१९८०:२७) ।

*पहिलो स्थानमा सक्नु, हाल्नु, रहनु, हेर्नु, दिनु, राख्नु, छाड्नु, लाग्नु, आउनु, थाल्नु, खोज्नु, माग्नु, पाउनु, लगाउनु, जस्ता क्रियामूलहरू **इ** प्रत्ययान्तका रूपमा आउँछन् । द्वितीय स्थानमा छाडि, राखि, दिई, टोपल, मागि, सकि, रहि, आइ रूपहरू आउँछन् । तेस्रो स्थानमा हाल्न, सक्न, दिन, माग्न, टोपल्न, रहन, र राख्न, चौथो स्थानमा सकि, लागि,*

*थालि, खोजि, मागि, दिइ, पाइ र लगाइ पाँचौं स्थानमा दिनु, हाल्नु, रहनु, सक्नु, टोपल्नु, राख्नु, छाड्नु र माग्नु तथा छैठौं स्थानमा पर, हु अथवा छ आउँने गर्दछ ।* (शर्मा, १९८०: २७-२९) । मिलित क्रियाको संरचनामा मु.क्रि. हुन सक्ने सबै क्रियाहरू शृङ्खलाक्रम प्रायोजन गर्ने क्रियार्थद्योतकका रूपमा प्रयोग हुने देखिन्छ ।

*कुनै एकै समूहका एकभन्दा बढी आधृत क्रियाहरू शृङ्खलाक्रममा प्रयुक्त हुन सक्छन् । एक भन्दा बढी एकै समूहका आधृत क्रियाले व्यक्त गर्ने अर्थमा अर्थतात्विक असङ्गति आउन सक्छन् । र ती आधृत क्रियाहरूले संकेत गर्ने अर्थको क्षेत्रमा असङ्गति वा विरोध हुने स्थितिमा प्रयुक्त हुनसक्दैनन् ।*

*सक् + हाल*

*११८. मैले लेखिसकिहालें ।*

*सक् + दि*

*११९. उसले भनिसकिदियो ।*

*सक् + टोपल*

*१२०. उसले गरिसकिटोपल्यो ।*

*यसैगरि टोपल् आधृत क्रिया राख , हेर , माग , हाल् र सक् आ.क्रि. सित हाल आ.क्रि. सक् र दि आधृत क्रियासित दि आधृत क्रिया सक् , टोपल , र हाल् आश्रृत क्रियासित राख् , आ.क्रि हेर आ.क्रि.सित, आउ आ.क्रि. टोपल र हेर् आ.क्रि. सित संयुक्त रूपमा प्रयुक्त हुन्छन् ।*

*सक् + पर् :*

*१२१. भनिसक्नु पर्‍यो ।*

*दि + लाग्*

*१२२. लेखिदिन लाग्यो ।*

*दि + खोज्*

*१२३. लेख्नदिन खोज्यो ।*

*दि + पर्*

*१२४. आउन दिन पर्‍यो*

*दि + आँट*

*१२५. दिन आँट्यो ।*

*आ.क्रि. लाग् आट् आ.क्रि. सित, थाल आ.क्रि. आँट, लाग् र खोज आ.क्रि.थाल् र आँट आधृत क्रियासित आँट आ.क्रि. थाल र खोज आ.क्रि. सित प्रयुक्त हुन्छन्* (गौतम २०५३ : १२९ र १३०) ।

यसरी शृङ्खलाक्रमका प्रायोजक क्रियार्थद्योतकहरू एकै समूह वा फरकफरक आउनसक्ने देखिन्छ ।

**२. शृङ्खलाक्रम प्रायोजन गर्न नसक्ने** : शृङ्खलाक्रम प्रायोजन गर्न नसक्ने क्रिया-र्थद्योतकहरू पश्चात अन्य क्रियार्थद्योतकहरू आउन सक्तैनन् । यस्ता क्रियार्थद्योतकहरूमा **छ** र **ह** मात्र देखिन्छन् । यिनीहरूले मु.क्रि. को अर्थ विशिष्ट पार्नुका अतिरिक्त काल, अकरण र संगतिलाई पनि बुझाउने गर्दछ । जस्तै :

१२६. क. मैले कविता लेख्नु छ ।

ख. हामीले कविता लेख्नु छ ।

१२७. क. म चिठी पढ्दो हुँ ।

ख. हामीले चिठी पढ्दा हौं ।

उल्लिखितउदाहरणहरूमा क र ख का वाक्यहरू व्याकरणिक हुन् । १२६ क र ख मा लेख्ने आवश्यकता **छ** क्रियार्थद्योतकले बुझाएको छ । १२६ क र ख को वाक्यमा कर्ता फरक भए पनि क्रिया एकै छन् : यसबाट **छ** क्रियार्थद्योतकले कर्तासँग सङ्गति कायम नगर्ने देखिन्छ । १२७ क र ख वाक्यमा भने कर्ताअनुसार क्रियापदको सङ्गति रहेको छ ।

**३.३.२.५. कारकको आधार** :- *कारकीय सम्बन्ध आन्तरिक सम्बन्ध भए तापनि बाह्य रूपमा तिनलाई संकेत गर्ने केही चिन्हकहरू छन् । तर सबै कारकका साथ विभक्ति चिह्नहरू आउँदैनन् । यसैकारण कारक व्याकरणका सन्दर्भमा चिन्हित् कारक भन्नाले विभक्तियुक्त कारक र अचिन्हित् कारक भन्नाले विभक्ति नलागेका कारकलाई भनिएको हो*

(बन्धु, २०५७ : १८१) । *नेपाली अनुसर्ग (विभक्ति) हरूमध्ये* ***ले*** *लाई अत्यन्त उत्पादनशील मानिन्छ । यसको प्रयोग नेपाली वाक्यहरूमा पाँच प्रकारले गर्न सकिन्छ । ती यसप्रकार छन् :*

*क) अभिकर्तासित*

*ख) करणसित*

*ग) कारण बुझाउँदा भाववाची संज्ञासित*

*घ) कारण बुझाउँदा नुमा टुङ्गिने र एकोमा टुङ्गिने क्रियाका तिर्यक रूपसित र*

*ङ) तरिका बुझाउने भाववाची संज्ञासित*

*मुख्य क्रिया सकर्मक छ भने र साधारण भूत र* ***एको****मा टुङ्गिएको छ भने वाक्यको अभिकर्तासित* ***ले*** *लगाउनैपर्छ । त्यति भएर पनि तलका खाले वाक्यहरूमा लाग्ने* ***ले*** *को भने केही अरु चर्चा हुनु आवश्यक देखिन्छ ।*

*१२८. क. रामले धरान जानु छ ।*

*ख. श्यामले धरान पुग्नु पर्छ ।*

*ग. सीताले कुर्सीमा बस्नु हुन्छ ।*

*माथिका वाक्यहरूमा जानु, पुग्नु र बस्नु अकर्मक क्रिया हुन् अर्थात यस्ता खालका अकर्मक क्रिया वाक्यमा मुख्य रूपले लाग्दा कर्मको प्रयोग हुन सक्दैन । यी अकर्मक भए तापनि अभिकर्ताहरू राम , श्याम र सीताका पछि* ***ले*** *लागेको छ* (शर्मा, २०५२ : ८४-८७) । यस आधारमा छ , पर् र हु धातुबाट निर्मित क्रियार्थद्योतकहरू प्रयुक्त वाक्यको अभिकर्तामा सामान्य नियम अनुरूपको 'ले' लाग्ने नलाग्ने देखिंदैन । त्यसैले यी धातुबाट निर्मित क्रियार्थद्योतकहरूलाई कारकमा परिवर्तन ल्याउने र बाँकी अन्य क्रियार्थद्योतकहरूलाई कारकमा परिवर्तन नल्याउने रूपमा अध्ययन गर्नसकिन्छ ।

### ३.४ निष्कर्ष

मिलित क्रियामा एक वा एकभन्दा बढी क्रियार्थद्योतकहरू हुन्छन् । मु.क्रि. को पछि आउँने यस्ता क्रियाहरू मूलतः मुख्य क्रिया नै हुन् । प्रयोगावस्थाबाट मात्र यिनीहरू क्रियार्थद्योतकका रूपमा देखिन्छन् । खास क्रियाहरू मात्र क्रियार्थद्योतक बन्न सक्छन् । यिनीहरूले पहिलो क्रिया अर्थात मु.क्रि. को अर्थमा विविधता ल्याउने तथा क्रियारूपायनमा सहयोग गर्दछन् । यिनीहरूलाई स्वरूप र कार्यका आधारमा वर्गीकरण गर्नसकिन्छ ।

# अध्याय – चार

## ४.  कोटिसहायक क्रियाको परिचय, कार्य र प्रकार

### ४.१  कोटिसहायक क्रियाको परिचय

*दुई वा दुईभन्दा बढी क्रियाहरूको मेल हुँदा एकै संयुक्त अर्थ दिने अवस्थामा संयुक्त वा मिलित क्रियाको निर्माण हुन्छ । संयुक्त वा मिलित क्रियामा आउँने दोस्रो क्रियालाई सहायक क्रिया भनिन्छ* (अवस्थी र अन्य, २०५९ : ९०) । मिलित क्रियामा अर्थगत विशिष्टताका लागि आउँने स.क्रि. लाई क्रियार्थद्योतकका रूपमा अध्याय तीनमा अध्ययन गरिसकिएको छ । अर्थगत विशिष्टताका लागि नआई मूलतः उच्चआदर बुझाउन 'हु', अतिउच्चआदर बुझाउन 'बक्स' र काल बुझाउन र 'छ' क्रियाहरू सङ्केतकका रूपमा आउँने गर्दछन् । 'हु' र 'बक्स' लाई मिलित क्रियाको संरचकका रूपमा खास प्रत्ययान्तका साथ आउँने भएकोले क्रियार्थद्योतकअन्तर्गत अधययन गरिसकिएको छ । यिनीहरूलाई व्याकरणिक कोटिअन्तर्गत पर्ने सङ्गति अन्तर्गतको आदरसँग सम्बन्धित भएकोले कोटिसहायक क्रियाको रूपमा पनि लिनसकिन्छ । *त्यस्तै कालअन्तर्गत मूलतः अभूतकालको सङ्केतक 'छ'* (गौतम २०५३ : १४५) भने संयुक्त र मिलित दुवै प्रकारका क्रियाहरूमा आउँने गर्दछन् । अतः यहाँ कोटिसहायक क्रिया भन्नाले काल र सङ्गतिका सूचकहरूलाई लिइएको छ । यिनीहरू संयुक्त क्रियामा मात्र या मिलित र संयुक्त दुवै प्रकारका क्रियाहरूहरूमा आउनसक्ने खालका हुन्छन् ।

कोटिसहायक क्रियालाई सहायक क्रिया (एटन : १८२०, पण्डित : २०४२, सिग्द्याल २०४६, भट्टराईः २०३३, शर्मा : २०६२), शर्मा : १९८०, अधिकारी : २०४३ र गौतम : २०५३) योजिका (पोखरेल : २०५६) भनिएको पाइन्छ । यहाँ मिलित क्रियामा आउँने दोस्रो क्रिया (स.क्रि.) लाई क्रियार्थद्योतकका रूपमा चर्चा गरिसकिएको स्थितिमा मिलित र संयुक्त दुवै प्रकारका क्रियामा आउनसक्ने तथा व्याकरणिक कोटिसँग सम्बन्धित हुने स.क्रि. लाई कोटिसहायक क्रिया भनिएको हो । क्रियार्थद्योतकहरू असमापक पनि हुनसक्छन् तर को. स. क्रि. हरू सधैं समापक हुन्छन् । यद्यपि कार्यप्रकृतिका आधारमा 'हु', 'बक्स' लाई असमापक हुने हुँदाहुदै को. स.क्रि. का रूपमा लिइएको हो । को.स. क्रि. हरू रूपायनमा सहभागी हुन्छन् ।

अतः मिलित क्रियामा उच्चआदर, अतिउच्चआदर काल बुझाउन सक्ने 'हु' र 'बक्स' तथा 'छ' लाई को.स. क्रि. भनिन्छ जसले क्रियारूपायनमा पनि सहयोगी भूमिका निर्वाह गर्दछ ।

## ४.२ नेपाली कोटिसहायक क्रियाको कार्य

नेपाली कोटिसहायक क्रियाको कार्यलाई दुई ढंगबाट पहिचान गर्न सकिन्छ ; ती हुन् :

४.२.१ अरूपायित कार्य

४.२.२ रूपायित कार्य

**४.२.१ अरूपायित कार्य** : - रूपायित नभएको अवस्थामा मिलित क्रियामा मात्र आउँने नेपाली क्रिया 'हु' ले उच्चआदर, 'बक्स्' ले अतिउच्चआदर र मिलित तथा संयुक्त दुवै क्रियामा आउनसक्ने कोटिसहायक क्रिया 'छ' ले अभूतकाललाई बुझाउने गर्दछ । यसरी आफ्नो मूल रूपलाई नगुमाई आदर र काललाई बुझाउन सक्ने को.स.क्रि. को कार्यलाई अरूपायित कार्य भन्नसकिन्छ । जस्तै :-

१२९. क तपाई घरमा बस्नुहुन्छ ।

ख हजुर घरमा बसिबक्सन्छ ।

ग ऊ घरमा बस्दछ ।

उदाहरण क मा भएको क्रियापदमा 'हु' ले उच्चआदरलाई, ख मा भएको क्रियापदमा 'बक्स' ले अतिउच्चआदर तथा क, ख र ग मा भएको क्रियापदमा 'छ' ले काललाई बुझाइरहेको छ ।

प्रस्तुत उदाहरणको क्रियापदको रचनालाई तल तालिकामा देखाइएको छ ।

क्रियापद : मु . क्रि + आदर + पक्ष + काल

बस्नुहुन्छ : बस्नु + हु + न् + छ

बसिबक्सन्छ : बसि + बक्स + न् + छ

बस्दछ : बस् + $\phi$ + द + छ

माथि प्रस्तुत तालिकाबाट उच्चआदर र अतिउच्चआदरको सङ्केतक पक्षसङ्केत रूपभन्दा अघि आउँने कुरा बुझिन्छ भने कालसङ्केतक पक्षसङ्केतक रूपभन्दा पछि आउँने देखिन्छ ।

**४.२.२ रूपायित कार्य :** कोटिसहायक क्रियाहरू क्रियापदको रूपायनमा पनि सहभागी हुने गर्दछन् । 'हु' पक्ष, काल र अकरण प्रक्रियामा र 'बक्स' पक्ष, काल, भाव र वाच्य अनुसार क्रियापद रूपायन हुँदा सहभागी हुने कुरालाई माथि ३.२ मा चर्चा गरिसकियो । यहाँ को.स.कि. 'छ' काल, सङ्गति र अकरणअनुसार रूपायन हुँदा देखिने स्थितिलाई चर्चा गरिन्छ । जस्तै :

अभूत कालको करणमा सङ्गतिअनुसार रूपायनको स्थिति :

१३०. क. म विद्यालय जान्छु ।

ख. हामी विद्यालय जान्छौँ ।

ग. तँ विद्यालय जान्छस् / जान्छेस् ।

घ. तिमी विद्यालय जान्छौ / जान्छ्यौ ।

ङ तपाईं विद्यालय जानुहुन्छ ।

च. हजुर विद्यालय गइबक्सन्छ ।

छ. ऊ विद्यालय जान्छ / जान्छे ।

ज. उनी विद्यालय जान्छन् / जान्छिन् ।

झ. उनीहरू विद्यालय जान्छन् ।

उल्लिखितउदाहरणबाट 'छ' को छु, छौँ, छस्, छेस्, छौ, छ्यौ, छ, छे, छन् र छिन् गरी १० वटा रूपहरू देखिन्छन् । यसलाई तालिकामा यसप्रकार देखाउन सकिन्छ :

| पुरूष | एकवचन | बहुवचन | आदर |
|---|---|---|---|
| प्रथम | उँ (छुँ) | औँ (छौँ) | |
| पुलिङ्गी<br>द्वितीय<br>स्त्रीलिङ्गी | अस् (छस)<br><br>एस् (छेस्) | <br>औ (छौ)<br> | औ (छौ)<br><br>यौ (छयौ) |
| पुलिङ्गी<br>तृतीय<br>स्त्रीलिङ्गी | अ (छ)<br><br>ए (छे) | <br>अन् (छन्)<br> | अन् (छन्)<br><br>इन् (छिन्) |

तालिका नं.२२ को.स.क्रि. 'छ' को अभूत करण सङगति रूपावली

अभूतकालको अकरणमा सङ्गतिअनुसार रूपायनको स्थिति तल उल्लिखित उदाहरणहरूबाट प्रष्ट हुन्छ ।

१३१ क. म विद्यालय गएको छैनँ ।

ख. हामी विद्यालय गएका छैनौँ ।

ग. तँ विद्यालय गएको छैनस् ।

घ. तिमी विद्यालय गएका छैनौ ।

ङ तपाई विद्यालय जानुभएको छैन ।

च. हजुर विद्यालय गइबक्सेको छैन ।

छ. ऊ विद्यालय गएको छैन ।

ज. उनी विद्यालय गएको छैनन् ।

झ. उनीहरू विद्यालय गएका छैनन् ।

उल्लिखित उदाहरणबाट अभूतकालको अकरणमा सङ्गतिअनुसार रूपायन हुँदा छैनँ, छैनस्, छैनौ, छैन र छैनन् गरी ६ वटा रूपहरू देखिन्छन् । यसलाई तालिकामा यस प्रकार देखाउनसकिन्छ ।

| पुरूष | एकवचन | बहुवचन | आदर |
|---|---|---|---|
| प्रथम | इनँ (छैनँ) | इनौँ (छैनौ) | |
| पुलिङ्गी<br>द्वितीय<br>स्त्रीलिङ्गी | नस् (छैनस्) | इनौ (छैनौ) | इनौ, इन (छैनौ, छैन) |
| पुलिङ्गी<br>तृतीय<br>स्त्रीलिङ्गी | इन (छैन) | इनन् (छैनन्) | इनन् (छैनन्) |

तालिका नं. २३ को.स.क्रि. 'छ' को अभूत अकरण सङ्गतिको रूपावली

भूतकालको करणमा सङगतिअनुसार रूपायनको स्थिति तल उल्लिखित उदाहरणहरूबाट प्रष्ट हुन्छ :-

१३२. क. म विद्यालय गएको थिएँ ।

ख. हामी विद्यालय गएका थियौँ ।

ग. तँ विद्यालय गएको थिइस् ।

घ. तिमी विद्यालय गएका थियौ ।

ङ तपाईँ विद्यालय जानुभएको थियो ।

च. हजुर विद्यालय गइबक्सेको थियो ।

छ. ऊ विद्यालय गएको थियो / गएकी थिई ।

ज. उनी विद्यालय गएका थिए ।

झ.	उनीहरू विद्यालय गएका थिए ।

उल्लिखित उदाहरणहरूबाट 'छ' भूतकालमा **थि** भएर कालिक प्रत्यय 'य' र सङ्गति प्रत्यय लाग्ने बुभिन्छ । थिएँ, थियौ, थिइस, थियौ, थियो, थिई र थिए गरेर ७ वटा रूपहरू 'थि' बाट बनेको देखिन्छ । यसलाई तालिकामा यसप्रकार देखाउनसकिन्छ :

| पुरूष | एकवचन | बहुवचन | आदर |
|---|---|---|---|
| प्रथम | थिएँ | थियौ | |
| पुलिङ्गी<br>द्वितीय<br>स्त्रीलिङ्गी | थिइस् | थियौ | थियौ / थियो |
| पुलिङ्गी<br>तृतीय<br>स्त्रीलिङ्गी | थियो<br><br>थिई | थिए | थिए |

तालिका नं. २४   'छ' को भूत करण सङ्गतिको रूपावली

भूतकालको अकरणमा सङ्गतिअनुसार रूपायनको स्थिति तल उल्लिखित उदाहरणहरूबाट प्रष्ट हुन्छ :-

१३३	क.	म विद्यालय गएको थिइनँ ।

ख.	हामी विद्यालय गएका थिएनौँ ।

ग.	तँ विद्यालय गएको थिइनस् ।

घ.	तिमी विद्यालय गएका थिएनौ / गएकी थिइनौ ।

ङ	तपाई विद्यालय जानुभएको थिएन ।

च.	हजुर विद्यालय गइबक्सेको थिएन ।

छ.	ऊ विद्यालय गएको थिएन / गएकी थिइन ।

ज.   उनी विद्यालय गएका थिएनन् / गएकी थिइन ।

झ.   उनीहरू विद्यालय गएका थिएनन् ।

उल्लिखित उदाहरणहरूबाट 'छ' भूतकाल अकरण सङ्गति अनुसार थिइनँ, थिएनौ, थिइनस, थिएनौ, थिइनौ, थिएन, थिइन, थिएनन् र थिइनन् गरी ९ वटा रूपहरू देखिन्छन् । यसलाई तालिकामा यसरी देखाउन सकिन्छ :-

<table>
<tr><td colspan="2">पुरूष</td><td>एकवचन</td><td>बहुवचन</td><td>आदर</td></tr>
<tr><td colspan="2">प्रथम</td><td>थिइनँ</td><td>थिएनौँ</td><td></td></tr>
<tr><td rowspan="2">द्वितीय</td><td>पुलिङ्गी</td><td rowspan="2">थिइनस्</td><td rowspan="2">थिएनौ</td><td>थिएनौ</td></tr>
<tr><td>स्त्रीलिङ्गी</td><td>थिइनौ</td></tr>
<tr><td rowspan="2">तृतीय</td><td>पुलिङ्गी</td><td>थिएन</td><td rowspan="2">थिएनन्</td><td>थिएनन्</td></tr>
<tr><td>स्त्रीलिङ्गी</td><td>थिइन</td><td>थिइनन्</td></tr>
</table>

तालिका नं. २५   'छ' को भूत अकरण सङ्गतिको रूपावली

## ४.३   नेपाली कोटिसहायक क्रियाको प्रकार

नेपाली कोटिसहायक क्रियालाई संबद्धताका आधारमा दुई प्रकारमा विभाजित गर्न सकिन्छ ; ती हुन :-

४.३.१ मिलित क्रियासंबद्ध

४.३.२ मिलित र संयुक्त दुवै क्रियासंबद्ध

### ४.३.१ मिलित क्रियासंबद्ध

मिलित क्रियासंबद्ध को.स.क्रि. को रूपमा उच्चआदरको सङ्केत 'हु' र अतिउच्चआदरको सङ्केतक 'बक्स' देखिन्छन् । यिनीहरू मिलित क्रियामा देखिने भएकोले क्रियार्थद्योतक.

अन्तर्गत अध्ययन गरिसकिएको छ । मिलित क्रियामा 'नु' मु.क्रि. प्रत्ययान्त पश्चात 'हु' र 'इ' मु. क्रि. प्रत्ययान्त पश्चात **बक्स** आउँने गर्दछ । स्वरूपगत आधारमा क्रियार्थद्योतक. अन्तर्गत पर्ने भए पनि उच्चआदर र अतिउच्चआदर व्याकरणिक कोटि सङ्गतिअन्तर्गत पर्ने भएकोले यिनीहरूलाई कार्यप्रकृतिका आधारमा को.स.क्रि. अन्तर्गत राखिएको हो । यिनीहरू रूपायनमा सहभागी हुने कुराको पनि अघिल्लो परिच्छेदमा अध्ययन गरिसकिएको छ ।

### ४.३.२ मिलित र संयुक्त दुवै क्रियासँग सम्बद्ध

मिलित र संयुक्त दुवै क्रियासँग सम्बद्ध को.स.क्रि. का रूपमा सङ्केतक 'छ' पर्दछ । यो काल, सङगति र अकरण अनुसार रूपायित हुन्छ । को.स.क्रि. को कार्य अन्तर्गत यसको रूपायित रूपहरूलाई ४.३.२ अन्तर्गत अध्ययन गरिएको छ ।

## ४.४ निष्कर्ष

कोटिसहायक क्रिया अन्तर्गत पर्ने 'हु' र 'बक्स' ले क्रमशःक उच्चआदर र अतिउच्च आदरको तथा 'छ' ले अभूतकाललाई बुझाउन मु. क्रि.लाई सहयोग गर्दछ । 'हु' पक्ष, काल र अकरण, बक्स पक्ष, भाव, काल र वाच्यअनुसार तथा 'छ' काल, सङ्गति र अकरणअनुसार रूपायित हुन्छन् । संलग्नता/ संबद्धताको आधारमा को.स.क्रि. लाई मिलित क्रियासंबद्ध र मिलित वा संयुक्त दुवै क्रियासँग संबद्ध गरी वर्गीकरण गर्नसकिन्छ ।

# अध्याय – पाँच

# ५. सारांश र निष्कर्ष

## ५.१ सारांश

नेपाली सहायक क्रियाको अध्ययन परम्परागत र भाषाबैज्ञानिक दुवै पद्धतिबाट भएको छ । परम्परागतमा हेमराज शर्मा, सोमनाथ सिग्द्याल र रोहिणीप्रसाद भट्टराईले विस्तृत चर्चा गरेका छन् । आधुनिक भाषाबैज्ञानिक पद्धतिअनुसारका पुस्तकहरूमा मोहनराज शर्मा , हेमाङ्गराज अधिकारी र माधवप्रसाद पोखरेलले स.क्रि. को चर्चा गरेका छन् । अन्यको अध्ययन स.क्रि. को परिचय प्रकार र कार्यको सामान्य चर्चामा सीमित छन् । तारानाथ शर्माको शोधग्रन्थमा नेपाली स.क्रि. अन्तर्गत मोडल एक्ज्युलरी (क्रियार्थद्योतक) र **हुनु** क्रिया पर्ने कुरा उल्लेख गरिएको छ । देवीप्रसाद गौतमबाट आफ्नो विद्यावारिधी शोधग्रन्थमा रूपान्तरण व्याकरणअनुसार स.क्रि. को अध्ययन गरिएको छ । शब्दगत समानता भएतापनि गौतमको अध्ययनमा क्रिया संरचनाको मुख्य अङ्गको रूपमा हेरेर यस अन्तर्गत पर्ने विभिन्न व्याकरणिक कोटिहरूको अध्ययन भएको देखिन्छ । हालसम्मको अध्ययन स.क्रि. को संख्या र स्वरूपको आधारमा प्रकार विभाजन गर्दै परिचय दिने काम भएको छ ।

स.क्रि. मिलित क्रिया र संयुक्त क्रियाको संरचनामा आउँने पहिलो क्रिया (मु.क्रि.) पछिका क्रियाहरू हुन् । मिलित क्रियामा आउँने स.क्रि. ले मु.क्रि. को अर्थद्योतनमा प्रत्यक्ष सहभागी हुने र परोक्षमा रूपायककोटिका आधारका रूपमा रहने हुनाले क्रिय(ार्थद्योतक भन्न सकिन्छ । यस्ता क्रियाहरू धातुनिर्मित हुन्छन् । यिनीहरूलाई मु.क्रि. प्रत्ययान्त, स्वतन्त्र प्रयोग , अर्थ प्रकटन , वाच्य , प्रेरणार्थ , शृङ्खलाक्रम , कारक र मु.क्रि. को उपस्थितिका आधारमा वर्गीकरण गर्न सकिन्छ । मु.क्रि. प्रत्ययान्तका आधारमा इ, न, ने, नु, दै, र दो प्रत्ययान्त मु.क्रि. सँग आउँने स.क्रि. का रूपमा प्रस्तुत गरिएको छ । यस आधारमा ३६ वटा क्रियार्थद्योतकहरू पाइएका छन् । पर्, जा, लाग्, छाड्, सक्, आउ, हिँड्, गर्, हाल्, राख्, हेर्, पठाउ, टोपल्, सिध्याउ, माग्, चाह्, थाल्, पाउ, खोज्, आँट्, दि, लाउ, लगाउ, ल्याउ, बन्, बस्, पुग्, रह्, बक्स्, छ, हु, ह, मिल्, जान्, उठ् र मेट् हुन् । मु.क्रि. को रूपमा टोपल् र बक्स् प्रयुक्त हुन सक्तैनन् । अर्थको आधारमा

क्षमताबोधक, समाप्तिबोधक, आकस्मिकताबोधक, तात्कालिकताबोधक, निरन्तरताबोधक, शीघ्रताबोधक, परीक्षणबोधक, अवास्तविकबोधक, परार्थताबोधक, अनुमतिबोधक, परीक्षणबोधक, आरम्भबोधक, अवरूद्धार्थबोधक, अवसरबोधक, अभ्यस्तताबोधक, आदरबोधक, इच्छार्थबोधक, लक्ष्यार्थबोधक, उपयुक्तताबोधक सम्भावनाबोधक, अशक्तिबोधक र प्रेरणार्थबोधक, वाच्यको आधारमा वाच्यपरिवर्तनमा सहभागी हुने र नहुने, प्रेरणार्थको आधारको रूपमा रहने र नरहने, शृङ्खलाक्रम बनाउन सक्ने र नसक्ने कारक परिवर्तन गर्ने र नगर्ने तथा सबै मु.क्रि.सँग आउँने र नआउँने जस्ता विविध खालका क्रियार्थद्योतकहरू पाइएकाले सोही अनुरूप प्रकार निर्धारण गरिएको छ । क्रिया-र्थद्योतकले मूलतः मु.क्रि.को अर्थ विशिष्ट पार्ने र रूपायनमा आधारको रूपमा या प्रत्यक्ष सहभागी भई सहयोग गर्दछ ।

मिलित वा संयुक्त क्रियामा आउँने सं.क्रि. हरूले मूलतः व्याकरणिक कोटिहरूको द्योतनका लागि प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउँदछ । त्यसैले यस्ता सं.क्रि. लाई कोटिसहायक क्रिया भनिएको छ । यस्ता सं.क्रि.को रूपमा मूलत **छ, हु र बक्स** पर्दछन् **छ** प्रत्यक्षत : काललाई बुझाउन तथा काल सङ्गति र अकरणलाई बुझाउन आधारको रूपमा रहन्छ । 'हु' ले प्रत्यक्षत उच्चआदरार्थी रूपको संकेतक भएर तथा पक्षको आधारको रूपमा मूलत : पूर्ण, अपूर्ण, अज्ञात, अश्यस्त र निश्चित पक्षमा आउँने गर्दछ । त्यस्तै काल र अकरण अनुसार पनि 'हु' रूपायन हुनसक्छ । 'बक्स' अतिउच्चआदरको सङ्केत भएर देखिने र पक्ष, वाच्य, काल र अकरण जस्ता कोटिका आधारमा क्रियापदको रूपायन हुँदा पनि सहभागी हुनसक्छ । को.स.क्रि. मिलित क्रियामा मात्र आउँने र संयुक्त तथा मिलित दुवैमा आउँने गरी दुई प्रकारका छन् ।

## ५.२ निष्कर्ष

- नेपाली स.क्रि.को अध्ययन जे.ए. एटनदेखि हालसम्म परम्परागत तथा भाषावैज्ञानिक पद्धतिले भएको छ । विशेषत : यी अध्ययन स.क्रि. को सङ्ख्या, प्रकार र कार्यका बारेमा केन्द्रित छन् ।
- नेपाली स.क्रि.हरू मिलित र संयुक्त क्रियाका संरचक हुन् ।

- क्रियार्थद्योतक र कोटिसहायक क्रियाका रूपमा स.क्रि. लाई व्यवस्थित अध्ययन गर्न सकिन्छ ।
- क्रियार्थद्योतकहरू मु.क्रि. को आर्थी विशिष्टता र रूपायक प्रत्ययका आधार हुन् ।
- सबै क्रियार्थद्योतकहरू उही रूपमा रूपायनमा सहभागी हुँदैनन् ।
- 'छु' अभूतकालको सङ्केतक को.स.क्रि. हो भने 'हु' र 'बक्स' क्रमश उच्चआदर र अतिउच्चआदरका सङ्केतक हुन् ।
- 'छ' काल, सङ्गति र अकरणअनुसार रूपायन हुँदा सहभागी हुन्छन् ।
- 'हु' पक्ष, काल, अकरणअनुसार क्रियापद रूपायन हुँदा र 'बक्स' पक्ष, काल भाव र वाच्यअनुसार क्रियापद रूपायन हुँदा सहभागी हुन्छन् ।
- क्रियार्थद्योतकहरू स्वरूप र कार्यका आधारमा वर्गीकृत हुन्छन् ।
- कोटि स.क्रि.हरू सम्बद्धताका आधारमा वर्गीकृत हुन्छन् ।

नोट : नेपाली क्रियार्थद्योतकको पदयोग र पदवियोगको सम्बन्धमा अध्ययन गर्नसकिन्छ ।

# सन्दर्भग्रन्थसूचि


अ पुस्तकसूची (नेपाली)

१. अधिकारी, बलदेव (२०४९), **ललित व्याकरण** ते.संस्क. काठमाडौं : लेखक स्वयं ।

२. अधिकारी, हेमनाथ (२०५३), **नेपाली समापिका क्रियाको लिङ्ग, वचन, पुरूषको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, स्नातकोत्तर क्याम्पस विराटनगर ।

३. अधिकारी, हेमाङ्गराज (२०४९), **समसायिक नेपाली व्याकरण**, काठमाडौंः कुञ्जल प्रकाशन ।

४. ________ ________ (२०६२), **समसायिक नेपाली व्याकरण**, ते.संस्क., काठमाडौंः कुञ्जल प्रकाशन ।

५. अर्याल, डिल्लीरमण शर्मा (२०४७), **धातु परिचय**, धादिङ्गवेसी : लेखक स्वयं ।

६. ________ ________ (२०५३) **व्याकरण परिचय**, धादिङ्गबेसी : लेखक स्वयं ।

७. अर्याल, बलराम (२०६३), **नेपाली भाषाको रूप व्याकरण**, काठमाडौं : शिसम प्रकाशन ।

८. अवस्थी, महादेव र अन्य (२०५९), **सरल नेपाली व्याकरण र रचना**, काठमाडौं, एकता बुक्स ।

९. ________ ________ ________ र शर्मा ऋषिराम (२०५७/५८), **नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति,** काठमाडौं : एकता बुक्स ।

१०. आचार्य, ब्रतराज (२०५८), **आधारभूत नेपाली व्याकरण तथा रचना**, ललितपुर साभ्का प्रकाशन ।

११. आचार्य, पर्शराम (२०५१), **क्याम्पस स्तरको व्याकरण**, काठमाडौं : आचार्य तथा भण्डारी ।

१२. उपाध्याय, भगवानचन्द्र (२०६१), **अनिवार्य नेपाली**, पाल्पा : बालचन्द्र पुस्तकालय ।

१३. कार्की, बद्रीकुमार (२०६०), **नेपाली निष्कर्ष व्याकरण**, काठमाडौं : लेखक स्वयं ।

१४. खड्का, शुन्दरसान (२०५५), **प्रायोगिक नेपाली व्याकरण**, काठमाडौं : ध्रुव तथा नरेन्द्र खड्का ।

१५. गौडेल, हेमनाथ (२०६२), **अनिवार्य नेपाली**, कोहलपुर : लेखक स्वयं ।

१६. गौतम, एम.के. र शर्मा (२०५८), **अनिवार्य नेपाली सहायक** : काठमाडौं ।

१७. गौतम, देवीप्रसाद (२०५३[क]), **फिलेमोरको कारक व्याकरण र नेपाली कोरकहरू**, काठमाडौं : मुना प्रकाशन, ।

१८. ________ ________ (२०५३[ख]) **नेपालीमा पदावली व्यवस्था**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि.वि. ।

१९. ________ ________(२०५८), **नेपाली रूपान्तरण व्याकरण**, काठमाडौं चिरञ्जीवी घिमिरे ।

२०. ________ ________(२०५८[ख]) **मानक तथा विस्तारित मानक सिद्धान्त र नेपाली वाक्य व्यवस्था**, काठमाडौं : चिरञ्जीवी घिमिरे ।

२१. गौतम, वासुदेव र अन्य (२०५९), **अनिवार्य नेपाली** दो.संस्क. काठमाडौं : भाभा पुस्तक भण्डार ।

२२. ज्ञवाली, कमल र न्यौपाने, छायादत्त (२०५८), **माध्यामिक नेपाली व्याकरण बाटिका बोध तथा अभिव्यक्ति**, काठमाडौं : सत्याल प्रकशन ।

२३. ज्ञवाली, रामप्रसाद र भट्टराई, गणेशप्रसाद (२०५९), **अनिवार्य नेपाली**, छैठौं संस्क, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

२४. घिमिरे, अम्विकादेवी राई, रामकुमार (२०६५), **अनिवार्य नेपाली**, दो. संस्क., काठमाडौं : शुभकामना प्रकाशन ।

२५. ढुङगेल, तुलसीप्रसाद (२०६५), **नेपाली रचनाशिल्प**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

२६. ढुङगेल, भोजराज र अन्य (२०६३), **माध्यामिक नेपाली व्याकरण, रचना र अभ्यास**, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

२७. तिवारी, गोपालनीधि (२०३०), **नेपाली भाषाको बनोट**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

२८. दाहाल, केदारप्रसाद (२०६३), **नेपाली अभ्यासात्मक व्याकरण र रचना**, काठमाडौं : लेखक स्वयं ।

२९. दाहाल, दुर्गाप्रसाद (२०६१), **दनुवारी भाषा एक अध्ययन**, काठमाडौं : सुनकोशी प्रकाशन ।

३०. नेपाल प्रज्ञा प्रतिष्ठान (२०६०), **नेपाली बृहत शब्दकोश**, छैटौँ संस्क. काठमाडौं : ने.प्र.प्र. ।

३१. नेपाल, देवी र ढुङ्गाना, लावण्य (२०६३), **अनिवार्य नेपाली**, काठमाडौं : ईश्वरी प्रकाशन ।

३२. नेपाल, शैलेन्द्रप्रकाश र अन्य (२०६३), **प्रयोगमूलक अनिवार्य नेपाली**, काठमाडौं : निरन्तर प्रकाशन ।

३३. न्यौपाने, कृष्णप्रसाद (२०५१), **व्याकरण कुसुम**, काठमाडौं, हिमल न्यौपाने र कृष्णप्रसाद न्यौपाने ।

३४. न्यौपाने, धनश्याम (२०६२), **आधुनिक नेपाली व्याकरण**, काठमाडौं र भैरहवा : दीक्षान्त पुस्तक प्रकाशन तथा लुम्बिनी स्टुडेन्ट कर्नर, ।

३५. पण्डित, हेमराज शर्मा (२०४२), **चन्द्रिका गोरखाभाषा व्याकरण**, काठमाडौं : लेखक स्वयं ।

३६. पन्थी, दीन (२०४८), **नेपाली व्याकरण**, मेघालय (भारत) : हिमालय बुक स्टल ।

३७. पराजुली, कृष्णप्रसाद (२०६१), **राम्रो रचना मीठो नेपाली**, पच्चीसौं संस्क., काठमाडौं : सहयोगी प्रेस ।

३८. पोखरेल, माधवप्रसाद (२०५६), **नेपाली वाक्य व्याकरण**, दो.संस्क. काठमाडौं, एकता बक्स डिस्ट्रिव्युटर्स प्रा.लि. ।

३९. पौड्याल, हिरामणि शर्मा (२०४४), **पर्वती भाषिकाको स्वरूप संरचना**, पर्वत : इन्दिरा शर्मा पौड्याल ।

४०. पौड्याल (पौडेल), हेमनाथ र नेत्रप्रसाद (२०५७), **नेपाली व्याकरण समीक्षा**, स्नातक तह ते.संस्क., काठमाडौं : पैरवी प्रकाशन ।

४१. प्रकाश , डि.पी. भट्टराई (२०६१), **निम्नमाध्यामिक नेपाली व्याकरण र अभिव्यक्ति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

४२. प्रधान, पारसमणि (सन् १९७०), **नेपाली व्याकरण**, तेह्रौं संस्क., कलकत्ता : म्याकमिलन एण्ड कम्पनी लिमिटेड ।

४३. प्रधान, पारसमणि र टिकाराम (सन् १९६२), **प्रवेशिका नेपाली व्याकरण र रचना**, दो.संस्क., कालिम्पोङ; वी.एम. प्रधान एण्ड सन्स ।

४४. प्रधान, पारसमणि र नगेन्द्र (सन् १९६३), **नेपाली व्याकरण भारती**, पाँचौ संस्क., दार्जिलिङ, पी.एम. प्रधान एण्ड सन्स ।

४५. बन्धु, चुडामणि (२०५७), **भाषाविज्ञानका सम्प्रदाय**, दो.संस्क., काठमाडौं : एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि. ।

४६. बराल, कृष्णहरि र एटम (२०६४), नेत्र, **अनिवार्य नेपाली**, चौथो संस्क. काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

४७. ________ ________ ________ ________ (२०६४)**साधारण नेपाली**, चौथो संस्क., काठमाडौं : हजुरको प्रकाशन, ।

४८. भट्टराई, रामप्रसाद र अन्य (२०६३), **प्रयोगात्मक नेपाली व्याकरण (वोध र रचना)**, काठमाडौं : निरन्तर प्रकाशन ।

४९. भट्टराई, रोहिणीप्रसाद (२०३३), **बृहद नेपाली व्याकरण**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

५०. यादव, योगेन्द्रप्रसाद र रेग्मी भीमनारायण (२०५९) **भाषाविज्ञान**, दो.संस्क., काठमाडौं, कीर्तिपुर न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

५१. रेग्मी, चूडामणी (२०५२), **नेपाली भाषा र व्याकरणका केही विषय : केही छलफल**, झापा : जुही प्रकाशन ।

५२. रेग्मी, चूडामणी उपाध्याय (२०२५), **नेपाली भाषाको उत्पत्ति**, ललितपुर : जगदम्बा प्रकाशन ।

५३. लम्साल, रामचन्द्र (२०६२), **नेपाली भाषा र व्याकरण**, काठमाडौं : सनलाइट पब्लिकेशन ।

५४. लम्साल, रामचन्द्र र अन्य (२०६४), **साधारण नेपाली**, काठमाडौं : शुभकामना प्रकाशन ।

५५. लामिछाने, यादवप्रकाश र सुब्बा, बेगेन्द्र (२०५७), **नेपाली व्याकरण र रचना**, काठमाडौं : आठराई प्रकाशन ।

५६. लुइटेल, प्रकाश (२०६३), **आधुनिक नेपाली व्याकरण**, काठमाडौं : शिक्षा परीक्षा सामग्री केन्द्र ।

५७. शर्मा, केदारप्रसाद र अन्य (२०६३), **साधारण नेपाली**, काठमाडौं : अस्मिता पब्लिकेशन ।

५८. शर्मा, तारानाथ (२०५२), **सजिलो नेपाली**, काठामाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

५९. शर्मा, पञ्चप्रसाद (२०५१), **अनिवार्य नेपालीको पाठ्यपुस्तक**, बुटवल : विद्यार्थी पुस्तक पसल ।

६०. शर्मा, मोहनराज (२०६२), **शब्दरचना र बर्णविन्यास, वाक्यतत्व अभिव्यक्ति र पाठहरू**, काठमाडौं : नवीन प्रकाशन ।

६१. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६०), **आधुनिक भाषाविज्ञान**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

६२. ———— ———— ———— ———— (२०५५), **शोधविधि** हो संस्क, ललितपुर : साझा प्रकाशन ।

६३. शर्मा, सुकुम (२०५६), **नेपाली व्याकरणको ऐतिहासि सर्वेक्षण**, काठमाडौं : वाङ्मय प्रकाशन ।

६४. शर्मा, हर्षनाथ (२०४९), **अनिवार्य नेपाली रचना**, काठमाडौं : साझा प्रकाशन ।

६५. शिक्षा, पदाधिकारीहरू (सन् १९८५), **माध्यमिक नेपाली व्याकरण र रचना**, एघारौँ संस्क., गान्तोक : राष्ट्रिय पुस्तक प्रकाशन ।

६६. श्रेष्ठ, ईश्वरकुमार (२०५९), **नेपाली व्याकरण : केही पक्षहरूको सरलीकृत चर्चा**, ललितपुर : साझा प्रकाशन ।

६७. सिग्द्याल, सोमनाथ (२०४६), **मध्यचन्द्रिका**, पाँचौ संस्क., काठमाडौं : साझा प्रकाशन ।

**अंग्रेजी**

1. Aton, J.A (1820), **A Grammar of the Nepalise Language**, Calcutta: Philoperaira.

2. Morland, Huges (1947), **A Grammar of the Nepali Language,** London: Luzac and Co. Ltd.

3. Sharma, Basudev (1976), **An Outline of Nepali Transformational Syntax**, Unpublished M.A. Thesis, T.U.

4. Sharma, Taranath (1980), **The Auxiliary in Nepali**, Unpublished, Ph.D. diss-Madison: University of wisconsin.

लेखसूची (पत्रपत्रिका)

गौतम, देवीप्रसाद (1998), **नेपालीमा मिलित क्रिया,** Tribhuvan University Jornal,.Vol. XXI , No. 2 ) पृ.१२९-१३९

________ (२०४९-५०), **नेपाली क्रियासहायकको अन्तर्व्यवस्था**, वाङ्मय, पूर्णाङ्क ६:पृ.१२-३७

## संक्षेप सूची

| | |
|---|---|
| आ.क्रि. | - आधृत क्रिया |
| एम.ए. | - मास्टर अफ आर्टस |
| को.स.क्रि. | - कोटिसहायक क्रिया |
| क्र.सं. | - क्रमसंख्या |
| क्रि.द्यो. | - क्रियार्थद्योतक |
| डा. | - डाक्टर |
| तृ.पु. | - तृतीय पुरूष |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| द्वि.पु. | - द्वितीय पुरूष |
| द्वि.सं. | - द्वितीय संस्करण |
| पृ. | - पृष्ठ |
| मि.क्रि. | - मिलित क्रिया |
| मु.क्रि. | - मुख्य क्रिया |
| स.क्रि. | - सहायक क्रिया |
| संस्क | - संस्करण |
| सं.क्रि. | - संयुक्त क्रिया |
| वि.सं. | - विक्रम संम्वत् |

**चिह्नसूची**

> - व्युत्पादित

/ - वैकल्पिक

= - तत्समान

+ - विच्छेदित अवयवको योग, छ

¤ - प्रत्ययविहीन स्थिति

* - अप्रयुक्त रूप

- - छैन

.... - केही अंश छोडिएको